# मध्यमकालिन खर्च संरचना

(आ.व.२०८२/८३-२०८४/२०८५)




## मार्मा गाउँपालिका

### गाउँ पालिकाको कार्यालय

लटिनाथ,दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

# मध्यमकालीन खर्च संरचना (आ.व. २०८२/०८३ – २०८४/०८५)

प्रकाशक : मार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सर्वाधिकारः प्रकाशकमा
प्रकाशित मितिः २०८१
प्राविधिक सहयोगः अपि सैपाल विकास मञ्च
काठमाण्डौ महानगरपालिका वडा नं. २९ काठमान्डौं
सम्पर्कका लागिः **गाउँ कार्यपालिकाको कार्यालय**
मार्मा गाउँपालिका, सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.
ईमेलः

मार्मा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लटिनाथ, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.२०८१/०८२
च.नं.

**मन्तव्य**

मध्यमकालीन खर्च संरचना गाउँपालिकाको उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा गाउँ पालिकाको आर्थिक वृद्धि हाँसिल गर्न, आयोजनाहरू र कार्यक्रमहरूलाई प्राथमिकता अनुसार सम्पन्न गर्दै दिगो आर्थिक विकास गर्न तथा न्यायोचित वितरणको लागि महत्वपूर्ण औजारको रुपमा रहेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ सहितको कानूनी प्रावधान बमोजिम तीन वटै तहको सरकारले अनिवार्य रुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ। यहि परिबेशमा मार्मा गाउँपालिकाको आ.व. ०८१/०८२ मा दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना ०८२/०८३-०८४/०८५ तर्जुमा गरी प्रकाशन गरेको छ ।

मध्यमकालीन खर्च संरचनाले आवधिक योजनालाई वार्षिक बजेटसँग र बजेटलाई नतिजासँग आवद्ध गर्दै दीर्घकालीन सोचतर्फ उन्मूख विकास प्रक्रियालाई टेवा दिन्छ। स्थानीय आवश्यकताको सम्बोधन गरी विकास योजनालाई उपलब्धिमूलक तुल्याउन प्राथमिकताको क्षेत्रमा लगानी सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ। साथै मध्यमकालीन खर्च संरचनाले उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई गाउँपालिकाको खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्न यसले सेतुको काम गर्छ। मध्यमकालीन खर्च संरचनाको तर्जुमा कार्य मार्मा गाउँपालिकाको तय गरेका नीति तथा कार्यक्रमका लक्ष्य तथा उद्देश्यहरू हाँसिल गर्नेतर्फ महत्वपूर्ण हुनेछ। दिगो विकास लक्ष्य हाँसिल गर्ने दिशामा टेवा पुयाउने गरी तर्जुमा गरिएको यस दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाले सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी गराई दिगो विकासमैत्री विकास प्रक्रियालाई थप सशक्त तुल्याउने विश्वास लिएको छु। बढ्दो विपद् तथा जलवायुजन्य जोखिमका समस्याहरू सम्बोधनका लागि समेत प्रभावकारी हुने अपेक्षा गरेको छु।
अन्त्यमा, यस मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा संलग्न सम्पूर्ण कर्मचारीहरू र पदाधिकारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यस दस्तावेजले गाउँपालिकाको सर्वाङ्गिण विकासको निम्ति निर्देशित हुनेमा म ढुक्क छु।

(जमन सिंह धामी)
गाउँपालिका अध्यक्ष

मार्मा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लटिनाथ, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.२०८१/०८२
च.नं.

**प्राक्कथन**

मार्मा गाउँपालिकाले मध्यमकालीन खर्च संरचना (०८२/०८३-०८४/०८५) तर्जुमा गरी प्रकाशनमा ल्याएको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार स्थानीय सरकारले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने प्रावधान रहेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, वजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था गरेको छ। स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) को व्यवस्था वमोजिम तर्जुमा गरिएको यस मध्यमकालीन खर्च संरचनाले स्थानीय तहको कानूनी दायित्व निर्वाह गर्नुका साथै प्राथमिकताका क्षेत्रमा बजेट सुनिश्चित गर्न समेत महत्वपूर्ण योगदान पुर्याउने विश्वास लिएको छु।

विश्व जगतलाई प्रभावित गर्ने गरी जलवायुजन्य विषमता एवम् विपद्का घटना र यसको आवृत्ति तथा सघनता निरन्तर बढ्दै गएको छ। विपद् उत्थानशिलताको प्रवर्द्धन र दिगो विकासको राष्ट्रिय लक्ष्य प्राप्तिका सन्दर्भमा दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नु एउटा सान्दर्भिक कार्यका रुपमा रहेको छ। दिगो विकास लक्ष्यहरू विश्वका साझा हितका विषय हुनुका साथै स्थानीय सरकारका काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीसँग प्रत्यक्ष सम्बन्धित विषयहरूका रुपमा रहेका छन्। दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाको तर्जुमाले स्थानीय सरकारको विकास प्रयत्नलाई दिगो विकास उन्मुख गराउन सहयोगी हुने अपेक्षा गरेको छु ।

मध्यमकालीन खर्च संरचनाको तर्जुमाबाट यस गाउँपालिकाको सार्वजनिक वित्त व्यवस्थापनमा विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासनको सिद्धान्तलाई आत्मसात गरी गाउँपालिकाको विकास समग्र प्रकृयालाई दिगो विकास लक्ष्य उन्मुख बनाउन सहयोगी पुग्ने विश्वास लिएको छु। अन्तमा,यस मध्यमकालीन खर्च संरचनाको तर्जुमाका लागि सहयोग गर्ने गाउँपालिका कार्यपालिकाका पदाधिकारीहरु, गाउँ कार्यपालिका कार्यालयका कर्मचारीहरू र सम्बन्ध सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

(..............)
प्रमुख प्रशासकीय अधिकृत

# बिषय सूची पृष्ठ


परिच्छेद एक : परिचय ....1

१.१ पष्ठ भुमि ....1

१.२ मध्यमकालीन खर्च संरचनाको उदेश्य ....1

१.३ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू ....2

१.४ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य ....2

१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ....5

परिच्छेद २: मध्यमकालिन खर्च संरचन ....9

२.१ पृष्ठभूमि ....9

२.२ अवसर तथा चूनौति ....9

२.३ सोच, उद्देश्य तथा रणनीति ....11

२.४ मध्यमकालीन आर्थिक खाका ....11

२.५ मध्यमकालीन नतिजा खाका ....12

२.६ मध्यमकालीन बजेट खाका ....19

२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ....21

२.८ बिषय क्षेत्रगत बाँडफाँट ....24

परिच्छेद ३ : आर्थिक क्षेत्र ....25

३.१ कृषि तथा खाद्य सुरक्षा ....25

३.१.१ पृष्ठभूमि ....25

३.१.२ समस्या तथा चूनौति ....26

३.१.३ सोच ....26

३.१.४ उद्देश्य ....26

३.१.५ रणनीति ....26

३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....27

३.१.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....27

३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन ....27

३.१.९ जोखिम तथा अनुमान ....28

३.२ सिंचाई ....29

३.२.१ पृष्ठभूमि ....29

३.२.२ समस्या तथा चुनौति ....29

३.२.३ सोच ....29

३.२.४ उद्देश्य ....29

३.२.५ रणनीति ....29

३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....29

३.२.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....30

३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन ....30

३.२.९ जोखिम तथा अनुमान ....31

३.३ पशु विकास ....31

३.३.१ पृष्ठभूमि ....31

३.३.२ समस्या तथा चुनौति ....31

३.३.३ सोच ....31

३.३.४ उद्देश्य ....31

३.३.५ रणनीति ....32

३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....32

३.३.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....32

३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन ....33

३.३.९ जोखिम तथा अनुमान ....33

३.४ उद्योग तया व्यापार ....33

३.४.१ पृष्ठभूमि ....33

३.४.२ समस्या तथा चूनौति ....34

३.४.३ सोच ....34

३.४.४ उद्देश्य ....34

३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....35

३.४.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....35

३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन ....35

३.३.९ जोखिम तथा अनुमान ....36

३.५ पर्यटन विकास ....36

३.५.१ पृष्ठभूमि ....36

३.५.२ समस्या तथा चूनौति ....36

३.५.३ सोच ....37

३.५.४ उद्देश्य ....37

३.५.५ रणनीति ....37

३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....37

३.५.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....37

३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन......38
३.५.९ जोखिम तथा अनुमान......38
३.६ भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था......38
३.६.१ पृष्ठभूमि......38
३.६.२ समस्या तथा चूनौति......39
३.६.३ सोच......39
३.६.४ उद्देश्य......39
३.६.५ रणनीति......39
३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य......39
३.६.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान......40
३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन......40
३.६.९ जोखिम तथा अनुमान......40
३.७ श्रम तथा रोजगारी......40
३.७.१ पृष्ठभूमि......40
३.७.२ समस्या तथा चनौति......41
३.७.३ सोच......41
३.७.४ उद्देश्य......41
३.७.५ रणनीति......41
३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य......42
३.७.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान......42
३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन......43
३.७.९ जोखिम तथा अनुमान......43
३.८ गरिबी निवारण......43
३.८.१ पृष्ठभूमि......43
३.८.२ समस्या तथा चनौति......43
३.८.३ सोच......44
३.८.४ उद्देश्य......44
३.८.५ रणनीति......44
३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य......44
३.८.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान......44
३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण......45
३.८.९ जोखिम तथा अनुमान......45
परिच्छेद ४ : सामाजिक क्षेत्र......45

४.१ शिक्षा, विज्ञान तथा प्रविधि.....45
४.१.१ पृष्ठभूमि.....45
४.१.२ समस्या तथा चूनौति.....46
४.१.३ सोच.....47
४.१.४ उद्देश्य.....47
४.१.५ रणनीति.....47
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.....47
४.१.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.....48
४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन.....48
४.१.९ जोखिम तथा अनुगमन.....49
४.२ स्वास्थ्य तथा पोषण.....49
४.२.१ पृष्ठभूमि.....49
४.२.२ समस्या तथा चूनौति.....49
४.२.३ सोच.....49
४.२.४ उद्देश्य.....49
४.२.५ रणनीति.....50
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.....50
४.२.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.....50
४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन.....51
४.२.९ जोखिम तथा अनुगमन.....51
४.३ खानेपानी तथा सरसरफाई.....51
४.३.१ पृष्ठभूमि.....51
४.३.२ समस्या तथा चूनौति.....52
४.३.३ सोच.....52
४.३.४ उद्देश्य.....52
४.३.५ रणनीति.....52
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.....52
४.३.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.....53
४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन.....53
४.३.९ जोखिम तथा अनुगमन.....54
४.४ महिला, बालबालिका तथा लक्षित वर्ग.....54
४.४.१ पृष्ठभूमि.....54
४.४.२ समस्या तथा चूनौति.....54

४.४.३ सोच....55
४.४.४ उद्देश्य....55
४.४.५ रणनीति....55
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....55
४.४.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान....55
४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन....56
४.३.९ जोखिम तथा अनुगमन....56
४.५ युवा तथा खेलकुद....56
४.५.१ पृष्ठभूमि....56
४.५.२ समस्या तथा चुनौति....57
४.५.३ सोच....57
४.५.४ उद्देश्य....57
४.५.५ रणनीति....57
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....57
४.५.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान....58
४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन....58
४.५.९ जोखिम तथा अनुमान....58
४.६ सामाजिक सुरक्षा र पञ्जीकरण....59
४.६.१ पृष्ठभूमि....59
४.६.२ समस्या तथा चूनौति....59
४.६.३ सोच....59
४.६.४ उद्देश्य....59
४.६.५ रणनीति....59
४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....59
४.६.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान....60
४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन....60
४.५.९ जोखिम तथा अनुमान....60
परिच्छेद ५: पूर्वाधार क्षेत्र....61
५.१ आवास, भवन तथा बस्ती विकास....61
५.१.१ पृष्ठभूमि....61
५.१.२ समस्या तथा चूनौति....61
५.१.३ सोच....61
५.१.४ उद्देश्य....61

५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य......61
५.१.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान......62
४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन......62
५.१.९ जोखिम तथा अनुमान......63
५.२ सडक, पुल तथा यातायात......63
५.२.१ पृष्ठभूमि......63
५.२.२ समस्या तथा चूनौति......63
५.२.३ सोच......63
५.२.४ उद्देश्य......63
५.२.५ रणनीति......63
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य......64
५.२.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान......64
५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण......64
५.२.९ जोखिम तथा अनुमान......65
५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा......65
५.३.१ पृष्ठभूमि......65
५.३.२ समस्या तथा चूनौति......65
५.३.३ सोच......65
५.३.४ उद्देश्य......65
५.३.५ रणनीति......66
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य......66
५.३.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान......66
५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण......67
६.३.९ जोखिम तथा अनुमान......67
५.४ सूचना, सञ्चार तथा प्रविधि......67
५.४.१ पृष्ठभूमि......67
५.४.२ समस्या तथा चूनौती......68
५.४.३ सोच......68
५.४.४ उद्देश्य......68
५.४.५ रणनीति......68
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य......68
५.४.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान......68
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण......69

५.४.९ जोखिम तथा अनुमान......69
परिच्छेद ६ : वातावरण तथा विपद् व्यवस्थापन......69
६.१ वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता......69
६.१.१ पृष्ठभूमि......69
६.१.२ समस्या तथा चूनौति......70
६.१.३ सोच......70
६.१.४ उद्देश्य......70
६.१.५ रणनीति......70
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य......70
६.२.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान......71
६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण......71
६.१.९ जोखिम तथा अनुमान......71
६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन......71
६.२.१ पृष्ठभूमि......71
६.२.२ समस्या तथा चुनौति......71
६.२.३ सोच......72
६.२.४ उद्देश्य......72
६.२.५ रणनीति......72
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य......72
६.२.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान......72
६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण......73
६.२.९ जोखिम तथा अनुमान......73
६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन......73
६.३.१ पृष्ठभूमि......73
६.३.२ समस्या तथा चूनौति......74
६.३.३ सोच......74
६.३.४ उद्देश्य......74
६.३.५ रणनीति......75
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य......75
६.३.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान......75
६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण......76
६.३.९ जोखिम तथा अनुमान......76
परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र......77

७.१ नीति, कानून, न्याय तथा सुशासन ....77
७.१.१ पृष्ठभूमि ....77
७.१.२ समस्या तया चूनौति ....77
७.१.३ सोच ....77
७.१.४ उद्देश्य ....77
७.१.५ रणनीति ....77
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....77
७.१.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....78
७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....78
७.१.९ जोखिम तथा अनुमान ....78
७.२ संगठन, मानव संसाधन र क्षमता विकास ....78
७.२.१ पृष्ठभूमि ....78
७.२.२ समस्या तथा चूनौति ....79
७.२.३ सोच ....79
७.२.४ उद्देश्य ....79
७.२.५ रणनीति ....79
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....79
७.२.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....80
७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....80
७.२.९ जोखिम तथा अनुमान ....80
७.३ राजस्व तथा स्रोत परिचालन ....80
७.३.१ पृष्ठभूमि ....80
७.३.२ समस्या तथा चूनौति ....81
७.३.३ सोच ....81
७.३.४ उद्देश्य ....81
७.३.५ रणनीति ....81
७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....81
७.३.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....81
७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....82
७.३.९ जोखिम तथा अनुमान ....82
७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ....82
७.४.१ पृष्ठभूमि ....82
७.४.२ समस्या तथा चूनौति ....83

७.४.३ सोच.....83
७.४.४ उद्देश्य.....83
७.४.५ रणनीति.....83
७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.....83
७.४.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.....84
७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण.....84
७.४.९ जोखिम तथा अनुमान.....84
अनुसूची १ः मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमासम्बन्धी मार्गदर्शन.....84
अनुसुची २ विषय क्षेत्रगत बजेट सीमा.....87

<u>तालिका सूची</u>

तालिका २.१ :मध्यमकालीन नतिजा समष्टिगत आर्थिक खाका तथा लक्ष्य.....१२
तालिका २.२ प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्यहरु.....१२
तालिका २.३ः त्रिवर्षिय बजेट विनियोजन र प्रक्षेपण (रकम रू हजारमा).....१९
तालिका २.४ः प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण (रू. हजारमा.....२१
तालिका २.५ः दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण रू. हजारमा).....२१
तालिका २.६ः लौंगिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण(रू. हजारमा).....२३
तालिका २.७ः जलवायु सङ्केतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा).....२३
तालिका २.८ः गाउँपालिकाका गौरवका आयोजना.....२३
तालिका २.९ आगामी आ.व. को बिषय उप-क्षेत्रगत खर्चको बाँडफाँट प्रक्षेपण(रकम रू. हजारमा).....२४
तालिका ३.१. : कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.....२७
*तालिका ३.२ : कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*.....२७
*तालिका ३.३: कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*.....२७
*तालिका ३.४. : सिंचाई उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*.....२९
*तालिका ३.५ : सिंचाई उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*.....३०
तालिका ३.६: सिंचाई उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण.....३०
*तालिका ३.१. : पशु विकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*.....३२
*तालिका ३.८ : पशु विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*.....३२
*तालिका ३.९: पशुन विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*.....३३
*तालिका ३.१०. : उद्योग तथा व्यपार उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*.....३५
*तालिका ३.११ : उद्योग तथा व्यापार उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*.....३५
*तालिका ३.१२: उद्योग तथा व्यापार उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*.....३५
*तालिका ३.१३: प्रर्यटन तथा संकृति उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*.....३७
*तालिका ३.१४ : पर्यटन तथा संस्कृति उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*.....३७
*तालिका ३.१५: पर्यटन तथा संस्कृति उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*.....३८
*तालिका ३.१६ : भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*.....३९

तालिका  ३.१७ : भूमि व्यवस्था सहकारी तथा वित्तीय व्यवस्था उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान.............................४०
तालिका  ३.१८: भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण...............४०
तालिका  ३.१९ : श्रम तथा रोजगारी उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान.........................................................४२
तालिका  ३.२० : श्रम तथा रोजगारी उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान...........................................................४२
तालिका  ३.२१: श्रम तथा रोजगारी उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण.................................................४३
तालिका  ३.२२ : गरिबी निवारण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान..............................................................४४
तालिका  ३.२३ : गरिवी निवारण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान...................................................................४४
तालिका  ३.२१: गरिवी निवारण उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण......................................................४५
तालिका  ४.१ : शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य...........................................४७
तालिका  ४.२ : शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान.......................................................४८
तालिका  ४.३: शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण.........................................४८
तालिका  ४.४ : स्वास्थ्य तथा पोषण उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.......................................................५०
तालिका ४.५ : स्वास्थ्य तथा पोषण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान..............................................................५०
तालिका  ४.६: स्वास्थ्य तथा पोषण उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण..................................................५१
तालिका  ४.७: खानेपानी तथा सरसफाई उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य..................................................५२
तालिका  ४.८ : खानेपानी तथा सरसफाई उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान......................................................५३
तालिका  ४.९: खानेपानी तथा सरसफाई उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण.........................................५३
तालिका  ४.१०: महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य...........................५५
तालिका  ४.११ : महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान.................................५५
तालिका १४.१२: महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण.........................५६
तालिका  ४.१३ : युवा तथा खेलकुद उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य......................................................५७
तालिका  ४.१४ : युवा तथा खेलकुद उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान...............................................................५८
तालिका  ४.१५: युवा तथा खेलकुद उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण..................................................५८
तालिका  ४.१६ : समाजिक सुरक्षा तथा पञ्जिकरण उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.................................६०
तालिका  ४.१७ : समाजिक सुरक्षा तथा पञ्जिकरण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान.........................................६०
तालिका  ४.१८: समाजिक सुरक्षा तथा पञ्जिकरण उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण...............................६०
तालिका  ५.१: भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको नतिजा सूचक तथा.....................................................................६१
तालिका  ५.२ : भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान.............................................६२
तालिका  ४.१८: भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण.............................६२
तालिका  ५.४: सडक, पुल तथा यातायात उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.................................................६४
तालिका  ५.५ : सडक, पुल तथा यातायात उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान.......................................................६४
तालिका  ५.६: सडक, पुल तथा यातायात उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण..........................................६४
तालिका  ५.७ : जलस्रोत, विद्युत र स्वच्छ उर्जा उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन तक्ष्य.......................................६६
तालिका  ५.८ : जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान.........................................६७
तालिका  ५.९: जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण...............................६७
तालिका  ५.१० : सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन तक्ष्य.............................................६८
तालिका  ५.११ : सूचन, संचार र प्रविधि उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान............................................................६८

तालिका ५.१२: सूचना, संचार तथा प्रविधि उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण........................................६९
तालिका ६.१ :वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन तक्ष्य........................७०
तालिका ६.२ :वह, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान................................७१
तालिका ६.३: वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण..................७१
तालिका ६.४: वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.............................७२
तालिका ६.५ : वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान.......................................७२
तालिका ६.६: वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण..........................७३
तालिका ६.७ : विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन उप-क्षेत्रको नतिजा सूचक तथा..................................................७५
तालिका ६.८ : विपद व्यवस्थापन तथा जलवायु अनुकूलन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान................................७५
तालिका ६.८: विपद व्यवस्थापन तथा जलवायु अनुकूलन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण......................७६
तालिका ७.१ : नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन तक्ष्य.....................................७७
तालिका ७.२ : नीति,कानून, न्याय तथा सुशासन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान.............................................७८
तालिका ७.३: नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण................................७८
तालिका ७.४: संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.......................७९
तालिका ७.५ : संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान...............................८०
तालिका ७.६: संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण....................८०
तालिका ७.७ : राजस्व तथा स्रोत परिचालन उप-क्षेत्रको नतिजा सूचक तथा................................................................८१
तालिका ७.८ : राजस्व तथा स्रोत परिचालन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान..................................................८१
तालिका ७.९: राजस्व तथा स्रोत परिचालन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण......................................८२
तालिका ७.१० : तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको नतिजा सूचक तथा................................................८३
तालिका ७.११ : तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान................................८४
तालिका ७.१२: तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण....................८४

# परिच्छेद एक : परिचय

## १.१ पष्ठ भुमि

नेपालको संविधान २०७२ को कार्यान्वयन, समद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय दिर्घकालिन लक्ष्य, पन्ध्रौ योजना र दिगो विकासका लक्ष्य तथा सुदूरपश्चिम प्रदेश सरकारको प्रदेशको आवधीक योजना र यसले लिएका लक्ष्य तथा गाउँपालिकाको आवधिक योजनाले लिएका लक्ष्यहरु हासिल गर्न वित्त व्यवस्थापनको महत्तोपुर्ण भुमिका रहन्छ।वि.सं. २०८७ सम्म मुलुकलाई मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्ने तथा वि.सं. २१०० सम्म समुन्नतमुलुकको रुपमा स्तरोन्नति गर्न गाउँपालिका स्तरबाट समेत भूमिका खेल्नुपर्ने हुन्छ जसको लागि सार्वजनिक खर्चको प्रभावकारी र मितव्ययी ढंगले उपयोग गर्नु आवश्यक छ ।गाउँपालिकाको आवधिक योजना र वार्षिक बजेट बीच तालमेल मिलाई सुदूरपश्चिम प्रदेश सरकारले लिएको लक्ष्य समेतलाई मध्यनजर गरी गाउँपालिकालाई समन्नुत, आत्मानिर्भर बनाउन तथा प्राप्त श्रोतहरुको न्यायोचित वितरणको व्यवस्था गर्न, खर्चलाई पारदर्शी मितव्ययी ढंगले परिचालन गर्न मध्यमकालिन खर्च संरचनाले आवश्यक सुधार ल्याउँछ।अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च तयार गर्नुपर्नेछ भन्ने 'उल्लेख गरिएको छ । उक्त खर्च संरचनामा प्रस्तावित योजनाको उद्देश्य, प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुटयाउन आवश्यकताको पुष्ठायिलाई, प्रस्तावित योजना कार्यान्वन हुन सक्ने आर्थिक वर्ष र त्यसपछि का दई्‌ आर्थिक वर्षमा प्राप्त हनु सक्ने प्रतिफल र उपलब्धि , प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, खर्च व्यहोर्ने श्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रति फल र उपलब्धीको प्रक्षेपण, प्रस्तावित योजनाको मध्यम अवधीको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसंगको तादात्म्यता, सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुटयाईएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण जस्ता विषय समावेश गर्नुपर्ने कुरा उल्लेख गरिएको छ ।मध्यमकालीन खर्च संरचना तयार गर्दा गाउँपालिकामा आयोजनाहरुको प्राथमिकीकरण गर्ने योजना तर्जुमा सम्बन्धी दीग्दर्शनमा उल्लेखित आयोजनाहरुको प्राथमिकीकरण गर्ने विधी द्वारा आयोजनाहरुको प्राथमिकीकरण गरीएको छ।गाउँपालिकामा उपलब्ध तथ्याङ्कहरुको प्रयोग गरिएको छ भने प्रमखु रुपमा आवधिक योजनालाई मध्यनजर गरी आ.व. २०८२/०८३ देखि लागू हुने गरी खर्च संरचनाको खाका तयार गरिएको छ।जसमा पहिलो वर्षको खर्च र श्रोत अनुमानको बार्षिक बजेटसंग तादात्म्यता रहेको छ र बाकी २ वर्षको अनुमानित प्रक्षेपण गरिएको छ।पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि त्यसको समिक्षा गरी अनुमानित गरिएको दोस्रो बर्षको बजेटलाई आवश्यक संशोधन गरी तयार गरिन्छ भने नयाँ एक वर्षको खर्च खाका प्रक्षेपण गरी थप गरिन्छ।

## १.२ मध्यमकालीन खर्च संरचनाको उदेश्य

गाउँपालिकाको उपलब्ध स्रोत तथा साधन र आवश्यकताका आधारमा सार्वजनिक खर्च व्यवस्थापनमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन कायम गर्नु मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

क) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाई नेपालले निर्धारण गरेका लक्ष्य सन् २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्ने ।

(ख) संघ तथा प्रदेशका आवधिक विकास योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउन बजेट खाका, नतिजा खाका र वित्तीय खाका तयार गर्नु,
(ग) दिगो विकासलाई टेवा पुर्याउने आयोजनाहरूलाई प्राथमिकीकरणका आधारमा स्रोतको सुनिश्चितता गर्नु,
(घ) स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अबधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु
(ङ) सार्वजनिक खर्चलाई प्रभाबकारी एवम् कुशल वनाइ लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

### १.३ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू

यस मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छः

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तर-सरकार वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा सौह्रौ राष्ट्रिय योजना
- सुदूपश्चिम प्रदेशको पहिलो आवधिक विकास योजना (२०७८/७९-२०८२/८३)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०८१/०८२)
- मार्मा गाउँपालिकाको नीति तथा कार्यक्रम २०८१/०८२

### १.४ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५ औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य हो।सहस्राब्दी विकास लक्ष्य (MDGs) मा आधारित रही तर्जुमा गरिएको दिगो विकास लक्ष्य (SDGs) मा सन् २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तव्य र २३२ बटा सूचक निर्धारण गरिएका छन्।यी दिगो विकास लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन् । नेपालको दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपालीसँग सम्बन्धित राष्ट्रिय लक्ष्यहरू पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन्।यसर्थ पनि सबै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नुपर्ने आवश्यकता रहेको छ। यसका अतिरिक्त, दिगो विकास लक्ष्यलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ ।

स्थानीय सरकारहरू नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष संलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरुपमा जोडिएका हुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण रहेको छ। उदाहरणका लागि सबै क्षेत्रबाट सबै किसिमका गरिवीको अन्त्य गर्नु दिगो विकास लक्ष्य-१ हो; यो लक्ष्य हासिल गर्ने सन्दर्भमा गरिबीमा रहेको जनसङ्ख्याको पहिचान गर्न र स्रोत तथा सार्वजनिक वित्तलाई सम्बन्धित गरिब व्यक्ति/समुदायसम्म केन्द्रित गर्न स्थानीय सरकारको भूमिका तुलनात्मक रुपमा बढी प्रभावकारी हुने

भएकाले दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरूको भूमिका अहम् छ। नागरिकहरूसँग प्रत्यक्ष जोडिनुका अतिरिक्त संवैधानिक अधिकार र जिम्मेवारीका हिसाबले पनि दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय तहहरूको भूमिका महत्वपूर्ण छ। सेवा प्रवाह र स्थानीय पूर्वाधार विकासलगायतका कार्यजिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहन गएको छ। साथै, सरकारको एकल प्रयासले मात्र पनि दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन। यसका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकासका सरोकारवाला बीचमा साझेदारी हुनु पनि उत्तिकै जरुरी छ।
दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु आवश्यक छ। अन्तर्राष्ट्रियस्तरमा सहमती भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो। नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ। जसअनुसार आय वृद्धि, गुणस्तरीय मानवीय पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ । सङ्घ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुर्याउने योगदानको आंकलन गरी समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य प्राप्तीतर्फ उन्मुख गराउने प्रयास हुँदै आएको छ। दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन ( नमूना) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रबलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास लक्ष्य अनुरुपको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पुँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ ।

सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तीतर्फ उन्मुख हुने गरी लगानी नगरेसम्म दिगो विकासको अपेक्षित उपलब्धी हासिल नहुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको अहम् भूमिका रहेको छ। यसर्थ, स्थानीय तहहरूले दिगो विकास लक्ष्य प्राप्तीमा योगदान गर्न सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यका प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गर्नु आवश्यक हुन गएको छ। लगानी विना दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने र सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण संरक्षणमा लगानीको मुख्य स्रोत सार्वजनिक वित्त भएकाले स्थानीय तह लगायत प्रदेश र सङ्घस्तरमा समेत दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको मुख्य भूमिका रहेको छ। दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि वार्षिक रुपमा नेपाललाई औसत रु. २०२४.८ अर्व आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण गरिएको छ। यस आँकडाबाट पनि दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक क्षेत्र तथा सार्वजनिक वित्तको भूमिका अहम् रहेको देखिन्छ।

सबैजसो दिगो विकास लक्ष्यहरू स्थानीय सरकारका कानुनी कार्य जिम्मेवारी भित्र र जन अपेक्षालाई सम्बोधन गर्ने किसिमका रहेका छन्। दिगो विकास लक्ष्य-१ (शून्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य), लक्ष्य-८ ( मर्यादित काम तथा आर्थिक वृद्धि) र लक्ष्य-१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । संविधानले स्थानीय तहहरूलाई स्थानीय वजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमन सम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ। यसर्थ, स्थानीय सरकारका उक्त जिम्मेवारीहरू दिगो विकास लक्ष्य १. लक्ष्य २, लक्ष्य ८ र लक्ष्य १० सँग सम्बन्धित छन्।
स्थानीय सरकारको अर्को महत्त्वपूर्ण कार्यक्षेत्र सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चारवटा प्रमुख क्षेत्र पर्दछन्।यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन्।सामाजिक विकाससंग दिगो विकास लक्ष्यका चारवटा लक्ष्य, लक्ष्य-३ (स्वस्थ जीवन), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष्य- ५ (लैगिक समानता) र लक्ष्य-६ (स्वच्छ खानेपानी तथा सरसफाइ) का लागि आवश्यक बजेटको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको छ ।

स्थानीय तहको अर्को कार्यक्षेत्र पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य-९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा) पर्दछन्। वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य-१२ दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य-१३ जलवायु सम्बन्धी कार्य), र लक्ष्य-१५ (जमिनमाथिको जीवन) जोडिएका छन् । यसरी, दिगो विकास लक्ष्य र स्थानीय सरकारका कार्यक्षेत्रमा ठूलो हदसम्म समानता रहेको छ। स्थानीय सरकारले आफ्नो प्राथमिकताका आयोजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानुनी अनिवार्यता हुनु र स्थानीय सरकारका प्राथमिकताका क्षेत्रहरू दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचनाबीच पनि प्रत्यक्ष सम्बन्ध रहेको छ ।

उपर्युक्त पृष्ठभूमिमा मार्मा गाउँपालिकाको यस मध्यमकालीन खर्च संरचनालाई पनि दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ।यसका लागि दिगो विकासका लक्ष्य तथा सूचकहरू र यस मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा सूचकहरूबीच अधिकतम सामञ्जस्यता/एकरुपमा कायम गर्ने प्रयास छ।यसमा प्रस्तुत आर्थिक खाका तथा नतिजा खाकामा प्रस्तुत सबै सूचकहरूले प्रत्यक्ष वा परोक्ष रुपमा दिगो विकास लक्ष्यका सूचकहरूलाई कुनै न कुनै रुपमा योगदान गर्दछन्।दिगो विकास लक्ष्यको आधारमा बजेटको बाँडफाँटको अवस्था अध्ययन गरी योजना अवधिमा कुन-कुन दिगो विकास लक्ष्यमा के कति बजेट प्राप्त हुन सक्छ भनी पूर्वानुमान तथा प्रक्षेपण गरिएको छ।यस मध्यमकालीन खर्च संरचनामा प्रस्तुत विषय उप- क्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिहरू प्रत्यक्ष वा परोक्षरुपमा दिगो विकास लक्ष्यलाई नै योगदान पुर्‍याउने खालका रहेका छन्। समस्या तथा चुनौतिहरूको विश्लेषण गर्ने क्रममा दिगो विकास लक्ष्य हासिल गर्नमा रहेका समस्या चुनौतीहरूलाई पनि आवश्यकता अनुसार विश्लेषण गरिएको छ।दिगो विकास लक्ष्य प्राप्तीमा योगदान पुर्याउने आयोजना तथा कार्यक्रमहरू र दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई प्राथमिकीकरण गरी लगानीको सुनिश्चितता

गर्ने कार्यलाई पनि यस मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा विशेष ध्यान दिइएको छ। समग्रमा यस मध्यमकालीन खर्च संरचनालाई अधिकतम रुपमा दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ ।

### १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित), स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण श्रोत पुस्तिका, २०७९ र स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी श्रोत पुस्तिका, २०७९ लाई आधारमानी यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गरिएको छ। यस मध्यमकालीन खर्च संरचना तयारीको विधि तथा प्रकृयालाई निम्न बमोजिमका उप-शिर्षकहरूमा प्रस्तुत गरिएको छ :

**चरण १ : तयारी चरण**

**प्रक्रिया १: प्राविधिक टोली गठन, अभिमूखीकरण र परिचालन**

मध्यमकालीन खर्च संरचना तयारीको प्रारम्भमा प्राविधिक सहयोग टोली गठन गरी अभिमूखीकरण एवं परिचालन गरियो। तोकिएका गाउँपालिका एवम् गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तयारीमा सहयोग एवम् सहजीकरणलाई सार्थक र प्रभावकारी तुल्याउने उद्देश्यले छलफल कार्यक्रम आयोजना गरिएको थियो। उक्त छलफल कार्यक्रममा मध्यमकालीन खर्च संरचनाको अवधारणा, तयारी प्रक्रिया ढाँचा एवं औजारहरूको सम्बन्धमा प्राविधिक सहयोग टोलीका सदस्यहरूबीच समान धारणा निर्माण गरिएको थियो। कार्यशालाको सहजीकरण सम्बन्धित विषयका विषय विज्ञहरूद्धारा गरिएको थियो। सो छलफल कार्यक्रममा मध्यमकालीन खर्च संरचना तयारीका लागि गर्नुपर्ने कार्य, समय सीमा, भूमिका एवं जिम्मेवारी सम्बन्धमा प्राविधिक सहयोग टोलीका सदस्यहरू माझ छलफल गरी समान बुझाई कायम गरिएको थियो।

**प्रक्रिया २: नीतिगत, कानूनी दस्तावेज एवं उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा**

सन्दर्भ सामग्रीको समीक्षाका लागि सङ्घीय, प्रदेश एवम् स्थानीय तहका योजना सहित उपयोगी नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका अन्य सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो। सन्दर्भ सामग्रीको अध्ययन गरी मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान गरियो। मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवं समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्रीहरू देहायबमोजिम रहेका छन् :

(क) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
(ग) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदाइत्व ऐन, २०७६ तथा नियमावली, २०७७,
(घ) अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि र नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरण,
(ङ) नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरू,
(च) नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड,
(छ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित),
(ज) स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७,

(झ) नेपाल सरकारको दीर्घकालीन सोच २१००, सौह्रौं राष्ट्रिय योजना, प्रदेश तथा सम्बन्धित स्थानीय सरकारका आवधिक विकास योजनाहरू,

(ञ) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन,

(ठ) सुदूरपश्चिम प्रदेशको पहिलो आवधिक विकास योजना (२०७८/७९-२०८२/८३),

(ड। नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०८१/८२),

(थ) गाउँपालिकाको आ.व. २०७९/०८०-२०८१/८२ का बाषिक बजेट तथा कार्यक्रमहरू

**प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तयारी**

मध्यमकालीन खर्च संरचना तयारीको ढाँचा, औजार र कार्ययोजना तयारी सम्बन्धमा साझा बुझाई कायम गर्ने उद्देश्यले प्रारम्भिक छलफल आयोजना गरियो। मार्मा गाउँपालिका कार्यपालिकाको आयोजनामा सम्पन्न उक्त छलफलमा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारीसम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्वन्धमा प्रस्तुति र छलफल गरी समान बुझाई कायम गरिएको थियो। यस छलफलमा प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य र विभिन्न शाखाका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

**चरण २: लेखाजोखा चरण**

प्रक्रिया ४: अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा समान बुझाइ कायम गर्न छलफलात्मक कार्यक्रम आयोजना गरियो। प्राविधिक सहयोग टोलीको सहजीकरणमा सम्पन्न सो कार्यशालामा स्थानीय सरकारका प्रतिनिधि, कर्मचारी एवं अन्य सरोकारबालाको सहभागिता रहेको थियो। कार्यशालामा मध्यमकालीन खर्च संरचना तयारीको अवधारणा, दिग्दर्शन, विधि, औजार, संस्थागत व्यवस्था र कार्यसूचीलाई प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुभाईमा एकरूपता कायम गरियो। सो कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन र कार्य योजनाको स्वीकृति गरी जिम्मेबारी र भूमिका समेत स्पष्ट गरियो ।

**प्रक्रिया ५: विषयगत समिति तया शाखासँग परामर्श**

आवधिक विकास योजना, विषयगत रणनीतिक योजना र बार्षिक बजेट तथा कार्यक्रमको उपलब्धि समीक्षाका लागि विषयगत समिति/एकाइसँग परामर्श तथा छलफल गरियो। यस परामर्शवाट प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली कार्यक्रम तथा आयोजना, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरियो। सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको सम्बन्धित उप-क्षेत्रगत रूपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

**प्रक्रिया ६: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षीय प्रक्षेपण**

गाउँपालिकाको आन्तरिक श्रोत, राजस्व बाँडफाँटबाट प्राप्त श्रोत, अन्तर-सरकारी वित्तीय हस्तान्तरणवाट प्राप्त श्रोत लगायतका विभिन्न स्रोतवाट उपलव्ध हुने रकमलाई विगत आर्थिक वर्षहरूको श्रोतको उपलब्धता एवं भावि सम्भाव्यताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो। विगत आर्थिक बर्षहरूको खर्चको प्रवृत्ति सहित चालु तथा बहुवर्षीय आयोजना र प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो। श्रोत तथा खर्च प्रक्षेपणका

आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरियो।यसरी निर्धारण तयार वजेट सीमालाई सबै विषय शाखा/एकाइमा विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलव्ध गराइयो ।

**चरण ३ : तयारी चरण**

**प्रक्रिया ७ क्षेत्रगत योजना तर्जुमा**

विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयारीका लागि विषय क्षेत्रगत योजना तर्जुमा गरियो।प्राविधिक सहयोग टोलीका परामर्शदाताबाट विषयगत शाखा/एकाईका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरूको सहभागितामका छलफल गरियो।छलफलबाट सबै उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना र कार्यक्रमको पहिचान, प्राथमिकता निर्धारण, लागत अनुमान एकिन र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गरियो।कार्यशालाबाट विषयगत रूपमा प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैङ्गिक तथा जलवायु सङ्केतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको साङ्ङ्केतीकरण समेत गरियो ।

**प्रक्रिया ८: विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी**

विषयगत शाखा/एकाइलाई प्राविधिक सहयोग टोलीका परामर्शदाताको सहयोग तथा सहजीकरण गरी बजेट सीमा तथा मार्गदर्शनका आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी गरियो। विषय क्षेत्रगत योजना तर्जुमा कार्यशालाको निष्कर्षको आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई तयार गरियो। विषयगत शाखा/एकाईको अग्रसरता तथा प्राविधिक सहयोग टोलीको सहयोगमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन संरचनाको मस्यौदा तयार गरियो। यसरी तयार भएको विषयगत क्षेत्र मध्यमकालीन संरचनाको दस्तावेजलाई विषयगत समितिमा थप छलफल तथा प्रमाणीकरणका लागि पेश गरियो ।

**प्रक्रिया ९: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी**

विषय क्षेत्रगत रूपमा तयार भएको मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी निर्धारित ढाँचामा मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेज तयार गरियो। मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसंग परामर्श गरी प्राविधिक सहयोग टोलीका परामर्शदाताको सहयोगमा मध्यमकालीन खर्च सरचनाको मस्यौदा दस्तावेज तयार गरियो। मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषयगत क्षेत्रको स्थिति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान र कार्यक्रम/आयोजनाको सारंस समावेश गरी तयार गरिएको छ ।

**चरण ४: सुझाव संकलन तथा अन्तिम दस्तावेज तयारी चरण**

**प्रक्रिया १० : मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेज प्रस्तुति तथा सुझाव संकलन**

मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजलाई सरोकारवालाहरू माझ प्रस्तुत गरी सुझाव संकलन गरियो।यस प्रयोजनका लागि बैठकको समेत आयोजना गरी सरोकारवालाबाट सुझाव तथा पृष्ठपोषण हासिल गरियो।उक्त बैठकमा गाउँपालिका कार्यपालिका तथा विषयगत समितिका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका प्रमुख र स्थानीय विकासका सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

मस्यौदा दस्ताबेजलाई प्रस्तुत गरी कार्यक्रम तथा आयोजना, प्राथमिकता, स्रोत बाँडफाँट, स्रोत विनियोजन तथा साङ्केतीकरण समेत मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजमा सुझाब तथा पृष्ठपोषण प्राप्त गरियो ।

**प्रक्रिया ११ : मध्यमकालीन खर्च संरचनाको अन्तिम प्रतिवेदन तयारी र स्वीकृति**

मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजमा प्राप्त सुझाव तथा पृष्ठपोषणलाई यथोचित सम्बोधन गरी अन्तिम दस्तावेज तयार गरियो । यस क्रममा आवश्यक सूचनालाई शाखाहरूसँगको समन्वयमा अद्यावधिक गरिएको थियो ।

उपरोक्त चरण र प्रक्रियाअनुसार तयार गरिएको मध्यमकालीन खर्च संरचनाको अन्तिम दस्तावेजलाई जानकारीको लागि बजेट तथा कार्यक्रम तर्जुमा समितिमार्फत कार्यपालिकामा पेश गरी आवश्यक छलफल र स्वीकृति पश्चात अनुमोदनका निमित्त गाउँ सभामा पेश गरी स्वीकृत भएको छ ।

# परिच्छेद २: मध्यमकालिन खर्च संरचन

## २.१ पृष्ठभूमि

सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण औजारका रूपमा मध्यमकालीन खर्च संरचनाले वित्तीय अनुशासन प्रभाबकारी गराउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ। मध्यमकालीन खर्च संरचनाले प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजनको सुनिश्चिता गर्दछ। नेपालमा दशौं राष्ट्रिय योजनादेखि नै केन्द्रीय तहमा मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयनको अभ्यास थालनी गरिएको हो। वर्तमान सङ्घीय संरचनाको अभ्यास सुरु भए पश्चात अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायतका सङ्घीय कानूनले मध्यमकालीन खर्च संरचना तयारीलाई अनिवार्य गरेको छ। तीन वटै तहको सरकारले प्रत्येक आर्थिक वर्षमा बजेट वर्षको खर्च अनुमानसहित आगामी दुई आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण समेटिएको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने प्रावधान रहेको छ । जस अनुसार चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले तय गरेको दीर्घकालिन सोच र योजनाअनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ ।

दिगो विकास लक्ष्य, चालु सोह्रौं राष्ट्रिय योजना, सुदूरपश्चिम प्रदेश सरकारको प्रथम आवधिक विकास योजना र मार्मा गाउँपालिकाले तय गरेको दिर्घकालिन योजनाका नीति तथा कार्यक्रमलाई यस दस्तावेज तयारीका क्रममा आत्मसात गरिएको छ। जसले दिगो विकासका उपलब्धि हासिल गर्ने दिशामा मध्यमकालीन खर्च संरचनाले गाउँपालिकालाई मार्गदर्शन गर्नेछ । आर्थिक वर्षका (२०८२/८३-२०८४/८५) का लागि तुर्जमा गरिएको मध्यमकालीन खर्च संरचनाले उपरोक्त योजनाहरूको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, दीर्घकालीन सोच, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रूपमा लिइएको छ।यस मध्यमकालीन खर्च संरचनाले गाउँ विकासमा तुलनात्मक लाभका क्षेत्रहरू र प्राथमिकता र विकास कार्यक्रमलाई समेट्ने प्रयास गरिएको छ ।

## २.२ अवसर तथा चूनौति

मार्मा गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरु, आर्थिक अभ्यास र उपलब्ध मानवीय पूँजी तथा पूर्वाधारलगायतको अवस्थालाई हेर्ने होभने यस गाउँपालिकामा आर्थिक, सामाजिक, पूर्वाधार तथा साँस्कृतिक विकासका प्रशस्त सम्भावनाहरुको आँकलन गर्न सकिन्छ।यस गाउँपालिकाका विकासका संम्भावनाहरुलाई देहाय बमोजिमको बुँदाहरुमा प्रस्तुत गरिएको छ ।

क) उन्नत जातका पशुपक्षीको व्यावसायिक पालन र बजारिकरणः यस क्षेत्रका परम्परागत पशुपालक कृषकको अनुत्पादक (निर्वाहमुखी) पशुहरु जस्तैः सामान्य जातका बाखा, भेडा, गाई, भैंसी आदिलाई नश्ल सुधार गरी उन्नत जातका नश्लमा विस्थापित गरी पशुद्वारा उत्पादन हुने मासु तथा दुग्धजन्य पदार्थहरुलाई प्रवर्द्धन गरी थप आर्थिक वृद्धि गर्न सकिन्छ ।

ख) व्यावसायिक तरकारी खेतीः गाउँपालिका भित्रको जलवायु, मौसम, वातावरण तथा माटो परीक्षण गरी पकेट तथा जोन क्षेत्रको विकास गरी व्यावसायिक तरकारी खेतीको प्रचुर सम्भावना देखिन्छ । खोलाका नजिकमा

रहेका खेतबारीहरु लाई उपलब्ध पानीका स्रोतहरुलाई उचित र वैज्ञानिक ढङ्गले सिँचाइको व्यवस्थापन गरी अर्गानिक, मौसमी तथा बेमौसमी व्यावसायिक तरकारी खेतीको प्रवर्द्धन गरी आन्तरिक आवश्यकता परिपूर्ति गर्दै बाँकी रहेका वस्तु बाह्य निकासी गरी कृषकहरुको आर्थिक स्तरमा वृद्धि गर्न सकिन्छ ।

ग) फलफूल क्षेत्रको पहिचान र विकास यहाँ उत्पादन हुने उच्च पहाडी तथा समशितोष्ण हावापानीमा हुने खालका सुन्तला, कागती, नास्पाती, मौसम, केरा, आँप, मेवा, कालो अंगुर, आरुबखडा, ओखर, अम्बा, आरु आदि फलफूलहरुको व्यावसायिक रुपमा उत्पादन तथा वितरण गर्न कृषकहरुलाई प्रोत्साहन गर्न सकिन्छ ।

घ) सामुदायिक तथा व्यक्तिगत जमिनमा जडीबुटी खेती तथा संरक्षण: यस क्षेत्रमा पाइने पदमचाल, टिमुर, पाँचऔले, दालचिनी, सतुवा, अमला, रिठा, चिराइतो जस्ता जडीबुटीहरुको प्रवर्द्धन, उत्पादन, संरक्षण, प्रशोधन गर्नका साथै, यसको महत्व र उपयोगिताबारे प्रचारप्रसार वृद्धि गरी कृषकलाई व्यावसायिक बनाउन प्रोत्साहन गर्न सकिन्छ ।

ङ) बजार क्षेत्रमा सुलभ पहुँचः गाउँपालिकामा विस्तार भएका सडक सञ्जाललाई बाह्रै महिना सञ्चालनमा ल्याउनको लागि स्तरोन्नति गर्नका साथै, थप सडक सञ्जाल विस्तार गर्दा स्थानीय उत्पादन एवं उपभोगलाई प्रवर्द्धन गर्ने गरी प्राथमिकता तोक्न सकिन्छ ।

च) प्राकृतिक खानी उत्खनन् तथा संरक्षणः यस गाउँपालिकाभित्र रहेका फलाम, तामा, सिसा तथा सुन खानीहरुको वैज्ञानिक रुपमा अध्ययन, उत्खनन, प्रशोधन तथा प्रवर्द्धन गरी उद्योगको विकास गर्न सके स्थानीय स्तरमै आयआर्जन र रोजगारीको प्रचुर वृद्धि हुने सम्भावना देखिन्छ ।

छ) वातावरण अनुकूलन कार्यक्रमः वन तथा वातावरण क्षेत्रको दिगो र वैज्ञानिक व्यवस्थापनसहित जलवायु परिवर्तन, बाढी-पहिरो, भू-क्षयबाट पर्नजाने प्रभावको न्यूनीकरण गर्नका लागि वृक्षरोपण गर्ने तथा विकासका प्रयासलाई प्रकृत्तिमैत्री, वातावरण अनुकूल र दिगो बनाउन सकिने सम्भावना छ ।

ज) शैक्षिक सुधार कार्यक्रमः यस गाउँपालिकामा सञ्चालित विद्यालयहरुले दिने शिक्षाको गुणस्तरमा तीव्र वृद्धि गर्दै, विद्यार्थीलाई विद्यालयमा झिकाउने, टिकाउने, पढाउने र योग्य, सक्षम र गुणस्तरीय नागरिक उत्पादन गर्नको लागि आगामी दिनमा क्याम्पस तथा प्राविधिक विद्यालयहरु स्थापना गरी यहाँका नागरिकलाई व्यवहारिक तथा जीवन उपयोगी शिक्षा प्रदान सकिन्छ ।

झ) कला संकृतिको जगेनां र पर्यटकीय क्षेत्रको विकासः गाउँपालिका स्तरमा रहेका धार्मिक तथा पर्यटकीय क्षेत्र, स्थानीय मगरात तथा अन्य कला, संस्कृति, भाषा, साहित्य लगायत अन्य स्थानीय सम्पदाहरुको संरक्षण, विकास र प्रवर्द्धन गर्दै सम्भावित स्थानहरुमा होमस्टे (घरबास कार्यक्रम) स्थापना गर्नाले गाउँपालिकालाई पर्यटकीय क्षेत्रको रुपमा प्रचारप्रसार गर्न सकिन्छ ।

ञ) जल उपयोग गुरुयोजना र विकासः यहाँका सम्भावित क्षेत्रमा लघु जलविद्युत उत्पादन तथा वैकल्पिक नवीकरणीय ऊर्जाको प्रयोगबाट आत्मनिर्भर बन्नुका साथै, विद्युतीय सेवा उपलब्ध गराउने गाउँपालिकाको रुपमा स्थापित गर्न सकिन्छ ।

ट) खानेपानी तथा सरसफाइः गाउँपालिकाको सम्पूर्ण वडाको सम्पूर्ण टोलमा खानेपानी तथा थोपा सिँचाइ, साना सिंचाइ, ठूला सिंचाइ (तटिय भागहरुमा) को विस्तार गरी कृषकहरुले आवश्यक पर्ने मौसमी तथा बेमौसमी तरकारी तथा खाद्यान्न उत्पादनमा सहजता ल्याई जनताको जीवनस्तर माथि उठाउन सक्ने सम्भावना देखिन्छ ।

ठ) विपद् जोखिम व्यवस्थापन गरी उत्थानशील समाजको विकासः भूकम्प, बाढीपहिरो तथा हावाहुरीजस्ता प्राक्तिक जोखिमबाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्न तत्काल उद्धार तथा राहत वितरण कार्यमा तदारुकता देखाई प्रकोपबाट बच्नको लागि आवश्यक अनुसार चेतनामूलक कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्न सकिन्छ ।

ड) सुशासन, समावेशीकरण र सामाजिक न्यायको प्रवर्द्धनः गाउँपालिका तथा यसभित्र रहेका सम्पूर्ण वडा समितिबाट प्रदान गरिने सबै खालका कामकारवाहीलाई सेवामुखी र उत्तरदायी बनाउन सूचकसहित अनुगमन तथा मूल्याङ्कन गरी त्यसको परिणाम प्रत्येक चौमासिकमा सञ्चारकर्मी, मानव अधिकारवादी, नागरिक समाज तथा आमजनता माझ सार्वजनिक गर्ने उल्लेख छ। यसका साथै, गाउँपालिका ऐन, नीति, नियम, निर्देशिका तथा मापदण्ड पूर्णरुपमा नियमसंगत तरिकाले अक्षरशः पालना गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ ।

### २.३ सोच, उद्देश्य तथा रणनीति

मध्यमकालीन खर्च संरचना तयारीमा गाउँपालिकाको दीर्घकालिन सोच, वार्षिक बजेट तथा कार्यक्रमलाई प्रमुख आधारको रूपमा लिइएको छ। गाउँ विकासको सोच, लक्ष्य उद्देश्य तथा रणनीति देहाय बमोजिमका उप-शिर्षकहरूमा प्रस्तुत गरिएको छ :

#### २.३.१ दीर्घकालीन सोच

नेपाल सरकारले लिएको **'सुशासन, सामाजिक न्याय र समृद्धि"**र सुदूरपश्चिम सरकारले लिएको **"आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम"** दीर्घकालीन सोचसँग तादात्म्यता हुने गरी तयार गरिएको मार्मा गाउँपालिकाको दीर्घकालीन सोच देहायअनुसार रहेको छ :

**"जलश्रोत,जडिबुटी,पर्यटन एवंम् पूर्वाधारको विकास, समग्र मार्मा गाउँपालिकाको समृद्धि र विकासमा हाम्रो प्रयास"**

#### २.३.२ गाउँ विकास लक्ष्य

गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक, वातावरण, संस्थागत सेवा प्रवाह, वित्तीय व्यवस्थापन र सुशासनमा अभिवृद्धि गरी गाउँबासीको जीवन स्तरमा सुधार आएको हुने ।

#### २.३.३ गाउँ विकासको उदेश्य

१. व्यवसायिक कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ,

२. वातावरण मैत्री पूर्वाधार विकासको माध्यमद्धारा पर्यटन र आर्थिक सामाजिक विकासको आधारशिला तयार गर्नु,

३. गाउँवासीलाई गुणस्तरीय शिक्षा तथा स्वास्थ्यको पहुँच सुनिश्चित गर्नु,

४. शासकीय सुशासनको अभिवृद्धि गर्नु,

५. दक्ष मानव स्रोतको विकास, विस्तारित रोजगारी, लैङ्गिक समानताद्धारा उच्च आर्थिक वृद्धि हासिल गर्नु ।

## २.४ मध्यमकालीन आर्थिक खाका

*तालिका २.१ :प्रमुख समष्टिगत तथा विषयगत सुचक तथा लक्ष्य*

| क्र.सं | सूचक/लक्ष्य | एकाई | २०८०/८१ को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| १. | गरिबीको रेखामुनि रहेका जनसंख्या | प्रतिशत | | | | |
| १.१ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | | | | |
| १.२ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन | के.जी. | | | | |
| २. | उद्योगबाट रोजगार प्राप्त गर्ने | संख्या | | | | |
| ३. | उपभोगमा आधारित असमानता | अंक | | | | |

## २.५ मध्यमकालीन नतिजा खाका

*तालिका २.२ प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्यहरु*

| सुचक | आर्थिक वर्ष २०८१/०८२ | मध्यमकालिन लक्ष्य |
|---|---|---|
| १. आर्थिक विकास | | |
| क. कृषि | | |
| उत्पादन/बिक्रि | | |
| वार्षिक खाद्यान्न उत्पादन मे.टन | १२९८.२२ मे.टन | १५०० मे.टन |
| ताजा तरकारी उत्पादक कृषक संख्या | ५९० | ६०० |
| वार्षिक ताजा तरकारी उत्पादन मे.टन | १६७ मे.टन | ३०० मे.टन |
| आलु उत्पादक कृषक संख्या | ७०० | ८०० |
| वार्षिक आलु उत्पादन मे.टन | १५६ मे.टन | २५० मे.टन |
| फलफुल उत्पादक कृषक संख्या | १७० | २२० |
| वार्षिक फलफूल उत्पादन मे.टन | ५६२ मे.टन | ६५० मे.टन |
| भटमास उत्पादक कृषक संख्या | ३०० | ४०० |
| वार्षिक भटमास उत्पादन मे.टन | ९ मे.टन | २० मे.टन |
| सिमी उत्पादक कृषक संख्या | १९० | २०० |
| बार्षिक सिमि उत्पादन मे.टन | २०० मे.टन | ५०० मे.टन |
| मह उत्पादक कृषक संख्या | ३० | ७० |
| बार्षिक मह उत्पादन | ०.५ मे.टन | १.२५ मे.टन |
| अन्य मसाला बाली अदुवा, बेसार, लसुन, प्याज उत्पादक कृषक संख्या | २५० | ३०० |
| अदुवा | ४.४ मे.टन | ५.५ मे.टन |
| बेसार | ५ मे.टन | ६ मे.टन |
| लसुन तथा प्याज | ५३ मे.टन | ७५ मे.टन |
| ख. पशुपन्क्षी | | |
| व्यावसायिक गाई भैंसी पालक कृषक संख्या | ५० जना | १०० जना |

| | | |
|---|---|---|
| गाई भैंसीको संख्या | १५० वटा | १७५ वटा |
| वार्षिक दूध उत्पादन | २.५ हजार लिटर | २.७५ हजार लिटर |
| व्यावसायिक बाख्रापालक कृषक परिवार सख्या | १५० परिवार | जम्मा घरधुरीको ६० प्ररतिशत |
| खसी, बाख्रा तथा भेडाको संख्या | १४५०० | १६००० |
| व्यावसायिक कुखुरा पालक कृषक संख्या | १३ जना | २२ जना |
| हाँस, कुखुरा र बट्टाईको संख्या | १५००० वटा | २५००० वटा |
| बङ्गुर पालक कृषक संख्या | ३ जना | १५ जना |
| बङ्गुरको संख्या | ४० वटा | २५० वटा |
| बार्षिक मासु उत्पादन मे.टन मा | ८.५ मे.टन | ९ मे.टन |
| वार्षिक अण्डा उत्पादन (गोटामा) | २००० वोटा | २५०० गोटा |
| ग. सिँचाई | | |
| खेती गरिएको जमिन मध्ये जम्मा सिंचित क्षेत्रफ़ल | ४५ प्रतिशत | ६० प्रतिशत |
| (पूर्ण सिंचित) १२ महिना सिँचाई हुने जमिन | ३० प्रतिशत | ३८ प्रतिशत |
| आशिक सिंचित जमिन | १५ प्रतिशत | २२ प्रतिशत |
| असिन्चित जमिन | ५५ प्रतिशत | ४० प्रतिशत |
| घ. उद्योग तथा बायिज्य | | |
| उद्योग, वाणिज्य तथा व्यावसायिक संस्थाहरुको संख्या वृद्धि गरिने छ | २०० | ३०० |
| उद्यम व्यवसायबाट सिर्जना भएको रोजगारी | ३०० | ४०० |
| विभिन्न उत्पादनको सङ्कलन केन्द्रको संख्या | ५ | ८ |
| पालिकाभित्रका व्यापारिक केन्द्रहरु | ७ | ९ |
| ङ. पर्यटन विकास | | |
| सालान आउने पर्यटक संख्या वृद्धि भएको हुने छ । | तथ्याङ्क नभेटिएको | ७०० |
| पर्यटन व्यवसायी संख्याको संख्या वृद्धि भएको हुनेछ । | ०५ | ३० |
| पर्यटन क्षेत्रले प्रदान गरेको रोजगारी संख्या बढेको हुनेछ | २०० | ३०० |
| च. सहकारी | | |
| जम्मा सहकारी संख्या | १२ | १५ |
| सहकारीमा आबद्ध भएको जनसंख्या | तथ्याङ्क नभेटीएको | जम्मा जनसंख्याको १३ प्रतिशत |
| ऋण लगानी प्रतिशतमा | तथ्याङ्क नभेटीएको | १५ प्रतिशत |
| छ. श्रम तथा रोजगारी | | |
| आर्थिक रूपमा निष्क्रिय रहेकाको संख्या घटाउने | तथ्याङ्क नभेटीएको | २० प्रतिशतमा झार्ने |

| | | |
|---|---|---|
| वैदेशिक रोजगारीमा जानेको संख्या घटाउने | करीब जम्मा जनसंख्याको ३५ प्रतिशत | जम्मा जनसंख्याको १६ प्रतिशतमा झार्ने |
| वैदेशिक रोजगारीबाट सालाना आउने विप्रेषण रु | तथ्याङ्क नभेटीएको | ३ करोड |
| विप्रेषण पाउने परिवार संख्या | जम्मा परीवार संख्याको ३० प्रतिशत | जम्मा परिवार संख्याको १४ प्रतिशत |

| **सामाजिक विकासका लक्ष्य तथा गन्तव्यहरु** | | | | |
|---|---|---|---|---|
| नतिजा तहहरु | सुचकहरु | आधार तथ्याङ्क | मध्यमकालिन लक्ष्य | पुष्ट्याँइका आधार |
| प्रभाव | हालको साक्षरता दरमा वृद्धि | | | |
| असर | प्रारम्भिक बालविकास कुल विद्यार्थि संख्या | २१० | ३०० | गाउँपालिका वस्तुस्थिति विवरण र शिक्षा शाखाबाट प्राप्त तथ्याङ्क |
| | आधारभुत तहको कुल भर्ना विद्यार्थि संख्या | १९०४ | २००० | गाउँपालिका वस्तुस्थिति विवरण र शिक्षा शाखाबाट प्राप्त तथ्याङ्क |
| | माध्यमिक तहको कुल भर्ना विद्यार्थि संख्या | ११८८ | १३०० | गाउँपालिका वस्तुस्थिति विवरण र शिक्षा शाखाबाट प्राप्त तथ्याङ्क |
| | घरमै प्रसुती हुनेको संख्या घटाउने | ०० | १०० | स्वास्थ्य शाखाको प्रतिवेदन |
| | सुरक्षित तथा शुद्ध खानेपानीमा पहुँच पुगेका परिवार संख्या | जम्मा परिवारको करीब ५० प्रतिशत | जम्मा परिवारको ६० प्रतिशत | WASH Unit बाट प्राप्त तथ्याङ्क अनुसार |

| **नतिजाका सुचकहरु** | | |
|---|---|---|
| सुचक | आधार वर्ष २०८०/०८१ | मध्यमकालिन लक्ष्य |
| १. सामाजिक विकास | | |
| क. शिक्षा | | |
| विद्यालय जाने उमेर समूहका बालबालीकामध्ये ५ देखि १६ वर्ष उमेर समूह काको वालवालिका मध्ये हाल विद्यालय नगएका | तथ्याङ्क नभेटीएको | उक्त उमेर समुहका विद्यालय नजाने बालबालिकाहरुको संख्या शुन्यमा ल्याईने छ । |
| आधारभुत तहका विद्यालयहरु | ३८ | ३८ वटै कायम रहनेछन । |
| माध्यमिक तहका विद्यालयहरु | ७ | ७ वटै कायम रहनेछन । |
| ख. स्वास्थ्य | | |
| अस्पताल निर्माण र सञ्चालन | १० सैयाको अस्पताल निर्माणाधिन | १० सैयाको अस्पताल संचालनमा आएको हुनेछ । |

| | | |
|---|---|---|
| स्वास्थ्य चौकीको संख्या | ५ | ६ |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र | १ | १ |
| सामुदायिक स्वास्थ्य इकाइ केन्द्र | ९ | १० |
| गाउँघर क्लिनिकको संख्या | २१ | २२ |
| खोप केन्द्रको संख्या | २५ | २७ |
| बर्थिङ्ग सेन्टरको संख्या | ७ | १० |
| सबैमा गरी स्वास्थ्य कर्मचारी संख्या | ६२ | ८० |
| महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुको संख्या | ४० | ५० |
| ग. खानेपानी तथा सरसफाई | | |
| पाइप/धाराको पानीमा पहुँचको संख्या | २००० | ३००० |
| कुवाको पानीमा भर पर्ने परिवार संख्या | १२०० | १००० |
| मूल तथा खोलाको पानीमा भर पर्ने परिवार संख्या | ५०० | ३०० |
| सार्वजनिक शौचालय संख्या | २ | ४ |
| फोहोरमैला फ्याँक्ने स्थानको संख्या | ०० | १ |
| फ्लस् भएको सेफ्टी ट्याङ्की सहितको शौचालय प्रयोग गर्ने परिवार प्रतिशत | ९० प्रतिशत | ९५ प्रतिशत पुगाईनेछ |
| साधारण शौचालय भएका परिवार प्रतिशत | १० | ०० प्रतिशत |
| शौचालयनै नभएका परिवार संख्या | ०० | ०० |
| घ. युवा तथा खेलकुद | | |
| खेल मैदानको संख्या बढाउने | २ | ३ |
| खेलकुद क्लबहरुलाई सक्रिय गराइने | ६ | ८ |
| वार्षिक रूपमा हुने गरेका खेलकुद प्रतियोगिताको संख्या बढाउने | २ | २ |
| ङ. कला तथा संस्कृति | | |
| धार्मिक तथा पर्यटक स्थलको संरक्षण गरिएको हुनेछ | ३ | ५ |
| च. लक्षित समुह | | |
| अपाङ्गता भइ परिचयपत्र पाउने संख्या | २०६ | सबैलाई प्रदान गरीने छ । |
| सुकुम्बासी परिवार संख्या | ०० | ०० |

| **शहरी विकास तथा पुर्वाधार विकासका लक्ष्य तथा गन्तव्यहरु** | | | |
|---|---|---|---|
| नतिजा तहहरु | सुचकहरु | आधार तथ्याङ्क | मध्यमकालिन लक्ष्य |
| प्रभाव | दिगो, भरपर्दो र सुरक्षित यातायात सेवामा सबै बस्तीको पहुँच पुगेको हुने । | | |
| असर | कालोपत्रे सडक मा पहुँच भएका जनताको प्रतिशत वृद्धि भएको हुने छ । | २० प्रतिशत | ३० प्रतिशत |
| | सडक यातायात बाट नजोडिएका बस्तीको संख्या घटेको हुने छ । | २५ | १५ |

| नतिजाका सुचकहरु | | |
|---|---|---|
| सुचक | आधार वर्ष २०८०/०८१ | मध्यमकालिन लक्ष्य |
| २. सडक र पुल | | |
| क. सडक सञ्जालको विवरण | | |
| सडक यातायातबाट नजोडिएका बस्तीको संख्या घटेको हुने छ । | २५ | १५ |
| कालो पत्रे सडक कि.मि थप | ४ कि.मि. | ७ कि.मि. |
| ग्रावेल सडक कि.मि. थप | ४ कि.मि. | १२ कि.मि. |
| धुले तथा कच्ची सडक कि.मि. | ३८ कि.मि. | ४५ कि.मि. |
| पक्की तथा ट्रस पुलको संख्या वृद्धि | ४ वटा | ५ वटा |
| कल्भर्ट निर्माण | ५ वटा | ७ वटा |
| झोलुङ्गे पुलको संख्या | १५ वटा | १८ वटा |
| ख. ऊर्जा संचार | | |
| बत्तीका लागि बिजुली बाल्ने परिवार प्रतिशतमा | ५० प्रतिशत | ७० प्रतिशत |
| बत्तीका लागि वैकल्पिक ऊर्जा प्रयोग गर्ने परिवार प्रतिशत | ३० प्रतिशत | २० प्रतिशत |
| बत्तीका लागि मट्टीतेल प्रयोग गर्ने परिवार प्रतिशत | ५ प्रतिशत | शुन्यमा झारीने छ । |
| बिजुलीको पहुँच नपुगेका परिवार प्रतिशत | ५० प्रतिशत | ३० प्रतिशत |
| खाना पकाउन बिजुली प्रयोग गर्ने परिवार प्रतिशत | तथ्याङ्क नभेटिएको | १० प्रतिशत |
| खाना पकाउन एल.पी. ग्याँस प्रयोग गर्ने परिवार प्रतिशत | २५ प्रतिशत | २८ प्रतिशत |
| खाना पकाउन दाउरा प्रयोग गर्ने परिवार प्रतिशत | ७५ प्रतिशत | ६० प्रतिशत |
| खाना पकाउन वैकल्पिक ऊर्जा प्रयोग गर्ने परिवार प्रतिशत | नगन्न मात्रामा | ३ प्रतिशत |
| खाना पकाउन मट्टीतेल वा गुईठा जस्तो ऊर्जा प्रयोग गर्ने परिवार प्रतिशत | नगन्न मात्रामा | शुन्यमा झारीने छ । |
| सञ्चार सुविधा पुगेका बस्ती संख्या | ७५ | ६० बस्तिहरुमा पुगेको हुने छ । |
| टि.भि मा पहुँच भएका परिवार प्रतिशत | ३० प्रतिशत | ३७ प्रतिशत |
| मोबाइलमा पहुँच पुगेको जनसङ्ख्या प्रतिशत | ९० प्रतिशत | ९५ प्रतिशत |
| इन्टरनेट प्रयोग गर्ने जनसङ्ख्या प्रतिशत | ४० प्रतिशत | ५० प्रतिशत |
| ग. भवन तथा आवास | | |
| बाँकी वडा कार्यालय भवन संख्या पूरा | ५ | ६ |

| | | |
|---|---|---|
| गरिनेछ | | |
| सामुदायिक भवन संख्या थप हुनेछ | ६ | ८ |
| स्वास्थ्य संस्थाका भवन संख्या थप हुनेछ | २० | २२ |

### विपद् व्यवस्थापनका तथा वातावरण संरक्षणका गन्तव्य तथा सुचकहरु

| नतिजा तहहरु | सुचकहरु | आधार तथ्याङ्क | मध्यमकालिन लक्ष्य |
|---|---|---|---|
| प्रभाव | • विपद् सम्बोधन भएको अवस्था<br>• जलवायु परिवर्तनको असर न्युनिकरणका लागि प्रतिकार्यहरु भएको | | |
| असर | • खाली तथा पर्ति जमिनमा वृक्षारोपण गरी व्यवस्थित वनले ओगटेको क्षेत्रफलमा वृद्धि भएको<br>• जोखिम क्षेत्रका नदि, खहरे खोला, तथा पहिरोहरु नियन्त्रण भएका<br>• महामारी विरुद्ध लड्ने तयारी भएको अवस्था<br>• खाली क्षेत्रको व्यवस्था भएको | | |

| **नतिजाका सुचकहरु** | | |
|---|---|---|
| सुचक | आधार वर्ष २०८०/०८१ | मध्यमकालिन लक्ष्य |
| ३. विपद् व्यवस्थापन | | |
| विगत वर्षहरुमा बाढी, पहिरो र आगलागिबाट धन सम्पत्तिको क्षति भएको परिवार संख्या | ५० | ३० |
| खर तथा पराल तथा काठले छाएको घर भएका परिवार संख्या | १० | ५ |
| एम्बुलेन्सको संख्या | १ | २ |
| दमकलको संख्या | ० | १ |
| विपद् व्यवस्थापन गाउँ समिति बनेको | ६ | ६ |
| सुरक्षित स्थान तोकिएको स्थानको संख्या | ०० | ३ |
| विपद् व्यवस्थापन पूर्व तयारी योजना बनेको | छैन | बनाइने छ । |
| विपद् व्यवस्थापन कोष स्थापना | छ | छ |
| ४. वन वातावरण | | |
| वनले जंङ्गल तथा पहाड हिमाल र बन्जर क्षेत्रले ओगटेको क्षेत्रफल | ६०.१९ प्रतिशत | ६०.१९ प्रतिशत |
| जम्मा सामुदायिक वनको संख्या | २४ वटा | २४ वटा |
| सामुदायिक वनका उपभोक्ता घरधुरी प्रतिशत | ९२ प्रतिशत | ९२ प्रतिशत |

### संस्थागत विकास, नीति नियम तर्जुमा, मानव संसाधन विकास र सुशासनका लक्ष्य तथा गन्तव्यहरु

| नतिजा तहहरु | सुचकहरु | आधार तथ्याङ्क | मध्यमकालिन लक्ष्य |
|---|---|---|---|
| प्रभाव | योजनाको अन्त्य सम्ममा सेवाग्राहीले पालिकाको सेवाहरु पारदर्शी र सुशासन सहितको | | |

| | |
|---|---|
| | भएको महसुस गरेका अवस्था हुने छ । |
| असर | • जन सरोकारका सेवाहरु शिघ्र र चुस्त ढङ्गबाट प्रवाह भएको अवस्था<br>• खास गरी कृषि पशु सम्बन्धि सेवाहरु, खानेपानी मर्मत सेवा र विद्युत्त जडान तथा मर्मत सेवाहरु घरदैलोमा नै उपलब्ध भएका हुने छन् । |

| **नतिजाका सुचकहरु** | | |
|---|---|---|
| सुचक | आधार वर्ष २०८०/०८१ | मध्यमकालिन लक्ष्य |
| क. संस्थागत क्षमता विकास | | |
| आफ्नै वडा भवन संख्या | ५ | ६ |
| हाल सम्म तयार भएका नीति, नियम तथा कानुनहरु | ७४ | आवश्यकता अनुसार बनाईने छन |
| गाउँपालिका भवन | २ | २ |
| ख. मानव संसाधन विकास | | |
| कृषि सेवा कार्यकर्ता तयारी | ६० | ७० |
| पशु सेवा कार्यकर्ता तयारी | ३० | ५० |
| खानेपानी मर्मत कार्यकर्ता तयारी | १२ | १५ |
| विद्युत मर्मत कार्यकर्ता तयारी | ६ | ८ |
| ग. सुशासन | | |
| लेखा परीक्षण तथा पालिकाको आयव्यय विवरण वेवसाइटमा समावेश गरी स्रोत साधनको परिचालन पारदर्शी पार्ने कार्य भएको छ ? | छ | निरन्तरता दिइने छ । |
| भू-उपयोग योजना तयार भएको छ ? | छैन | गरीने छ । |
| हालको बेरुजु रु | | बेरुजु शुन्य कायम गरीने छ । |
| राजस्व सुधार कार्ययोजना तयार भएको छ ? | छ | अद्यावधिक गरीने छ । |
| सूचना पूणालीमा आधारित करदाताहरुको लगत तयारी | छ | निरन्तरता दिइने छ । |
| सूचना प्राविधिको उपयोग जस्तैः सफ्टवयर, एसएमएस, इमेल, इन्टरनेट, टेलिफोन आदि प्रभावकारिता बढाउने | छ | निरन्तरता दिइने छ |
| नतिजामा आधारित अनुगमन प्रणालीको स्थापना । | छैन | गरीने छ |
| एकीकृत सूचना व्यवस्थापन प्रणालीको स्थापना । | छ | निरन्तरता दिइने छ |
| सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण कार्यक्रम सञ्चालन वर्ष/पटक | त्रैमासिक रुपमा गरीदै आइरहेको छ | निरन्तरता दिइने छ |
| सबै सार्वजनिक संस्थामा सार्वजनिक सेवा बडापत्र र गुनासो पेटिकाको व्यवस्था | राखिएको छ । | निरन्तरता दिइने छ |
| कानुनले गोप्य राख्ने भनेका बाहेक | छ | निरन्तरता दिइने छ |

| | | |
|---|---|---|
| सबै विषयका आर्थिक तथा भौतिक प्रगति, खर्च विवरण सार्वजनिकीकरण गरेको अवस्था | | |
| कृषि बजार सूचना प्रणालीको स्थापना भएको | छैन | गरिने छ । |
| आपत्कालीन कार्य संचालनका लागि सूचना प्रवाहका लागि हट लाइनको व्यवस्था(अर्थात् हेलो सरकार) गर्ने | छ | निरन्तरता दिइने छ |

## २.६ मध्यमकालीन बजेट खाका

त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा दिगो विकास लक्ष्यको मार्गचित्र सहित आवधिक विकास योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित वार्षिक नीति तथा कार्यक्रम, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, पूर्वानुमान योग्यता र वित्तीय सुशासनलाई महत्व दिइएको छ। यस मध्यमकालीन खर्च संरचनाले दिगो विकास लक्ष्यको आन्तरिकीकरणमा सघाउ पुर्याउँदै वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीव्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयनलाई जोड दिएको छ। गाउँ गौरवका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना र कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित (Earmark) हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ। क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई विशेष ध्यान दिइएको छ। मध्यमकालीन स्रोत पूर्वानुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, वर्तमानको वस्तुगत अवस्था र आगामी वर्षहरूमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरूलाई ध्यान दिइएको छ। त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषयगत शाखा, उपशाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन **अनुसूची** २ मा प्रस्तुत छ ।

आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. **१७९६१४४८५३** रहने प्रक्षेपण गरिएको छ ।यससम्बन्धी विवरण तालिका २.३ मा उल्लेख गरिएको छ ।

*तालिका २.३: त्रिवर्षिय बजेट विनियोजन र प्रक्षेपण (रकम रू)*

| क्र.सं | बजेटका स्रोतहरू | २०८०/०८१ को यथार्थ | २०८१/०८२ को अनुमान | आय अनुमान र प्रक्षेपण | | | ३बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | |
| १ | नगद मौज्दात | ३७६५३८३ | ७९३३४५८ | ८३३०१३१ | ८७४६६३८ | ९१८३९६९ | २६२६०७३८ |
| | आन्तरिक राजस्व | ५१८८००० | ५२००००० | ५४६०००० | ५७३३००० | ६०१९६५० | १७२१२६५० |

| क.सं | बजेटका स्रोतहरू | २०८०/०८१ को यथार्थ | २०८१/०८२ को अनुमान | आय अनुमान र प्रक्षेपण | | | ३बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| २ | संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ९४०२३००० | १०१५००००० | १०६५७५००० | १११९०३७५० | ११७४९८९३७ | ३३५९७७६८७ |
| ३ | सशर्त अनुदान (संघीय सरकार) | १६३२३२५०० | २३३९४६००० | २४५६४३३०० | २५७९२५४६५ | २७०८२१७३८ | ७७४३९०५०३ |
| ४ | संघीय सरकारबाट राजस्व बाडफाट प्राप्त आय | ७१०३२६०२ | ८६२००००० | ९०५१०००० | ९५०३५५०० | ९९७८७२७५ | २८५३३२७७५ |
| ५ | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ८७०८००० | ९२८४००० | ९७४८२०० | १०२३५६१० | १०७४७३९१ | ३०७३१२०१ |
| ६ | राजस्व बाँडफाट (प्रदेश सरकार) | १४५०२३८ | १४२३००० | १४९४१५० | १५६८८५७ | १६४७३०० | ४७१०३०७ |
| ७ | समपुरक अनुदान (संघ) | ३२९८५९३ | ८०००००० | ८४००००० | ८८२०००० | ९२६१००० | २६४८१००० |
| ८ | समपुरक अनुदान (प्रदेश सरकार) | ६९०२१८१ | ७१२५००० | ७४८१२५० | ७८५५३१२ | ८२४८०७८ | २३५८४६४० |

| क.सं | बजेटका स्रोतहरू | २०८०/०८१ को यथार्थ | २०८१/०८२ को अनुमान | आय अनुमान र प्रक्षेपण | | | ३बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| ९ | विशेष अनुदान (संघ) | २०८४७१२५ | ४३०००००० | ४५१५०००० | ४७४०७५०० | ४९७७७८७५ | १४२३३५३७५ |
| १० | विशेष अनुदान (प्रदेश) | ७७५२५४५ | ६५०००००० | ६८२५००० | ७१६६२५० | ७५२४५६२ | २१५१५८१२ |
| ११ | प्रदेश सरकार शसर्त अनुदान | ४०००००० | १५८६०००० | १६६५३००० | १७४८५६५० | १८३५९९३२ | ५२४९८५८२ |
| १२ | अन्य | ०००० | १६६५०००० | १७४८२५०० | १८३५६६२५ | १९२७४४५६ | ५५११३५८१ |
| १३ | **जम्मा** | ३९०२००१६७ | ५४२६२१४५८ | ५६९७५२५३१ | ५९८२४०१५७ | ६२८१५२१६५ | १७९६१४८५३ |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन बर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ ।

### क. प्राथमिकताक्रमको आधारमा बाँडफाँड

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रमबमोजिम तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रास्तुत गरिएको छ ।

*तालिका २.४: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण (रू. हजारमा)*

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०८२/०८३ को खर्च अनुमान | २०८३/०८४ को खर्च प्रक्षेपण | २०८४/०८५ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|
| | | रकम | रकम | रकम |
| प्राथमिकता पहिलो (P1) | २५ | ३००००० | ३५०००० | ४५०००० |
| प्राथमिकता दोस्रो(P2) | ३० | ४५०००० | ५५०००० | ६५०००० |
| जम्मा | | ७५०००० | ९००००० | ११०००००० |

### ख. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्यबमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ ।

*तालिका २.५: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण रू. हजारमा)*

| संकेत | दिगो विकासको लक्ष्य | गत आ.व. २०८०/८१ को यथार्थ | | चालु आ.व. २०८१/८२ को अनुमान | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ० | ० | ४६९९९ | १६.८६ | ५१६९८ | १६.८६ | ५६८८ | १६.८६ | ६२५५ | १६.८६ |
| २ | शुन्य भोगमरी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | स्वस्थ्य जीवन | ५०९३ | ४७.१९ | २९०६६ | १०.४३ | ३१९७३ | १०.४३ | ३५१७० | १०.४३ | ३८६८७ | १०.४३ |
| ४ | गुणस्तरीय शिक्षा | ४५०० | ४१.६९ | ३०६१९ | १०.९८ | ३३६८० | १०.९ ८ | ३७०४८ | १०.९८ | ४०७५३ | १०.९८ |
| ५ | लैङ्गिक समनता | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | स्वस्थ्य पानी र सरसफाइ | | | ३५८५९ | १२.८६ | ३९४४५ | १२.८६ | ४३३८९ | १२.८६ | ४७७२८ | १२.८६ |
| ७ | दिगो र आधुनिक उर्जामा पहुँच | १२०० | ११.१२ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | समावेशी र दिगो आर्थिक वृद्धि र मर्यादित काम | ० | ० | १७०५३ | ६.१२ | १८७५ ९ | ६.१२ | २०६३४ | ६.१२ | २२६९८ | ६.१२ |
| ९ | उद्योग नविन खोज र पुर्वाधार | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | असमानता न्यूनीकरण | ० | ० | १०४८८९ | ३७.६३ | ११५३७८ | ३७.६३ | १२६९१६ | ३७.६३ | १३९६०८ | ३७.६३ |
| ११ | दिगो शहर र वस्तीहरु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १२ | दिगो उपभोग र उत्पादन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | जलवायु परिवर्तन अनुकुलन | ० | ० | ७०८१ | २.५४ | ७७८९ | २.५४ | ८५६८ | २.५४ | ९४२४ | २.५४ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | भूसतह श्रोतको उपयोग | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १६ | शान्ति, न्याय र सवल संस्था | ० | ० | ७२०० | २.५८ | ७९१९ | २.५८ | ८७११ | २.५८ | ९५८३ | २.५८ |
| १७ | दिगो विकासका लागि साझेदारी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

### ग. लैङ्गिक सङ्केतको आधारमा बाँडफाँट

लैङ्गिक सङ्केतबमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत छ ।

***तालिका* २.६: लैंगिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण(रू. हजारमा)**

| क्र.सं. | लैङ्गिक संकेत | गत आ.व. २०८०/८१ को यथार्थ | | चालु आ.व. २०८१/८२ को अनुमान | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | | आ.व. २०८४/८५ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | % | रकम | % | रकम | % | रकम | % | रकम | % |
| १ | प्रत्यक्ष लाभ | १८२२१२ | ७१.९ | २००४३३ | ७१.९ | २२०४७६ | ७१.९ | २४२५२३ | ७१.९ | २६६७७६ | ७१.९ |
| २ | अप्रत्यक्ष लाभ | २१९४० | ८.६६ | २४१३४ | ८.६६ | २६५४८ | ८.६६ | २९२०२ | ८.६६ | ३२१२२ | ८.६६ |
| ३ | तटस्थ | ४९२७१ | १९.४४ | ५४१९९ | १९.४४ | ५९६१७ | १९.४४ | ६५५७९ | १९.४४ | ७२१३८ | १९.४४ |

### घ. जलवायु सङ्केतको आधारमा बाँडफाँट

जलवायु सङ्केतबमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ ।

***तालिका २.७: जलवायु सङ्केतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| जलवायु परिवर्तन संकेत | गत आ.व. २०८०/८१ को यथार्थ | | चालु आ.व. २०८१/८२ को अनुमान | | आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३ को प्रक्षेपण | | आ.व. २०८३/८४ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | रकम | % | रकम | % | रकम | % | रकम | % | रकम | % |
| प्रत्यक्ष लाभ | ७४५२६ | ३५.३७ | ८१९७८ | ३५.३७ | ९०१७७ | ३५.३७ | ९९१९३ | ३५.३७ | १०९११३ | ३५.३७ |
| अप्रत्यक्ष लाभ | १२३१८९ | ५८.४७ | १३५५०८ | ५८.४७ | १४९०५८ | ५८.४७ | १६३९६४ | ५८.४७ | १८०३६१ | ५८.४७ |
| तटस्थ | १२९८२ | ६.१६ | १४२८१ | ६.१६ | १५७०८ | ६.१६ | १७२७९ | ६.१६ | १९००७ | ६.१६ |

### ङ. पालिका गौरवका आयोजना

गाउँपालिकाको आर्थिक तथा समाजिक विकासमा महत्तवपूर्ण योगदान पुर्याउने रणनीतिक महत्तवका आयोजनालाई गाउँ गौरवका आयोजनाको रुपमा प्रस्तावित गरेको छ।पालिका गौरवका आयोजना र कार्यक्रमको व्यय अनुमान तथा खर्च प्रक्षेपण तालिका २.८ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.८: गाउँपालिकाका गौरवका आयोजना (रू हजारमा)***

| क्र.सं. | गौरवका आयोजना | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | ३ वर्षको जम्मा |
|---|---|---|---|---|---|
| १. | १० सैयाको अस्पताल निर्माण | २००० | ४००० | ५००० | ११००० |
| २. | सिमार तपोवन मुरे विनायक सडक निर्माण | २५०० | ५००० | ७५०० | १५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | पारीवगर घोल्जर परमचुली हुँदै बझाङ झोड्ने सडक निर्माण | २५०० | ५००० | ७५०० | १५००० |
| ४. | लटिनाथ सार्सी दुनै हुँदै बैतडी जोड्ने सडक निर्माण | २५०० | ५००० | ७५०० | १५००० |
| ५. | विटुले लटिनाथ पारीवगड सडक कालोपत्रे | ४००० | ७००० | १०००० | २१००० |
| ६ | घोल्जर सास्कृतिक तथा पर्यटन विकास कार्यक्रम | १५०० | ३५०० | ५५०० | १०५०० |
| ७ | लटिनाथ मन्दिर धार्मिक तथा पर्यटीय क्षेत्र विशेष कार्यक्रम | २००० | ३००० | ४००० | ९००० |
| ८ | तातोपानी धार्मिक तथा पर्यटकीय कार्यक्रम | १८०० | २३०० | ३००० | ७१०० |
| ९ | लटिनाथ खेलकुद मैदान निर्माण | १२०० | १८०० | २४०० | ५४०० |
| १० | तपोवन खेलकुद मैदान निर्माण | १००० | १५०० | २००० | ४५०० |
| ११ | शेरी मर्मती तपोवन सडक निर्माण | २५०० | ३५०० | ४५०० | १०५०० |
| १२ | भैसे शेरी सडक निर्माण | २८०० | ३६०० | ४४०० | १०८०० |
| १३ | रेला मलीबगड हुदै बार्कु रोड निर्माण | ३२०० | ४००० | ४८०० | १२००० |
| जम्मा रकम | | २९५०० | ४९२०० | ६८१०० | १४६८०० |

## २.८ बिषय क्षेत्रगत बाँडफाँट

बिषय क्षेत्रगत आधारमा तीन आर्थिक बर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र साङ्केतीकरण सम्बन्धी विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ । बिषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.९ आगामी आ.व. को बिषय उप-क्षेत्रगत खर्चको बाँडफाँट प्रक्षेपण(रकम रू. हजारमा)***

| क्र.सं. | विषयगत क्षेत्र उपक्षेत्र | अनुमानित बजेट लागत (रू.हजारमा) | | | तीन वर्षको जम्मा |
|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | |
| १ | **आर्थिक क्षेत्र** | | | | |
| १.१ | कृषि तथा पशुपन्छी | | | | |
| १.२ | सिंचाई | | | | |
| १.३ | पर्यटन, संस्कृति तथा सम्पदा | | | | |
| १.४ | उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति | | | | |
| १.५ | श्रम, रोजगारी र सामाजिक सुरक्षा | | | | |
| २ | **सामाजिक क्षेत्र** | | | | |
| २.१ | स्वास्थ्य तथा पोषण | | | | |
| २.२ | शिक्षा, विज्ञान तथा नवप्रवतन | | | | |
| २.३ | खानेपानी तथा सरसफाइ | | | | |
| २.४ | महिला, बालबालिका तथा लक्षित वर्ग | | | | |

| क्र.सं. | विषयगत क्षेत्र उपक्षेत्र | अनुमानित बजेट लागत (रू.हजारमा) | | | तीन वर्षको जम्मा |
|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | |
| २.५ | युवा तथा खेलकुद | | | | |
| ३ | **पूर्वाधार क्षेत्र** | | | | |
| ३.१ | बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | | | | |
| ३.२ | सडक, पुल तथा यातायात | | | | |
| ३.३ | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | | | | |
| ३.४ | सूचना, सञ्चार तथा प्रविधि | | | | |
| ४ | **वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र** | | | | |
| ४.१ | वन तथा जैविक विविधता | | | | |
| ४.२ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | | | | |
| ४.३ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | | | | |
| ४.४ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | | | | |
| ५ | **संस्थागत विकास तथा सुशासन क्षेत्र** | | | | |
| ५.१ | संस्थागत विकास तथा सुशासन | | | | |
| **जम्मा योजना बजेट** | | | | | |

आर्थिक बर्ष २०८१/२०८२ को विनियोजन र पछिल्लो तीन बर्षको बिषय क्षेत्रगत नतिजा, बिषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण अपेक्षित उपलब्धि र बिषय क्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ ।

# परिच्छेद ३ : आर्थिक क्षेत्र

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमि

मार्मा गाउँपालिकाको सम्पूर्ण क्षेत्रहरूमा व्यावसायिक कृषि अन्तरगत अन्न बालीको व्यापकता रहेको छ । यस क्षेत्र अन्न बालीमा मकै, गहुँ, धान, कोदो रहेको छ।अन्नबाली पछी दोस्रोमा दलहन बाली रहेको छ भने त्यसपछि तरकारीबाली, तेलबारी, मसलाबारी र फलफुल खेती रहेको छ। मौसमी र बेमौसमी तरकारी, काक्रा, प्याज र आलुमार्फत यस क्षेत्रका कृषकहरू प्रशस्त आय आर्जन गर्न सफल भएका छन्। अन्न बालीका अतिरिक्त खाद्यान्न बानी, फलफूल र दलहन बालीको परम्परागत उत्पादनको अभ्यास पनि निरन्तर रहेको छ। नगदेवालीका आधारित लघु उद्योग तथा प्रसोधन केन्द्रहरू स्थापना भएका छन्।सडक यातायातको अरु गाउँपालिका तथा नगरपालिकाहरु मध्ये सहज पहुंचका कारण बजारीकरणमा सहजता रहेको लिइने गरेको छ।

### ३.१.२ समस्या तथा चूनौति

कृषिमा सिँचाइको अभावका कारण जीविकोपार्जन जटिल भै जमीन बाँझो राख्ने क्रम बढदै गएको अवस्था यस पालिकामा तड्कारो रूपमा देखिएको छ।गाउँपालिकाका कृषि विकासका सम्भावनाका बाबजूद जंगली जनावरसँगको द्वन्द्व, कृषिको मूल्य श्रृङ्खलाको सबलीकरण तथा बजार सञ्जालको विकास नहुँदा किसानहरु कृषि पेशाबाट पलायन हुँदै जानु, उत्पादकत्व बढाउने प्रयास नहुनु, परम्परागत बालीहरु लोप हुँदै जानु, कृषकमा व्यावसायिक तथा उत्पादनको बजारीकरणबारे ज्ञान कम हुनु, ३४.५ प्रतिशत जमिन मात्र १२ महिना सिँचाइको सुविधा हुनु, कृषिमा यान्त्रिकरण र आधुनिकीकरण नहुनु र आपूर्ति श्रृङ्खलाको दिगो व्यवस्थापन नहुनु जस्ता यस पालिकाभित्रका कृषिसँग जोडिएका चुनौती हुन्।

त्यसैगरी, परम्परागत कृषि प्रणालीमा भर पर्नु, उच्च मूल्यका बाली छनोट गरी बढी लाभको क्षेत्रको उपयोग गर्न नसक्नु, भएका खेतीमा पनि लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, स्थानीय रैथाने जातको वस्तुको संरक्षण हुन नसक्नु, पकेट खेती विकास कार्यक्रम राम्रोसँग नहुनु एवं प्रवर्द्धनात्मक उपलब्ध कार्यक्रम सञ्चालन नहुनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन्। यहाँ रहेको अत्यन्त उर्वर भुमिमा वस्ती विकास तथा अन्य भौतिक पुर्वाधार निर्माणले गर्दा खेतीयोग्य भुमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती कमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ।जलवायु परिवर्तनको असरका कारण बालीमा देखापर्ने हानिका कारण झार तथा किराहरुको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा वृद्धि भइरहेको छ ।

### ३.१.३ सोच

माटो सुहाउदो कृषि उत्पादन र कृषिमा यान्त्रिकरणको माध्यमबाट कृषि उत्पादनको व्यावसायीकरण गरी उत्पादन वृद्धि गरिने छ।

### ३.१.४ उद्देश्य

१. कृषि क्षेत्रको आधुनिकीकरण, बजारीकरण एवम् व्यवसायीकरण गर्नु,
२. कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु
३. कृषि सामग्रीको सहज उपलब्धता गर्नु।

### ३.१.५ रणनीति

१. व्यावसायिक र विशिष्टि कृषिको विकास गरी खाद्यान्न उत्पादन र उच्च मूल्य बालिको उत्पादकत्व र उत्पादन बढाउने,
२. कृषि उपजको न्यूनतम समर्थन मून्य निर्धारण एवम् बजारीकरणलाई व्यवस्थित गर्ने,
३. बजारको मागअनुसारका कृषि उत्पादनलाई प्रोत्साहन गरी कृषि क्षेत्रको प्रवर्द्धनमा सहकारी खेती प्रणालीलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने,
४. कृषि पर्यटनलाई प्रवर्द्धन गर्न सघ, प्रदेश र निजी क्षेत्रको समेतको सहकार्यलाई जोड दिने,

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको अगामी तीन आर्थिक बर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.१ मा प्रस्तुत गरिएको छ ।

*तालिका ३.१.: कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| कृषिमा आधुनिक यान्त्रिकरणलाई अवलम्वन | प्रतिशत | १५ | २० | २५ | ३० | ३५ |
| व्यावसायिक कृषि फर्म | संख्या | १० | १२ | १८ | २४ | ३० |
| आधुनिक कृषि प्रणालिमा दक्षता हासिल गरेका कृषक | संख्या | ४० | ७० | १०० | १२० | १३० |
| माटोको गुणस्तर परिक्षण गराउने घरधुरी | संख्या | १० | १५ | २५ | ३५ | ४० |
| पकेट क्षेत्र निर्धारण | संख्या | १२ | १२ | १८ | २० | २४ |
| कृषिक समुहमा आवद्ध कृषक | संख्या | ७० | ९० | १०० | ११० | १३० |
| उखु उत्पादन | मे.ट. | तथ्याङ्क नभेटीएको | १० | १५ | २५ | ३५ |

### ३.१.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ३.२. मा प्रस्तुत गरिएको छ :

*तालिका ३.२ : कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | संघीय सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ६००० | ४००० | २००० | ०० | ८०० | ३२०० | २००० | ०० |
| २०८३/०८४ | ६६०० | ३६०० | ३००० | ०० | १००० | ४००० | १६०० | ०० |
| २०८४/०८५ | ७२०० | ४००० | ३२०० | ०० | १२०० | ५००० | १००० | ०० |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपल्बधि सहितको कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ३.३ मा प्रस्तुत गरिएको छ ।

*तालिका ३.३: कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | पशुपन्छी विकास कार्यक्रम | पशुपन्क्षी क्षेत्रको विकासबाट उत्पादन | सालबसाली | १०००० | पशुपन्क्षी जन्य व्यवसायबाट हुने |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | वृद्धि आय र रोजगारीका अवसर सिर्जना गर्नु | | | वार्षिक आम्दानीमा वृद्धि भएको हुनेछ । |
| २. | कृतिम गर्भाधान मिसन कार्यक्रम | कृतिम गर्भाधान सेवाको विस्तार गरि उन्नत नश्लका पशुहरुको संख्या वृद्धि गर्नु | सालबसाली | ८०० | वार्षिक रुपमा कृतिम गर्भाधान मार्फत नश्ल सुधार भएको हुनेछ । |
| ३. | पकेट क्षेत्र विशेष कार्यक्रम | गाउँपालिका क्षेत्र भित्र विभिन्न पकेट जस्तै आलु पकेट क्षेत्र, ओखर पकेट क्षेत्र, स्याउ पकेट क्षेत्र, केरा पकेट क्षेत्र, सुन्तला पकेट क्षेत्र आदि घोषणा गर्नु । | सालबसाली | ३००० | उत्पादनमा वृद्धि भइ स्थानीय जनताको जीवन स्तर सुधार भएको हुने छ । |
| ४. | कृषिकहरुलाई आधुनिक कृषि यन्त्रहरु सम्बन्धि तालिम | कृषकहरुको क्षमता विकास गर्नु | सालबसाली | १५०० | कृषकहरु आधुनिक कृषि खेति तथा औजार चलाउन सक्षम भएका हुने छन । |
| ५. | बेमौसमि तरकारी खेती कार्यक्रम | तरकारीमा आत्मनिर्भर हुनु | सालबसाली | २००० | गाउँपालिकालाई तरकारीमा बाह्रैमास आत्मनिर्भर बनाइ पालिकाभित्र हुने तरकारी आयात पुर्णरुपमा बन्द हुनेछ । |
| ६. | उखु खेती प्रवर्द्धन कार्यक्रम | व्यसायिक रुपमा उखु खेतीलाई प्रवर्द्धन | सालबसाली | २५०० | उखु खेतीबाट किसानको आयस्तरमा वृद्धि भएको हुनेछ । |

### ३.१.९ जोखिम तथा अनुमान

अन्तर-सरकार सामाञ्जस्यता, समन्वय र सहकार्यमा कृषि पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। कृषि उपजको मागमा वृद्धि र बजारीकरण सहज भएको हुनेछ। कृषिमा आधारित व्यवसायमा आकर्षण तथा निजी क्षेत्रको लगानी वृद्धि भएको हुनेछ। प्रकोपको व्यवस्थापन, सहज बजारीकरण, कृषि सामग्री, भरपर्दो सिंचाई प्रणानी, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्दछ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

यस मार्मा गाउँपालिकामा सिँचाईको लागि उपयुक्त हुने खालका प्रशस्त खोलानाला तथा मुहानहरु रहेका भएता पनी खेतीपातीको लागि आवश्यक सिँचाई सबै बस्तिहरुमा उपलब्ध हुन सकेको छैन। भिरालो जमिनको बनावट र सिँचाई कुलो निर्माणका लागि असजिलो भू-भाग रहेकोले पनि सबै खेतीयोग्य जमिनमा सिँचाई सुविधा उपलब्ध गराउन कठिन रहेको छ।सर्वेक्षणबाट प्राप्त तथ्यांकहरुको विश्लेषण गर्दा हालसम्म आकासे पानीको भरमा खेती गर्ने घरधुरीहरु ९६६ (३४.५%) रहेका छन।त्यसैगरी बर्खायाममा मात्रै सिँचाई सुविधा भएका घरपरिवार संख्या ४६३(१६.५%) र बाह्रै महिना सिँचाई सुविधा प्राप्त गर्ने घरपरिवार संख्या ९५२(३४%) रहेका छन।साथै हाल सिँचाई सुबिधा नभएका तर प्राबिधिक दृष्टिकोणले सिँचाई निर्माण गर्न सकिएको खण्डमा सिँचाईसेवा बाट लाभान्वित हुनसक्ने घरपरिवार संख्या ४२२ अर्थात करिब १५% रहेको देखिन्छन।

### ३.२.२ समस्या तथा चुनौति

संचालित सबै सिँचाइ आयोजनाको नियमित रूपमा मर्मत सम्भार नहुनु, सिँचाइका स्रोतहरुको संरक्षण नहुनु एवं सिँचाइ सुविधाबाट वञ्चित क्षेत्रका लागि वैकल्पिक सुविधाको कमी मुख्य चुनौतीको रूपमा रहेको देखिन्छ । त्यसैगरी, पालिकाको तल्लो तटमा मात्र ज्यादातर पानीको स्रोत भएको हुँदा लिफ्ट गरेर ल्याउँदा सिँचाइको विकास गर्न बढी महँगो र बढी समय लाग्ने अवस्था छ ।

### ३.२.३ सोच

सिँचाइ हुने जमिनको प्रतिशत वृद्धि गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने

### ३.२.४ उद्देश्य

- नयाँ सिंचाइ योजनाहरुको निर्माण गर्ने
- भैरहेकाको मर्मत र स्तरोन्नति गर्ने
- भैरहेका सिँचाइ योजनाको विस्तार गर्ने
- पानी सङ्कलन पोखरीहरुको निर्माण तथा मर्मत संभार गर्ने
- मूल संरक्षणमा विशेष पहल गरिने ।

### ३.२.५ रणनीति

- असिञ्चित कृषियोग्य जमिनमा सिंचाइको विस्तार गरिने छ ।
- सिंचाइ प्रणालीलाई दिगो बनाउन परम्परागत शैली र आधुनिक प्राविधिको प्रयोग गरिने छ।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको अगामी तीन आर्थिक बर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.४ मा प्रस्तुत गरिएको छ ।

*तालिका ३.४: सिंचाई उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| खेती गरिएको जमिन मध्ये जम्मा सिंचित क्षेत्रफल | प्रतिशत | ४५ | ५० | ५२ | ५५ | ६० |
| (पूर्ण सिंचित) १२ महिना सिँचाई हुने जमिन | प्रतिशत | ३० | ३५ | ४० | ४३ | ४८ |
| आशिक सिंचित जमिन | प्रतिशत | १५ | २० | २२ | २५ | ३० |

### ३.२.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सिंचाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ३.५ मा प्रस्तुत गरिएको छ :

***तालिका ३.५ : सिंचाई उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान***

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | २७०० | १२०० | १५०० | ०० | २०० | १५०० | १००० | ०० |
| २०८३/०८४ | ४३०० | १४०० | २९०० | ०० | ५०० | २००० | १८०० | ०० |
| २०८४/०८५ | ५००० | १६०० | ३४०० | ०० | ८०० | २२०० | २००० | ०० |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपल्बधि सहितको सिंचाई उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ३.६ मा प्रस्तुत गरिएको छ ।

***तालिका ३.६: सिंचाई उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | दर्मघरमाथि सिँचाई योजना | | सालबसाली | १५०० | |
| २. | सिमडाङ देखि चौडेलीसम्म सिँचाइ कुलो निर्माण | | सालबसाली | २००० | |
| ३. | रिल पहिरा सेरीधार लिफ्ट सिँचाई | | सालबसाली | ३००० | |
| ४. | बगर सिँचाई नहर पडपडा | | सालबसाली | २५०० | |
| ५. | सिलाजु सिँचाई योजना मुरे | | सालबसाली | २००० | |
| ६. | पत्थरकाँडा सिँचाई आयोजना | | सालबसाली | १६०० | |
| जम्मा | | | | १२६०० | |

### ३.२.९ जोखिम तथा अनुमान

सिंचाई सुविधाको विस्तार एवम् दिगो व्यवस्थापन तीन वटै तहको सरकार र समुदायबीच समन्वय र सहकार्यको विकास हुनेछ। सिंचाई पूर्वाधारको निर्माण तथा मर्मत सम्भार कार्य तोकिएको समयमै सम्पन्न भएको हुनेछ। सिंचाई आयोजनाको समयमै कार्यान्वयन, नियमित मर्मत तथा व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ३.३ पशु विकास

### ३.३.१ पृष्ठभूमि

यस गाउँपालिकामा बनजंगल र पशुचौपायाहरुका लागि आवश्यक चरण क्षेत्र प्रशस्तै रहेको छ। तथापी, हाल बनजंगल तथा चरिचरन क्षेत्रको अभाव, पशुपालन प्रति नयाँ पिढीमा लगाव नहुनु र हाल रोजगारीको लागि विदेशिने प्रचलन ग्रामिण क्षेत्रमा पनि बढ्दै गईरहेकोले पशुपालन गर्ने घरपरिवार संख्या र पशुचौपाया संख्या घट्दै गैरहेको छ। विगतमा यस मार्मा गाउँपालिकाका मानिसहरुले प्रसस्त मात्रामा भेडा बाख्रा, भैंसी, गाईगोरु पालन गर्ने गरेको भएतापनि हाल पशुपन्छी पालन घट्दै गईरहेको देखिन्छ। यस गाउँपालिकामा पशुपन्छी पालनको संख्या हेर्दा सबैभन्दा बढी करिव १०,२२३ भेडाबाखा, ८,८३१ गाईगोरु, २,६१६ कुखुरा/हाँस, १,४४४ भैसी/राँगा, १३२ घोडाखच्चड, ४२९ माहुरीघार रहेको देखिन्छ।

### ३.३.२ समस्या तथा चुनौति

यस गाउँपालिकाभित्र पशुपक्षी उत्पादनका केही समस्या तथा चुनौती छन्, जस्तैः पशुपालनतर्फ उन्नत जातको गाईभैंसी, बाखापालन नहुनु, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा अझै कमी, उन्नत घाँसको व्यवस्था नहुनु तथा दक्ष प्राविधिकको सेवा विस्तार हुन नसक्नु, सरल कर्जाको व्यवस्था नहुनु, उत्पादकत्व वृद्धि, बजार को सञ्जाल निर्माण, उत्पादनमा संलग्न किसानहरुको व्यावसायिक दक्षता अभिवृद्धि जस्ता कार्य अझै पनि चुनौतीको रूपमा रहिरहेको छ। कुना काप्चामा एग्रोभेटको अभाव, उन्नत जातको घाँसहरुको कमी, दक्ष जनशक्तिको अभाव, पशु स्वास्थ्य उपकरणको कमी, नस्ल सुधारको अझै कमी, भेटेरीनरी प्रसार सेवाको कमीजस्ता पक्ष पनि थप समस्याको रूपमा रहेका छन् ।

### ३.३.३ सोच

मार्मा बासीको पौष्टिकता र आय वृद्धिका लागि उन्नत जातका पशुपक्षी उत्पादन तथा बजारीकरणमा वृद्धि गर्ने |

### ३.३.४ उद्देश्य

- उन्नत पशुपक्षीमा विविधिकरण र व्यावसायीकरण गर्ने ।
- नस्ल सुधार, गोठ सुधार र पशु बीमामा जोड दिने ।
- पशु उत्पादनको बजारीकरणमा सहजता ल्याउँने ।
- पशुजन्य उत्पादनको प्रशोधन र बजारीकरणमा सहयोग गर्ने ।

### ३.३.५ रणनीति

- पशुपक्षीको नस्ल सुधार गरी व्यवसायलाई नतिजामुखी दिगो बनाइने छ।
- पशुपक्षीमा व्यावसायीकरणमा जोड दिइने छ ।
- बजारसँगको सञ्जाल निर्माण गरी पशुपक्षीको व्यावसायीकरण तथा बजारीकरणका लागि बजार सन्जालमा पशुपालक कृषक हरुलाई जोड्न सहयोग गरिने छ ।
- पशु बीमामा जोड ।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको अगामी तीन आर्थिक बर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.७ मा प्रस्तुत गरिएको छ ।

*तालिका ३.१.: पशु विकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| वार्षिक सरदर दुध उत्पादन | लिटर | २५००० | २५२०० | २५६०० | २६००० | २६५०० |
| डेरी उद्योग | संख्या | २ | २ | ३ | ४ | ५ |
| दुध संकलन केन्द्र | संख्या | तथ्याङ्क नभेटीएको | १ | २ | ३ | ४ |
| मासु उत्पान बार्षिक | मे.टन | ८.५ | ९ | ९.५ | १० | १०.५ |
| गोठ सुधार भएका पशुपालन कृषक | संख्या | ६० | ८० | १०० | १२० | १४० |
| पशुपालन समुह | संख्या | तथ्याङ्क नभेटीएको | ३ | ६ | ९ | १२ |
| वार्षिक सेक्स सिमेनमार्फत कृत्रिम गर्भाधान | संख्या | तथ्याङ्क नभेटीएको | १० | १२ | १५ | २० |
| कृतिम गर्भाधान सफलता | संख्या | तथ्याङ्क नभेटीएको | | | | |
| तालिम प्राप्त पशुसेवा प्राविधिक परिचालन | प्राविधिक संख्या | १० | १५ | २० | २५ | ३० |
| गाई फर्म | संख्या | तथ्याङ्क नभेटीएको | १ | २ | ३ | ४ |
| भैसी फर्म | संख्या | ०० | ०० | १ | १ | २ |
| बाख्रा फर्म | सख्या | ६ | ८ | १२ | १५ | १८ |

### ३.३.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशु विकास उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ३.८ मा प्रस्तुत गरिएको छ :

*तालिका ३.८ : पशु विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | २००० | ३०० | १७०० | ०० | २०० | १२०० | ६०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८३/०८४ | २००० | ४०० | १६०० | ०० | २५० | १२५० | ५०० | |
| २०८४/०८५ | २१०० | ३५० | १७५० | ०० | ३०० | १३०० | ६०० | |

### ३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको पशु विकास उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ३.९ मा प्रस्तुत गरिएको छ ।

*तालिका ३.९: पशुन विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | मौरीपालन, माछापालन, बाखापालनलाई निरन्तरता | | सालबसाली | १५०० | |
| २. | गोठ तथा खोर सुधार कार्यक्रम | | सालबसाली | १२०० | |
| ३. | उन्नत जातको गाई, भैंसी तथा बंगुर पालन | | सालबसाली | २००० | |
| ४. | नशल सुधार कार्यक्रम | | सालबसाली | ९०० | |
| ५. | पशु सेवा प्राविधिक सम्बन्धि तालिम तथा दक्ष पशु कार्यक्रता तालिम | | सालबसाली | ६०० | |
| जम्मा | | | | ६२०० | |

### ३.३.९ जोखिम तथा अनुमान

पशुपन्छी क्षेत्रको विकास तथा विस्तारमा सरकारी, गैरसरकारी एवम् निजी क्षेत्रको पहल तथा अग्रसरता अभिवृद्धि भएको हुनेछ। पशुपक्षीजन्य उत्पादनको मागमा वृद्धि तथा बजारीकरण सहज भएको हुनेछ । उपरोक्त अवस्था हासिल हुन नसकेमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन सक्नेछ।

## ३.४ उद्योग तया व्यापार

### ३.४.१ पृष्ठभूमि

यस गाउँपालिकामा उपलब्ध प्राकृतिक श्रोतहरुको प्रयोग गरि स्थानीयस्तरमा लघु उद्योगहरु संचालन गर्न सकिने प्रचुर सम्भावना रहेको छ। यस गाउँपालिकाका मर्मति तथा च्युरानी बस्तीहरुमा च्युरी प्रशस्त रुपमा पाइने हुँदा त्यसको बनस्पति तेल तथा च्युरीबाट साबुन बनाउने खालका लघु उद्योगहरु संचालन गर्न सकिने सम्भावना रहेको देखिन्छ। त्यसका साथै वडा नं १ र २ मा नेपाली कागज बनाउन आवश्यक पर्ने लोक्ता प्रसस्त हुने हुँदा नेपाली हाते कागजका लघु उद्योगको सम्भावना रहेको छ। यस गाउँपालिका हाताभित्र नदि तथा खोला प्रसस्त रहेको हुँदा अधिकांश घरपरिवारहरु पिसानीका लागि परम्परागत पानी घट्टको प्रयोग गर्दछन भने कुटानीको लागि ढुंगे ओखल (परम्परागत ढिकी) को प्रयोग गर्दछन। हाल विद्युत सेवा बिस्तार भएसंगै कुटानी, पिसानी र तेल पेल्न केहि ठाउंहरुमा विद्युतबाट चल्ने मिलहरु पनि संचालन भएका छन्।

यस गाउँपालिका अपी हिमाल गाउँपालिकाको पनि एकमात्रै प्रवेशमार्ग भएको कारणले व्यापार व्यवसायका सम्भावनाहरु प्रशस्त रहेका छन्। स्थानीय स्तरमा विकास निर्माणका कार्यहरु पनि तिव्रगतिमा भैरहेका हुँदा र मानिसहरुको चहलपहल पनि बढ्दै गैरहेको हुँदा थोक तथा खुद्रा पसल, होटेल तथा रेस्टुरेन्ट, हार्डवयर पसल, स्टेशनरी, सिलाइकटाईका साथै कृषि तथा अन्य स्यानीय श्रोत सामग्रीमा आधारित पेशा व्यव्साय्हरुको एकदमै सम्भावना रहेको छ। यस गाउँपालिकामा मानिसहरुले विभिन्न पेशाव्यबसाय गर्दै आइरहेका छन्। गाउँपालिका प्रोफाइल बाट प्राप्त तथ्यांक अनुसार यस गाउँपालिकाका विभिन्न ठाउहरुमा साना पसल तथा व्यवसायहरु संचालनमा रहेतापनि व्यबस्थित ढंगले दर्ता भएर संचालन भएका छैनन। मुख्य व्यापार व्यवसायको रुपमा यस गाउँपालिका भित्र २५२ वटा रहेका छन्। जसमध्ये १२७ (५०%) खुद्रा तथा थोक पसल, ३३ (१३%) वटा होटेल/रेस्टुरेन्ट, ३२ (१२.७%) वटा सिलाइ कटाई, १९ (७.५%) वटा यातायात, ६(२.४%) वटा हार्डवयर पसल, ६(२.४%) बटा स्टेशनरी, र १५(६%) वटा क्लिनिक पसल/व्यबसाय रहेका छन्।

### ३.४.२ समस्या तथा चूनौति

उद्योग तथा व्यवसाय सञ्चालन सम्बन्धी पर्याप्त सीप तथा जानकारीको कमी हुनु, उद्योग सिर्जना, विकास र सञ्चालन सम्बन्धी एकीकृत सेवा प्रवाह नहुनु, तालिम पर्याप्त नहुनु, परम्परागत व्यवसायलाई आधुनिकीकरण गर्न नसक्नु, उद्योग सञ्चालनका लागि वित्तीय पहुँच नहुनु तथा स्थानीय स्तरमा दक्ष जनशक्तिको उपलब्धता नहुनु प्रमुख समस्याको रूपमा रहेको देखिन्छ।त्यसैगरी, पालिकामा सालना भित्रीरहेको विप्रेषण रकम पाउने परिवारलाई समेटी उत्पादनमूलक कार्यमा परिचालन गर्न नसक्नु र उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यावसायिक परामर्श सेवा तथा सूचनाको कमीजस्ता विषय उद्योग, व्यवसाय विकासको प्रमुख चुनौतीको रूपमा रहेका छन् ।

### ३.४.३ सोच

स्थानीय स्रोत साधनमा आधारित उद्योग तथा वाणिज्यको माध्यमबाट गाउँपालिकाबासीको आय र रोजगारी वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउने।

### ३.४.४ उद्देश्य

- गरिवी निवारणका लागि लघु उद्यम (मेड्पा) को अवधारणा अनुरूपका उद्यम विकासका एकीकृत अवधारणहरुलाई अवलम्बन गरिने छ ।
- उद्यम तथा व्यवसाय सिर्जना र विकासका लागि उद्यमशीलताको तालिम प्रदान गरी छरिएर रहेको स्रोत साधन, जनशक्ति र सम्पदाहरुलाई अवसरहरुको रूपमा अधिकतम् उपयोग हुने गरी उद्यम स्थापना गर्ने ।
- उद्यम व्यवसायहरुलाई बजार सञ्जालमा जोड्दै बजारीकरण व्यापक बनाउने ।

### ३.४.५ रणनीति

- स्थानीय स्रोत, साधन र सीप तथा बजारको मागमा आधारित उद्यम व्यवसायको स्थापना गर्न एकीकृत सेवाहरु प्रदान गरिने छ ।
- परम्परागत सीपहरुको आधुनिकीकरण गरिने छ ।
- वैदेशिक रोजगारीबाट फर्केका विप्रेषण प्राप्त परिवारलाई उद्यम स्थापनामा सहजीकरण गरिने र सुरक्षित आप्रवासको सुनिश्चितता गर्ने
- वाणिज्य तथा व्यापार प्रवर्द्धन गरिने छ ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको अगामी तीन आर्थिक बर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.१० मा प्रस्तुत गरिएको छ ।

*तालिका ३.१०: उद्योग तथा व्यपार उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | ७०० | ७५० | ८०० | ८५० | ९०० |
| उद्योग, व्यपार र व्यवसाय | संख्या | १२५ | १३५ | १४५ | १५० | १६५ |
| गाउँ कार्यपालिका कार्यालयमा दर्ता भएका व्यवसाय | संख्या | ९७ | ११० | १२० | १३० | १४० |
| संचालनमा रहेका उद्योग | संख्या | ४ | ४ | ६ | ७ | ८ |

### ३.४.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग तथा व्यापार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ३.११ मा प्रस्तुत गरिएको छ :

*तालिका ३.११ : उद्योग तथा व्यापार उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | २५०० | ६०० | १९०० | ०० | २५० | १००० | ७०० | |
| २०८३/०८४ | २८०० | ८५० | १९५० | ०० | ३०० | १५०० | १००० | |
| २०८४/०८५ | २७५० | ६५० | २१०० | ०० | ४०० | १३०० | १०५० | |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपल्बधि सहितको उद्योग तथा व्यापार उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ३.१२ मा प्रस्तुत गरिएको छ ।

*तालिका ३.१२: उद्योग तथा व्यापार उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | साबुन उद्योग निर्माण | | सालबसाली | १५५० | |
| २. | नेपाली कागज उद्योग निर्माण | | सालबसाली | २००० | |
| ३. | डोको, डालो, सुप्पा, मोट्टा, नाङ्लो उद्योग निर्माण | | सालबसाली | ८०० | |
| ४. | सुधारिएको घट्ट निर्माण | | सालबसाली | ५०० | |
| ५. | धुप उद्योग प्रशोधन केन्द्र | | सालबसाली | १००० | |
| ६. | अल्लो प्रशोधन केन्द्र निर्माण | | सालबसाली | २२०० | |
| जम्मा | | | | ८०५० | |

### ३.३.९ जोखिम तथा अनुमान

उद्योग तथा व्यापार प्रवर्द्धनको वातावरण तयार गर्न सरकारी तर्फबाट प्राविधिक तथा वित्तीय सहयोगमा विस्तार हुनेछ। उद्योग तथा व्यापारको प्रवर्द्धनका लागि निजी क्षेत्रको लगानी आकर्षित भएको हुनेछ ।व्यापार संचालनमा नकारात्मक प्रभाव पर्ने विपद्, महामारी, कच्चा पदार्थको अभाव र हडताल नियन्त्रण भइ विश्वासको वातावरण तयार भएको हुनेछ। उल्लेखित परिस्थिति तयार हुन नसके लक्ष्य हासिल हुन कठिनाई हुने छ ।

## ३.५ पर्यटन विकास

### ३.५.१ पृष्ठभूमि

यस मार्मा गाउँपालिका धार्मिक पर्यटकीय आधारमा दार्चुला जिल्लाकै महत्वपूर्ण मानिन्छ। यस गाउँपालिकाका मुख्य पर्यटकीय स्थलहरुमा वडा नं ३ मा अवस्थित लटिनाथ मन्दिर, वडा नं १ मा रहेको घोल्जरमा रहेको दुर्गा भवानी मन्दिर, वडा नं १ मा रहेको परमचुली धाम र वडा नं ४ मा रहेको तपोवन तातोपानी क्षेत्र मुख्य धार्मिक पर्यटकीय स्थलको रुपमा रहेका छन्। यस पालिका भित्र रहेको लटिनाथ मन्दिर र तपोवनमा रहेको तातोपानी दार्चुला जिल्लाकै महत्वपूर्ण धार्मिक क्षेत्रको रुपमा परिचित रहेको छ। शिवरात्रि र माघे संक्रान्तिको दिन तातोपानी क्षेत्रमा मानिसहरुको घुइचो लाग्ने गर्दछ । त्यसैगरी वडा नं १ मा रहेको घोल्जर लाई दार्चुला जिल्लाको नौगाड गाउँपालिकामा रहेका धामी र ठगुन्ना जातिहरुको मुख्य पुख्यौली थलो भएको हुँदा उक्त ठाउंका बासिन्दाहरु मन्दिरमा पुजाआजाका लागि आउने गर्दछन।

### ३.५.२ समस्या तथा चूनौति

ऐतिहासिक एवं धार्मिक क्षेत्रको संरक्षण एवं प्रवर्द्धन प्रभावकारी नहुनु, पर्यटकीय क्षेत्रको पहिचान एवं सम्भावनाका लागि कुनै योजना नहुनु, व्यवस्थित रूपमा होमस्टे लगायत पर्यटकीय सुविधाहरुको उपलव्धतामा कमी, सुरक्षित पर्यटनप्रति आश्वस्त पार्न नसक्नु एवं व्यवस्थित होटल नहुनु, पर्यटन प्रवर्द्धनको निम्ति आवश्यक नीति नियम तथा ज्ञानको अभाव, पर्यटकीय विकासको लागि आवश्यकीय सूचना, बाटोघाटोको सुविधा, पानी, धारा, पथ प्रदर्शकहरु होटल -व्यवसाय, बैंक, वित्तीय संस्था आदिको अभाव प्रमुख समस्याको रूपमा रहेकोले ती विषयले पर्यटन विकासको लागि नकारात्मक असर पारेको स्थिति रहेको छ ।

### ३.५.३ सोच

गाउँपालिकाभित्रको सम्पदामैत्री पर्यटन विकास गर्ने।

### ३.५.४ उद्देश्य

- सम्पदा तथा संस्कृक्तिहरुको संरक्षण र स्तरोन्नति
- प्राकृतिक सम्पदाहरुको जगेनां
- ऐतिहासिक जनयुद्ध स्थलहरुको संरक्षण र प्रचार
- आवश्यक पर्यटन पूर्वाधारहरुको विकास

### ३.५.५ रणनीति

१. पर्यटन क्षेत्रको विस्तारमार्फत आय आर्जन तथा रोजगारीको अवसर सृजना गर्ने,
२. पर्यटकीय गन्तव्यको विकास र विस्तार गरी आधारभूत सेवा सुविधाको सुनिश्चितता गर्ने,
३. पर्यटन विकासका लागि उपयुक्त नीतिगत तथा सस्थागत संरचनाको स्थापना गरी परिचालन गर्ने।
४. पर्यटन क्षेत्रको विकासका लागि अन्तर सरकार एवम् निजी क्षेत्रसंग समन्वय र सहकार्य गर्ने।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको अगामी तीन आर्थिक बर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.१३ मा प्रस्तुत गरिएको छ ।

***तालिका ३.१३: प्रर्यटन तथा संकृति उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| गाउँपालिका क्षेत्रमा भ्रमण गर्ने वार्षिक पर्यटनको संख्या | संख्या | १००० | १२०० | १३०० | १५०० | १८०० |
| व्यवस्थित र स्तरीय पर्यटकीय स्थल | संख्या | १ | १ | २ | ३ | ४ |
| व्यवस्थित होमस्टे | संख्या | ०० | १ | २ | ३ | ४ |
| व्यवस्थित होटेल/रिसोर्ट | संख्या | ५ | १० | १२ | १५ | १८ |

### ३.५.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ३.१४ मा प्रस्तुत गरिएको छ :

***तालिका ३.१४ : पर्यटन तथा संस्कृति उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान***

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ४५०० | २००० | २५०० | ०० | ३५० | २२५० | १९०० | |
| २०८३/०८४ | ६००० | २५०० | ३५०० | ०० | ४५० | ३५०० | २१५० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८४/०८५ | ९००० | ३५०० | ५५०० | ०० | ६०० | ६००० | २४०० | |

### ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको पर्यटन तथा संस्कृति उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ३.१५ मा प्रस्तुत गरिएको छ ।

*तालिका ३.१५: पर्यटन तथा संस्कृति उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | परमचुली धाम धार्मिक पर्यटकीय विशेष कार्यक्रम | | सालबसाली | ३५०० | |
| २. | तपोवन तातोपानी पर्यटकीय स्थल संरक्षण तथा प्रर्वद्धन कार्यक्रम | | सालबसाली | ४००० | |
| ३. | लटिनाथ मन्दिर पार्क तथा बगैंचा व्यवस्थापन | | सालबसाली | ३००० | |
| ४. | विनायक diversity पार्क निर्माण | | सालबसाली | ४५०० | |
| ५. | सांस्कृतिक पोशाक तथा बाद्यवादनका सामग्री | | सालबसाली | २००० | |
| ६. | मार्मा गाउँपालिकाको परम्मपरागत नाचँ,संस्कृति संरक्षण तथा प्रवर्द्नन कार्यक्रम | | सालबसाली | २५०० | |
| जम्मा | | | | १९५०० | |

### ३.५.९ जोखिम तथा अनुमान

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको प्राभमिकता प्राप्त पर्यटकिय क्षेत्रको रुपमा पर्यटनको बहुआयामिक विकासमा उल्लेख्य पहल भएको हुनेछ। निजी क्षेत्रबाट पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विस्तारमा लगानी वृद्धि भएको हुनेछ।आर्थिक मन्दि र राजनितिक अस्थिरताले पर्यटन क्षेत्रको अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्छ।

## ३.६ भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था

### ३.६.१ पृष्ठभूमि

यस मार्मा गाउँपालिकामा समुदाय स्तरमा विभिन्न बचत ऋण समुहहरुले समुहस्तरका बचत ऋण परिचालनका कार्यहरु गर्दै आइरहेका छन् भने यसका अतिरिक्त कार्यालयका बैंकिंग कार्यहरु र पैसा पठाउने तथा प्राप्तिका लागि सनराईज बैकले शाखा खोलि बैंकिंगवित्तीय सेवा प्रवाह गर्दै आइरहेको छ। यस बाहेक साना किसान / लघुवित्त ले पनि समुहगत बचत ऋण संगै बैंकिंग सेवाहरु पनि उपलब्ध गराउदै आइरहेको छ भने शिवलिंग बचत तथा ऋण सहकारी संस्थाले समुह तथा व्यक्तिगत बचत ऋण सेवा उपलब्ध गराई रहेको छ।

### ३.६.२ समस्या तथा चूनौति

वित्तीय सेवा सञ्चालनमा कर्मचारी एवं पदाधिकारीहरुको क्षमतामा कमी, वित्तीय संस्थाहरुको नियमित एवं प्रभावकारी अनुगमन नहुनु, वित्तीय संस्थाबाट लिईने ऋणको सदुपयोग हुन नसक्नु एवं व्यवसायको लागि ऋणको जोखिम, ऋण उठाउने क्षमतामा कमी, स्थानीय व्यक्तिहरुमा आम्दानी तथा बचतको भावनामा अत्यन्तै कमी रहनु यस क्षेत्रको विस्तारका लागि प्रमुख चुनौतीको रूपमा रहेका छन् ।

### ३.६.३ सोच

"सुदृढ वित्तीय व्यवस्था: आर्थिक विकासको आधार"

### ३.६.४ उद्देश्य

१ भूमिसँग सम्बन्धित समस्या निराकरणमा सहजीकरण गर्ने,

२. वित्तीय क्षेत्रलाई कृषि तथा समग्र आर्थिक विकासको सहयोगी क्षेत्रको रूपमा विकास गर्नु,

३. सहकारी संस्थाको संस्थागत क्षमता, वित्तीय साक्षरता, पुँजी निर्माण र उद्यमशीलता विकासमा सहयोग गर्नु,

### ३.६.५ रणनीति

१. सार्वजनिक जग्गाको अतिक्रमण नियन्त्रण गर्दै सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको समस्या समाधान गर्न अन्तर-सरकार साझेदारी र सहकार्यलाई सुदृढ गर्ने ।

२.भू-उपयोग नीतिको कार्यान्वयन गरी भूमिको वर्गिकरण गर्ने ।

३. सहकारीहरूलाई सहुलियतपूर्ण कर्जा र अनुदान योजनाहरूको पहुँच वृद्धि गर्न सहजीकरण गर्ने ।

४. सञ्चालनमा रहेका सहकारी संस्थाको क्षमता विकास, संस्थागत सुदृढीकरण र दक्षता अभिवृद्धि गर्ने ।

५. सहकारीहरूको पूँजी र लगानी व्यावसायिक कृषि, पर्यटन र उत्पादन तथा प्रशोधन क्षेत्रमा परिचालन गर्न सहयोग गर्ने ।

६ बैंक तथा वित्तीय संस्थामा गाउँवासीको सहज पहुँच स्थापित गर्न वित्तीय साक्षरता विस्तार र औपचारिक कारोवारलाई प्रोत्साहन गर्ने ।

### ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.१६ मा प्रस्तुत गरिएको छ।

*तालिका ३.१६ : भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| भू उपयोग सम्बन्धी स्थानीय कानून तथा योजना | संख्या | ०० | १ | आवश्यकता अनुसार तर्जुमा तथा परिमार्जन गरीनेछन । | | |
| सहकारी नेतृत्वमा महिला सहभागिता | प्रतिशत | २ | २ | ४ | ६ | ८ |
| वित्तीय सेवामा पँहुच | प्रतिशत | ६५ | ७० | ७५ | ७७ | ८० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सहकारीमा पहुच भएका घर परिववार(३० मि पैदल दुरीमा) | प्रतिशत | ५५ | ५८ | ६२ | ६५ | ७० |

### ३.६.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ३.१७ मा प्रस्तुत गरिएको छ :

*तालिका ३.१७ : भूमि व्यवस्था सहकारी तथा वित्तीय व्यवस्था उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | १५०० | ८०० | ७०० | ०० | ०० | १००० | ५०० | |
| २०८३/०८४ | १८०० | १००० | ८०० | ०० | ३०० | ९०० | ६०० | |
| २०८४/०८५ | १२०० | ७०० | ५०० | ०० | ४०० | ५०० | ३०० | |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ३.१८ मा प्रस्तुत गरिएको छ ।

*तालिका ३.१८: भूमि व्यवस्था, सहकारी तथा वित्तीय व्यवस्था उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | भूमि व्यवस्था कार्यक्रम | अव्यवस्थित बसोबासी तथा भूअनिक्रमणको समस्या समाधान गर्नु | सालबसाली | २५०० | भू-उपयोगसँग सम्बन्धीत समस्या समाधन हुनेछ । |
| २. | सहकारी तथा वित्तीय सेवा प्रवर्द्धन कार्यक्रम | सहकारी तथा वित्तीय सेवामा सबै गाउँवासीको सहज पहुँच स्थापित गर्नु | सालबसाली | २००० | वित्तीय सेवामा पहुँच भएको जनसंख्या ८० % भएको हुनेछ |

### ३.६.९ जोखिम तथा अनुमान

भू उपयोग नीतिको कार्यान्वयन भएको हुनेछ। सहकारी तथा वित्तीय क्षेत्रको विकासमा सरकारी तथा निजी क्षेत्रबाट पहल र लगानी विस्तार भएको हुनेछ। आर्थिक तथा राजनीतिक स्थितिमा स्थिरता र आर्थिक गतिविधि विस्तार भइ जानेछन् । उपरोक्त अवस्था सिर्जना हुन नसकेमा लक्ष्य हासिल गर्न जोखिम रहन्छ ।

## ३.७ श्रम तथा रोजगारी

### ३.७.१ पृष्ठभूमि

यस मार्मा गाउँपालिकामा पेशागत आधारमा जनसंख्या तथा घरधुरी विवरण हेर्दा १६ देखि ६० वर्ष उमेर समुहको जनसंख्या मध्ये करिव ४५% मानिसहरु मात्रै कुनै न कुनै पेशामा आवद्ध भएको देखिन्छ।पेशा व्यवसायमा संलग्न मध्ये ८१% मानिसहरुले कृषि पेशालाई मुख्य पेशको रुपमा अगालेका छन।त्यसैगरि १२%

सरकारी नोकरी (शिक्षक, सैनिक सेवा, प्रहरी सेवा आदि) मा संलग्न रहेका छन भने ५% व्यापार व्यवसाय, ठेक्कापट्टा, पसल आदि साना ठूला खालका व्यापारमा संलग्न रहेका छन। त्यसै गरि करिव २ प्रतिशत मानिसहरु अन्य पेशा जस्तैः गैह्र सरकारी संस्था तथा निजि कम्पनीमा आवद्ध भएको देखिन्छ। (पालिका प्रोफाइल,२०८०)

यस मार्मा गाउँपालिकामा रोजगारीका सीमित अवसरहरु मात्रै उपलब्ध भएको कारणले परिवारमा रोजगार भएका मानिसहरुको संख्या पनि एकदमै न्युन रहेको छ|त्यसैले मार्मा गाउँपालिकाको श्रमयोग्य जनशक्ति ३९३६ जना मध्ये ठुलो संख्या २७२३(६९%) जना बेरोजगार रहेका छन् भने बाँकी रोजगार भएका ९५५ (२४%) र स्वरोजगार संख्या २५८(७%) मात्रै रहेका छन्|औसत प्रतिशत घरधुरीले परम्परागत तथा आधुनिक कृषि पेशा अवलम्बन गरेको पाइन्छ। यसरी प्राप्त तथ्याङ्कको विश्लेषण गर्दा कृषि र पशुपालनबाट मात्र पूर्ण र रोजगारी दिन नसकेको अवस्था छ। जनताले जीवन यापनका लागि विभिन्न विकल्प अपनाएको अवस्था छ। स्रोत साधन र हातमा सीप भएर पनि बेरोजगार भएर बस्नु पर्ने अवस्थाले गर्दा देश छाडेर जाने युवाको संख्या १२०४ भन्दा माथि छ। यो गाउँपालिका सहरीकरण तर्फ उन्मुख त छ तर पूर्वाधार को विकास भने दिगो र योजनाबद्ध रुपले हुन सकेको छैन। तसर्थ, श्रम तथा रोजगारी को क्षेत्रमा स्वरोजगारी सिर्जना गर्ने यस पालिकाको नितान्त आवश्यक विषय रहि आएको छ।

### ३.७.२ समस्या तथा चनौति

निर्माणको बजेट उपकरण लक्षित हुनु, रणनैतिक हिसाबबाट रोजगारी सिर्जनामा ध्यान नपुग्नु, हातमा सीप भएर पनि रोजगारीको अभावमा युवाशक्ति गाउँनै खाली गरी विदेशिनु परेको अवस्था हुनु उत्पादन केन्द्रित योजनाहरु बन्न नसक्नु श्रम, रोजगारी तथा खाद्य सुरक्षाका चुनौतीका रूपमा रहेका छन् ।

### ३.७.३ सोच

"गरिवी न्यूनीकरण र जीवनस्तरमा सुधारः उत्त्पादनशील रोजगारी समृद्धिको आधार"

### ३.७.४ उद्देश्य

१. आन्तरिक रोजगारीका अवसरमा वृद्धि र बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूतिमार्फत रोजगारीको हकको कार्यान्वयन गर्नु,
२. व्यावसायिक सीपयुक्त जनशक्ति तयार गरी उद्यमशीलता अभिवृद्धि र स्वरोजगार प्रबर्द्धन गर्नु,
३. दिगो, समावेशी, मर्यादित एवं व्यवस्थित श्रम बजारको सुनिश्चितता गर्नु ।

### ३.७.५ रणनीति

१. श्रम बजारलाई दिगो, समावेशी र मर्यादित बनाउँदै युवा जनशक्तिलाई बजार मागअनुरूपका सीपमा आधारभूत तालिम र क्षमता विकास (बुस्टर कार्यक्रम मार्फत् स्थानीय श्रमबजारमा सहभागी हुने अनुकूल बातावरण निर्माण गर्ने।
२. संघ, प्रदेश र निजी क्षेत्रसँगको सहकार्यमा स्थानीय श्रम बजारका लागि आवश्यक पेशा, सीप, दक्षताको विषयमा गहन अध्ययन गरी कामदारको माग र आपूर्तिको प्रोफाइल तयार गरी श्रम बजारलाई व्यवस्थित गर्ने ।

३. सरकारी निकायहरू, गैरसरकारी संस्थाहरू, सहकारी तथा निजी क्षेत्रहरू बीच समन्वय, संयोजन र सञ्चारलाई प्रभावकारी बनाउँदै रोजगारी सिर्जनाको एकीकृत प्रयास गर्ने ।

४. कार्य क्षेत्रमा आधारित तालिम, रोजगार सूचनाको प्रवाह तथा परामर्श र वित्तीय सहयोगमार्फत रोजगारीका अवसरहरूको सिर्जना गर्ने ।

५. काम गर्ने उमेरका स्थानीय युवाहरूलाइ स्वरोजगार बन्न एवं श्रम बजारमा आकर्षित गर्न क्षमता विकास र जागरण अभियान सञ्चालन गर्ने ।

६. रोजगार सेवा केन्द्र तथा रोजगार व्यवस्थापन सूचना प्रणालीको प्रभावकारी सञ्चालन गर्ने।

७. संघ र प्रदेश सरकारको सहकार्यमा श्रमबजारको विस्तृत अध्ययन गरी बजारलाई तथ्यमा आधारित बनाइने

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.१९ मा प्रस्तुत गरिएकोछ :

***तालिका ३.१९ : श्रम तथा रोजगारी उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान***

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| दर्ता भएका कुल बेरोजगार व्यक्ति | संख्या | १५२० | १८०० | २००० | २२०० | २४०० |
| न्यूनतम रोजगारी प्राप्त गरेका सूचीकृत बेरोजगार व्यक्ति | संख्या | ८७ | १२५ | १५० | १७५ | २०० |
| रोजगार कार्यक्रम अन्तरगत संचालति आयोजना | संख्या | १४ | २० | २२ | २५ | ३० |
| कार्यक्रमबाट सिर्जित रोजगारीको कार्यदिन | संख्या | १०० | १२० | १४० | १६० | १८० |

### ३.७.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम तथा रोजगारी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ३.२० मा प्रस्तुत गरिएको छ :

***तालिका ३.२० : श्रम तथा रोजगारी उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान***

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ५००० | २००० | ३००० | ०० | ३०० | २८०० | १९०० | |
| २०८३/०८४ | ६००० | २५०० | ३५०० | ०० | ५०० | ३००० | २५०० | |
| २०८४/०८५ | ७००० | ३००० | ४००० | ०० | ६०० | ३४०० | ३००० | |

### ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको श्रम तथा रोजगार उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ३.२१ मा प्रस्तुत गरिएको छ ।

*तालिका ३.२१: श्रम तथा रोजगारी उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | प्रधानमन्त्री रोजगार कार्यक्रम | बेरोजगारलाई मौसमी रोजगारी प्रदान गरि बार्षिक आयमा वृद्धि गर्नु | सालबसाली | ८५०० | न्यून आय भएका बार्षिक १०० जना विपन्न बेरोजगार व्यक्तिले रोजगार प्राप्त गरेको हुनेछ। |
| २. | स्वरोजगार प्रवर्द्धन कार्यक्रम | स्थानीय स्रोत साधनमा आधारित उद्योग व्यवस्थापनसँग सम्बन्धीत रोजगारी वृद्धि गर्नु | सालबसाली | ९५०० | बार्षिक २०० जना स्वरोजगार भएको हुनेछ। |

### ३.७.९ जोखिम तथा अनुमान

रोजगारी सिर्जनामा अन्तर-सरकार साझेदारी र सहकार्यमा वृद्धि भएको हुनेछ। रोजगारी सम्बन्धी व्यावहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ। रोजगारीका नविनतम क्षेत्रको पहिचान गरी सीप विकास तथा क्षमता विकासका प्रयास अवसर उपलब्ध भएका हुनेछन्। आर्थिक तथा राजनीतिक क्षेत्रमा स्थिरता र रोजगार प्रवर्द्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएमा अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहन सक्छ।

## ३.८ गरिबी निवारण

### ३.८.१ पृष्ठभूमि

नेपालमा गरिबी न्यूनीकरणका लागि योजनावद्ध रूपमा कार्य शुरुवात भएको लगभग ६ दशक भएको छ। राणा शासनको अवसानपछि नै यस्ता प्रयास भएका छन्। शुरुवातका दिनमा कृषि उत्पादनमा वृद्धि र पूर्वाधारको निर्माणबाट नै गरिवी निवारण हुन्छ भन्ने सोचाइ अनुरूप नै योजनाहरू बनाइएका थिए। तर हालका दिनमा गरिवी निवारणका लागि प्रत्यक्ष एवम् परोक्ष रूपमा सहयोग पुर्याउने कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। वर्तमानमा ५० भन्दा वढी गरिव लक्षित कार्यक्रम सञ्चालन भइरहेका छन्। मार्मा गाउँपालिकामा गरिबसँग विश्वेधर कार्यक्रम सञ्चालनमा रहेको छ भने अन्य क्षेत्रको लगानीको प्रमुख उद्देश्य मध्ये गरिवी निवारण एक हो।

### ३.८.२ समस्या तथा चनौति

गरिवी निवारणलाई तीन वटै तहको सरकारले मुख्य लक्ष्यका रूपमा लिइ कार्य गरेता पनि गरिबीको दुष्चक्र तोडने दिशामा आशातित सफलता हासिल हुन सकेको छैन्। क्षमता विकास भन्दा वितरणमुखी कार्यक्रम, वास्तविक गरिव पहिचानमा कमी, गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमबीच समन्वयको कमी यस क्षेत्रका प्रमुख समस्याहरू हुन। अज्ञानता, कुसंस्कार, सीप तथा दक्षतामा कमी र न्यून आय आर्जनका अवसरहरूले गरिवी

निवारणका प्रयासहरू प्रभावकारी हुन सकिरहेका छैनन्। गैर आर्थिक क्रियाकलापमा श्रमशक्तिको उपयोग र न्यून आय आर्जनका कारण गरिबी निवारण कठिन बनेको छ। आर्थिक क्षेत्रमा कोभिड महामारी र राष्ट्रिय रूपमा देखा परेको आर्थिक गतिविधिमा देखा परेको सिथिलताका कारण रोजगारीको क्षेत्र संकुचित भएको छ। स्थानीय अर्थतन्त्रको प्रमुख संवाहक कृषि, पशुपालन, उद्योग तथा पर्यटन क्षेत्रवाट अति विपन्न वर्गको आयआर्जनलाई तुलनात्मक फाइदा पुर्याउन सकेको छैन। लक्ष्य अनुरूप गरिवी घटाउनु, असमानता बढनु र दिगो रोजगारीका अवसर सिर्जना गर्नु प्रमुख चुनौतिका रूपमा रहेका छन् ।

### ३.८.३ सोच

"आयस्तरमा दिगो वृद्धिः गरिबी निवारण र समृद्धि"

### ३.८.४ उद्देश्य

१. गरिब पहिचान गर्नु एवम् गरिव लक्षित कार्यक्रम सञ्चालन गर्नु,
२. गरिव वर्ग लक्षित सीप विकास तथा रोजगारी सिर्जना गर्नु,
३. स्रोत तथा साधनमा गरिबको सहज पहुँच स्थापित गर्नु ।

### ३.८.५ रणनीति

१. गरिब घरपरिवार पहिचान गरी सोसम्बन्धी विवरण अद्यावधिक गर्ने ।
२. गरिबलाई लक्षित गरी रोजगार तथा स्वरोजगारमूलक सीप विकास तालिम तथा शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने ।
३. उत्पादनमूलक रोजगारीका अवसरको अभिवृद्धि गरी गरिबको पहुंच सुनिश्चित गर्ने ।
४. आधारभूत आवश्यकताबाट वञ्चित गरिब घरपरिवारलाई तत्कालिन तथा दीर्घकालीन रूपमा आवश्यकताको सम्बोधन गर्ने ।

### ३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं ३.२२ मा प्रस्तुत गरिएकोछ :

*तालिका ३.२२ : गरिबी निवारण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान*

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| हरेक बर्ष गरिब लक्षित कार्यक्रमबाट लाभान्वित जनसंख्या | जना | १०० | १५० | २०० | २५० | ३०० |

### ३.८.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा गरिवी निवारण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ३.२३ मा प्रस्तुत गरिएको छ

*तालिका ३.२३ : गरिवी निवारण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | १००० | ३०० | ७०० | ०० | १०० | ६०० | ३०० | |
| २०८३/०८४ | १२०० | ५०० | ७०० | ०० | २५० | ६५० | ३०० | |
| २०८४/०८५ | २३०० | ७०० | १६०० | ०० | ४०० | १००० | ९०० | |

### ३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको गरिबी निवारण उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ३.२१ मा प्रस्तुत गरिएको छ ।

***तालिका ३.२१: गरिवी निवारण उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | गरिबि निवारण कार्यक्रम | गरिबीको रेखामुनी रहेको जनसंख्यालाई सीप विकास र आय आर्जनका अवसर उपलब्ध गराउनु | सालबसाली | ४५०० | निरपेक्ष गरिबीको रेखामुनी रहेको गाउँबासि जिवन स्थर सुधार भएको हुनेछ । |

### ३.८.९ जोखिम तथा अनुमान

निरपेक्ष गरिबी घटाउने राष्ट्रिय लक्ष्य बमोजिमको लगानी र अग्रसरता सबै तहको सरकारबाट भएको हुनेछ । गरिब घरपरिवार यथार्थ तथा अद्यावधिक विवरणका आधारमा कार्यक्रम संचालन भएका हुनेछ। गरिब निवारणलाई सबै कार्यक्रम तथा आयोजनाको अन्तरसम्बन्धीत क्षेत्रका रुपमा लिइ लक्ष्य तय भएको हुनेछ। उपरोक्त परिवेश कायम हुन नसके अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहन सक्छ।

# परिच्छेद ४ : सामाजिक क्षेत्र

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.१.१ पूष्ठभूमि

नेपालको संविधानले माध्यमिक तह सम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ। शिक्षामा सबै नागरिकको पहुँचको सुनिश्चितताका साथै गुणस्तरीय शिक्षा प्रदान गर्नु प्रमुख जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। शिक्षाले रोजगारी र आयआर्जनको अवस्था सृजना गरी मानिसको जीवन स्तरमा सुधार ल्याउनुका साथै सामाजिक र सास्कृतिक विकासमार्फत् सभ्य समाजको निर्माण गर्दछ। शिक्षामा गरेको लगानीले विकासको समग्र पक्षमा प्रभाव पर्ने हुँदा लगानी वृद्धि तर्फ राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा जोडदार आवाज उठ्दै आएको छ। युनस्कोद्वारा प्रकाशित EFA Global Monitoring Report ले शिक्षाको लक्ष्य हासिल गर्न सबै राष्ट्रलाई कुल राष्ट्रिय उत्पादनको ६ प्रतिशत र बार्षिक बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्न सुझाव दिएको छ। सोही प्रतिवेदनमा कुल राष्ट्रिय उत्पादनको १८ प्रतिशत बराबरको लगानी सीकाई सुधारमा लगाउने हो भने प्रतिव्यक्ति आयमा १ प्रतिशतले वृद्धि हुने तथ्य पनि उल्लेख गरिएको छ। यसैगरी दिगो विकासका लक्ष्यहरूमध्ये

लक्ष्य ४ मा "समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसरहरू प्रदान गर्ने," भनी लक्ष्य प्राप्तिका लागि मार्गदर्शकको रूपमा अगाडि सारिएको छ।

गाउँपालिकाभित्र कूल ४१ वटा शैक्षिक संस्था रहेका छन्।जसमध्ये बालविकास केन्द्र २६ वटा, आधारभूत तहका विद्यालय ६ वटा, माध्यामिक तहको ७ वटा, क्याम्पस १ वटा र प्राविधिक तथा व्यवसायिक विद्यालय १ वटा रहेका छन्।गाउँपालिका क्षेत्रको साक्षरताको स्थिति हेर्दा पाँच वर्ष माथिको कूल १५,३२९ जनसङ्ख्यामध्ये ८८ प्रतिशत साक्षर रहेका छन्।लैङ्गिकताका आधारमा पुरुष ९५ प्रतिशत र महिला ८१ प्रतिशत साक्षर छन् । वडागत रुपमा विश्लेषण गर्दा सबैभन्दा कम साक्षरता दर वडा नं ३ को ८२.१ प्रतिशत छ भने सबैभन्दा बढी साक्षरता दर वडा नं ४ मा ९३.० प्रतिशत छ।

यस गाउँपालिकामा ५-१६ वर्ष उमेर समुह अर्थात् विद्यालय उमेर समुहका कूल ४३१५ जना बालबालिका रहेका छन् | जसमध्ये केटा ६१६४(५०.२%) र केटीहरुको संख्या २१५१(४९.८%) रहेको छ | उक्त बिद्यालय उमेरका बालबालिकाहरु मध्ये ४१२० (९५.५%) बिद्यालय जाने गरेका र १९५(४.५%) बालबालिकाहरु नजाने गरेको प्राप्त तथ्यांकबाट देखिन्छ।बिद्यालय जाने गरेका ४१२० जना मध्ये पनि बिद्यालय जाने केटा संख्या २११९ (५१.४%) रहेका छन् भने बिद्यालय जाने केटीहरुको संख्या २००१ (४८.६%) रहेको छ।त्यस्तै बिद्यालय नजाने १९५ जना बालबालिकाहरु मध्ये केटा ४५(२३.१%) र केटी १५० (७६.९%) रहेका छन्।

यस मार्मा गाउँपालिकामा विभिन्न तहका गरि ४१ वटा शैक्षिक संस्था (बालविकास केन्द्र, आधारभूत तह, माध्यमिक तह, क्याम्पस र प्राबिधिक तथा व्यबसायिक) हरु रहेका छन्।गाउँपालिका भित्र बालविकास केन्द्र २६ वटा, आधारभूत तहका विद्यालय ६ वटा, माध्यमिक तहका विद्यालय ७ वटा, क्याम्पस १ वटा र प्राविधिक तथा व्यवसायिक विद्यालय १ वटा रहेका छन् । ति सबै प्रकारका शैक्षिक संस्थाहरुमा कूल ५५३६ विद्यार्थीहरु रहेका छन्।

यस मार्मा गाउँपालिकाका बिद्यालय जाने उमेरका कूल ४,३१५ जना बालबालिकाहरु मध्ये १९५ जना अर्थात् ४.५% बालबालिकाहरु विद्यालय बाहिर रहेका छन्। त्यसैगरि १६ वर्षमुनिका १६ जना बालबालिका (१ जना केटी र १५ जना केटा हरु विद्यालय छोडेर श्रमिकको रुपमा गाउँपालिका भन्दा बाहिर गई कामगर्ने गरेका छन्। विद्यालय नजानुको मूख्य कारणहरुमा अविभावकहरुमा शिक्षा सम्बन्धि चेतनाको कमि, पढाई खर्च व्यहोर्न नसक्नु र आधारभूत तह पछि माध्यमिक तहको पढाईका लागि घरभन्दा टाढा जानुपर्ने रहेका छन् ।

### ४.१.२ समस्या तथा चूनौति

शिक्षाको पूर्वाधारको अवस्था राम्रो भए तापनि विद्यालय जाने उमेरका ४१२० बालबालीकामध्ये अझै पनि १९५ बालबालीका विद्यालय नगएको अवस्था छ (गाउँपालिका प्रोफाइल, २०८०) भने पढ्न लेख्न नसक्ने अझै पनि १२ प्रतिशत छन्।अधिकांश शिक्षण संस्थाहरुलाई प्रविधिसँग जोडिन नसकेको अवस्था छ । प्राविधिक शिक्षालयको अभावका कारण प्राविधिक शिक्षा विकासमा चुनौतीको रूपमा छ।एक अनुमानअनुसार यस गाउँपालिकाकम विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु कक्षा दोहोर्‍याउने प्रवृत्ति बढी हुनु, दलित, आदिवासी जनजाति भर्नादर न्यून हुनु, दलित, आदिवासी जनजाति विद्यालय छाड्ने दर बढी हुनु विद्यालय आर्थिक रूपले कमजोर

हुनु, अभिभावक चनाखो नहुनु, शिक्षक दरबन्दी कम हुनु, शिक्षामा राजनीतिकरण हुनु, शिक्षकमा प्रतिबद्धताको कमी, आधुनिक प्राविधिको प्रयोग नहुनुजस्ता शिक्षाका समस्या यस पालिकाभित्र विद्यमान छन् ।

### ४.१.३ सोच

"गुणस्तरीय प्राविधिक र व्यावहारिक शिक्षाः नैतिकवान र सक्षम जनशक्ति उत्पादन हाम्रो आकांक्षा"

### ४.१.४ उद्देश्य

- शैक्षिक पूर्वाधारहरुको सुधार गर्ने ।
- शिक्षालाई प्रविधिमा जोड्ने ।
- शिक्षकहरुको क्षमता विकास गर्ने ।
- बञ्चित वर्गको शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

### ४.१.५ रणनीति

१. सबै क्षेत्र, वर्ग, समुदाय र उमेर समूहका बालबालिकाको औपचारिक शिक्षामा प्रोत्साहन, अवसर र उत्प्रेरणा मार्फत पहुँच वृद्धि गर्ने ।

२. सिकाइमैत्री र भय तथा हिंसा रहित वाताबरण तयार गरी सबै वालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

३. गुणस्तरीय सीपमूलक र रोजगारीमूलक शिक्षामा जोड दिने ।

४. नविनतम प्रविधिको उपयोगलाई विस्तार गर्ने ।

५. श्रम बजारको माग अनुसारका प्राविधिक धार थप गर्दै लैजाने ।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४.१ मा प्रस्तुत गरिएको छ :

***तालिका ४.१ : शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| हालको साक्षरत दरमा वृद्धि | प्रतिशत | ७७.१ | ७७.१ | ७८.५ | ८०.०० | ८०.५० |
| प्रारम्भिक बालविकास कुल विद्यार्थि संख्या | संख्या | २१० | २२० | २५० | २८० | ३०० |
| आधारभुत तहको कुल भर्ना विद्यार्थि संख्या | संख्या | १९०४ | १९०४ | २००० | २१०० | २२०० |
| माध्यमिक तहको कुल भर्ना विद्यार्थि संख्या | संख्या | ११८८ | ११८८ | १२०० | १२५० | १३०० |
| घरमै प्रसुती हुनेको संख्या घटाउने | संख्या | ०० | ०० | ०० | ०० | ०० |
| आधारभुत तहका विद्यालयहरु | संख्या | ३८ | ३८ | ३८ | ३८ | ३८ |
| माध्यमिक तहका विद्यालयहरु | संख्या | ७ | ७ | ७ | ७ | ७ |

### ४.१.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ४.२ मा प्रस्तुत गरिएको छ :

*तालिका ४.२ : शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ८५०० | ५००० | ३५०० | ०० | ५०० | ५००० | ३०० | |
| २०८३/०८४ | ९५०० | ४५०० | ५००० | ०० | ८०० | ४९०० | ३८०० | |
| २०८४/०८५ | ८८०० | ४००० | ४८०० | ०० | ५०० | ५२०० | ३१०० | |

### ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको गरिबी निवारण उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ४.३ मा प्रस्तुत गरिएको छ ।

*तालिका ४.३: शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बाल विकास कार्यक्रम | सबै बालबालिकालाई प्रारम्भिक बाल विकास अनुभव सहित विद्यालय शिक्षामा प्रवेश गराउनु | सालबसाली | २००० | |
| २. | आधारभूत शिक्षा कार्यक्रम | सबै बालबालिकालाई आधारभूत तहको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु | सालबसाली | ३५०० | |
| ३. | माध्यमिक शिक्षा कार्यक्रम | गुणस्तरिय माध्यमिक शिक्षा उत्तिण जनशक्ति उत्पादन गरी उच्च शिक्षाका लागि पहुँच वृद्धि गर्नु | सालबसाली | ४५०० | |
| ४. | विद्यालय भवन निर्माण कार्यक्रम | सुबिधायुक्त कक्षाकोठा निर्माण गर्नु | सालबसाली | १०००० | |
| ५. | शैक्षिक क्षेत्र विकास कार्यक्रम | शैक्षिक विकासका लागि गतिविधि संचालन गर्नु | सालबसाली | ५००० | |
| ६. | विज्ञान तथा प्रविधि प्रवर्द्धन | नव प्रवर्द्धन र नविनतम प्रविधिको विकास तथा | सालबसाली | १८०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यक्रम | विस्तार गर्नु | | | |
| जम्मा | | | | २६८०० | |

### ४.१.९ जोखिम तथा अनुगमन

संघीय शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन भएको हनेछ ।शैक्षिक क्षेत्रमा प्रयाप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर उपलब्ध भएको हुनेछ । नवीनतम प्रविधिको उपयोग, अन्तर-सरकार सहयोग र सहकार्य र सरोकारवाला बीचमा समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान दिन सकेमा अपेक्षित नतिजा हासिल हुने देखिन्छ।उपरोक्त परिस्थिति निर्माण हुन नसकेमा अपेक्षित उपलब्धि हासिल हुन कठिन हुनेछ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

यस गाउँपालिकामा स्वास्थ्य सेवा प्रदान गर्दै आएका ८ वटा स्वास्थ्य संस्थाहरुमा जम्मा गरि ४५ जना कर्मचारी सेवा प्रबाह गर्दै आइरहेका छन्|एक जना एमबिबीएस चिकित्सक समेत कार्यरत रहेको हुदा स्थानीय बासिन्दाहरुलाई सामान्य रोगहरुको चेकजाँचको लागि टाढा जानु पर्ने समस्याको समाधान भएको छ | यी संस्थामा पर्याप्त र उपयुक्त आवश्यक भौतिक पूर्वाधार, उपकरण तथा सामग्रीको अभाव र आवश्यकताअनुसार दक्ष स्वास्थ्यकर्मीको पनि कमी रहेको अवस्था छ। कुल जनसङख्या र स्वास्थ्यकर्मीहरुको अनूपातसमेत ज्यादै न्यून छ। यस गाउँपालिकामा अस्पताल भने नरहेकोले जटिल रोगहरुको निदान र बिशेषज्ञ सेवाको लागि भने गोकुलेश्वोर, खलंगा वा जिल्ला बाहिर जानु पर्ने अवस्था छ गाउँपालिकामा विशेषगरी श्वासप्रश्वास जन्य रोग, पानी जन्यरोग, रक्तचाप, मृगौला सम्बन्धि रोग, दमको बिरामी र महिलामा पाठेघरको समस्या रहेको पाइन्छ ।

### ४.२.२ समस्या तथा चूनौति

पालिकाभित्रको जनसङ्ख्याको अनूपातमा स्वास्थ्य संस्था कम रहेको छ।अस्पतालको अभावले कतिपय बिरामीहरुलाई थप उपचारको लागि अन्यत्रै पुग्नु पर्ने अवस्था छ।स्वास्थ्यका हिसाबले हानिकारक रहेको इन्धनका लागि दाउरा बाल्ने परिवार अत्यधिक रहनु यो पालिकामा स्वास्थ्यको बढी समस्याको रूपमा रहेको छ।गाउँपालिका प्रोफाइल अनुसार कूल २८०३ परिवारमध्ये २३४५ परिवार (८३.७ प्रतिशत) परम्परागत अगेनोमा खाना पकाउने हुनु, २३३ परिवार अझै असुरक्षित कुवा र खोलाको पानी पिउनु पर्ने अवस्थामा हुनु, कतिपय विद्यालयमा अझै व्यवस्थित शौचालय नहुनु र यथेष्ट रूपमा सार्वजनिक शौचालयको अभाव पनि स्वास्थ्यसँग जोडिएका चुनौती छन् ।

### ४.२.३ सोच

"स्वास्थ्य बीमा र निशुल्क उपचार: आधारभूत स्वास्थ्य जनताको अधिकार"

### ४.२.४ उद्देश्य

१. सर्वसुलभ, गुणस्तरीय तथा नि:शुल्क आधारभूत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवाको सन्तुलित विकास तथा विस्तार गर्नु,

२.सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको आधारभुत स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्नु,
३. पोषण तथा जनस्वास्थ्यका लागि गाउँवासीको जीवनशैली सुधार गर्नु,

### ४.२.५ रणनीति

१. अन्तर-सरकारी, निजी, सामुदायिक र गैर सरकारी क्षेत्रको सहयोग तथा सहकार्यमा गाउँबासीलाई गुणस्तरीय आधारभुत स्वास्थ्य तथा पोषण सेवा उपलव्ध गराउने,
२ . आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय तुल्याइ आम गाउँवासीको पहुंच सुनिश्चित गर्ने,
३. स्वास्थ्य सस्थाहरूमा मापदण्डअनुसारका भौतिक पूर्वाधार तथा औजार उपकरणहरूको व्यवस्थापन तथा सुदृढीकरण गर्ने ।
४. विद्यालय तथा समुदायस्तरबाट पोषण तथा जनस्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने ।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार स्वास्थ्य तथा पोषण उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४.४ मा प्रस्तुत गरिएको छः

***तालिका ४.४ : स्वास्थ्य तथा पोषण उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| स्वास्थ्य चौकीको संख्या | संख्या | ५ | ६ | ६ | ६ | ६ |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र | संख्या | १ | १ | १ | १ | १ |
| सामुदायिक स्वास्थ्य इकाइ केन्द्र | संख्या | ९ | ९ | ९ | १० | १० |
| गाउँघर क्लिनिकको संख्या | संख्या | २१ | २१ | २४ | २६ | २८ |
| खोप केन्द्रको संख्या | संख्या | २५ | २५ | २७ | २७ | ३० |
| बर्थिङ्ग सेन्टरको संख्या | संख्या | ७ | ७ | ८ | १० | १२ |
| सबैमा गरी स्वास्थ्य कर्मचारी संख्या | संख्या | ६२ | ६२ | ६५ | ७० | ७५ |
| महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुको संख्या | संख्या | ४० | ४० | ४५ | ५० | ५५ |

### ४.२.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ४.५ मा प्रस्तुत गरिएको छ :

***तालिका ४.५ : स्वास्थ्य तथा पोषण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान***

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८२/०८३ | ५००० | ३५०० | १५०० | ०० | ३०० | २७०० | २००० | |
| २०८३/०८४ | ५५०० | ३००० | २५०० | ०० | ५०० | ३५०० | १५०० | |
| २०८४/०८५ | ६५०० | २८०० | ३७०० | ०० | ६०० | ३००० | २९०० | |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपल्बधि सहितको स्वास्थ्य तथा पोषण उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ४.६ मा प्रस्तुत गरिएको छ ।

***तालिका ४.६: स्वास्थ्य तथा पोषण उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | स्वासथ्य पूर्वाधार विकास कार्यक्रम | सबै वडाका आधारभूरत स्वास्थ्य सेवा केन्द्रका भवन तथा अन्य भवन संचालनमा ल्याउनु | सालबसाली | ९००० | मापढण्ड अनुसारको आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण गरि सर्वसुलभ सेवा उपलब्ध हुनेछ |
| २. | स्वास्थ्य तथा पोषण प्रवर्द्धन कार्यक्रम | स्वास्थ्य संस्थाहरूबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु | सालबसाली | ८००० | स्वास्थ्य संस्थाहरूमार्फत नियमित रुपमा गुणस्तरीय सेवा प्रवाह भएको हुनेछ |

### ४.२.९ जोखिम तथा अनुगमन

स्वास्थ्य तथा पोषण क्षेत्रको प्रवर्द्धनमा अन्तर सरकार साझेदारी र सहकार्यमा विस्तार भएको हुनेछ। यस क्षेत्रना पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन र सरोकारवालाबीच समन्वय प्रभावकारी भएको हुनेछ। स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधी र खोप व्यवस्थापनमा अन्तर निकाय तथा सरोकारवालाको सक्रिय सहभागिता, सहकार्य र साझेदारी हुन नसकेमा लक्ष्य हासिल गर्न कठिन हुन सक्नेछ।

## ४.३ खानेपानी तथा सरसरफाई

### ४.३.१ पृष्ठभूमि

गाउँपालिका क्षेत्रमा रहेका कूल २८०३ घरपरिवारमध्ये सबैभन्दा उच्च २५७० अर्थात् ९२ प्रतिशत घरपरिवारले पाइपको धाराको पानी उपयोग गर्दछन् भने बाकि ८ प्रतिशत घरधुरी सुरक्षित खानेपानी सेवा बाट टाढा रहेका छन् | एक पटक सबै घरधुरीहरुमा पाइपबाट वितरित धाराको पानी उपलब्ध भएता पनि उचित मर्मत सम्भार तथा व्यवस्थापन नभएकोले बाकि घरधुरीहरुले सेवा बाट बन्चित हुनु परेको छ|बाकि घरधुरीहरुले ढुंगेधारा/नाउलाको पानि उपयोग गर्ने गरेका छन् |

गाउँपालिकामा हाल प्रयोगमा रहेका तथा भविष्यमा प्रयोग हुनसक्ने जलस्रोतको अवस्थाको विश्लेषण गर्दा यस मार्मा गाउँपालिकामा जम्मा ३२२ वटा पानीका स्रोतहरु उपलब्ध रहेका छन्। उक्त श्रोतहरु मध्ये २८८ वटा मूल र ३४ वटा नदि/खोला रहेका छन्। अवस्थित पानीका श्रोत संख्याको आधारमा सबैभन्दा बढी पानीका श्रोतहरु बडा नं १ मा र सबैभन्दा कम श्रोत वडा नं ५ मा रहेका छन्।

यस मार्मा गाउँपालिकाका सबै वडाहरु विगतमा गा.वि.स. हुँदा खुल्ला दिशामुक्त घोषणा भैसकेको भएता पनि ति शौचालयहरुको मर्मत सम्भार नहुँदा केहि शौचालयहरु बिग्रेभत्केको अवस्थामा रहेका छन्।एकपटक गाउँपालिकाका सबै घरधुरीहरुमा शौचालय निर्माण भैसकेको भएता पनि हाल घरधुरी सर्वेक्षण गर्दा गाउँपालिकाको कूल घरधुरी मध्ये ७९ (३४) घरमा शौचालय नभएको अवस्था छ।बिगतमा खाल्डेचर्पीको संख्या अत्यधिक भएतापनि हाल पक्कि शौचालयको संख्या भने बढ्दै गईरहेको छ। सर्वेक्षण अनुसार हाल कूल घरधुरी मध्ये २३२३(८३%) घरधुरीहरुमा पक्कि चर्पी रहेको छ भने ४०१(१४%) घरधुरीहरुमा खाल्डे चर्पी रहेको छ।

### ४.३.२ समस्या तथा चूनौति

अधिकांश घरहरुमा पानीको पहुँच भएर पनि पानीको शुद्धताको सोच नहुनु, अझै पनि २३३ परिवार कुवा तथा खोलाको पानीमा भर पर्नु पर्ने अवस्था रहनु चुनौतीपूर्ण छ।२३२३(८३%) परिवारले मात्र  शौचालय प्रयोग गर्ने गरेको अवस्थामा खानेपानी तथा सरसफाइमा सबैको पहुँच पुर्‍याउने लक्ष्य यस क्षेत्रका थप चुनौती हुन् ।

### ४.३.३ सोच

"स्वच्छ खानेपानी र सरसफाईको अभियानः मानव जीवनको पहिचान"

### ४.३.४ उद्देश्य

- सुरक्षित खानेपानीका लागि भैरहेका खानेपानी शुद्धीकरण अभियान सञ्चालन गर्ने
- सुरक्षित खानेपानीमा जनताको सहज पहुँच वृद्धि गर्न नयाँ योजनाहरुको निर्माण र भैरहेकाको सुधार गर्न
- सरसफाइका माध्यमबाट वातावरण सुरक्षित बनाउने र जनताको जीवनस्तरमा सुधार ल्याउने ।

### ४.३.५ रणनीति

१. स्वच्छ खानेपानी तथा आधारभूत सरसफाई सुविधामा पहुँच विस्तार गर्ने ।

२ खानेपानीको स्रोत तथा मुलहरूको पहिचान गरी संरक्षण र व्यवस्थापन गर्ने ।

३. गरिबीको रेखामुनि रहेका व्यवस्थित शौचालय विहिन घरधुरीका लागि पक्की शौचालय निर्माण गर्न सहयोग गर्ने ।

४. नागरिकको बढी जमघट हुने बजार तथा सार्वजनिक स्थानहरूमा सार्वजनिक शौचालयको प्रवन्ध गर्ने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४.७ मा प्रस्तुत गरिएको छ।

***तालिका ४.७: खानेपानी तथा सरसफाई उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| पाइप/धाराको पानीमा पहुँचको संख्या | संख्या | २००० | २२०० | २५०० | ३००० | ३५०० |
| कुवाको पानीमा भर पर्ने | संख्या | १२०० | १००० | ८०० | ६०० | ६०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| परिवार संख्या | | | | | | |
| मूल तथा खोलाको पानीमा भर पर्ने परिवार संख्या | संख्या | ५०० | ५०० | ४०० | ३०० | २०० |
| सार्वजनिक शौचालय संख्या | संख्या | २ | २ | ३ | ४ | ५ |
| फोहोरमैला फ्याँक्ने स्थानको संख्या | संख्या | ०० | १ | १ | १ | १ |
| फ्लस् भएको सेप्टी ट्याङ्की सहितको शौचालय प्रयोग गर्ने परिवार प्रतिशत | प्रतिशत | ९० | ९० | ९२ | ९५ | ९७ |
| साधारण शौचालय भएका परिवार प्रतिशत | प्रतिशत | १० | १० | ८ | ७ | ५ |
| शौचालयनै नभएका परिवार संख्या | संख्या | ०० | ०० | ०० | ०० | ०० |

### ४.३.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानि तथा सरसफाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ४.८ मा प्रस्तुत गरिएको छ :

*तालिका ४.८ : खानेपानी तथा सरसफाई उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | १४१०० | ६००० | ८१०० | ०० | १००० | ९००० | ४१०० | |
| २०८३/०८४ | १८००० | ५५०० | १२५०० | ०० | १२०० | १२००० | ४८०० | |
| २०८४/०८५ | २२००० | ७००० | १५००० | ०० | १५०० | १६००० | ४५०० | |

### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपल्बधि सहितको खानेपानी तथा सरसफाई उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ४.९ मा प्रस्तुत गरिएको छ ।

*तालिका ४.९: खानेपानी तथा सरसफाई उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | खानेपानी तथा सरसफाई कार्यक्रम | खानेपानी तथा सरसफाई सुबिधामा गुणात्मक सुधार गर्नु | सालबसाली | ७००० | खानेपानीमा तथा सरसफाई कार्यक्रम प्रभावकारी रुपमा कार्यन्वयन भएको हुनेछ |
| २ | जीविकोपार्जनका लागि प्लास्टिक घर सहयोग कार्यक्रम | | सालबसाली | ३,५०० | |
| ३ | प्रस्तावित तीनतारे बिध्यालायाहरुमा खानेपानी तथा सरसफाइमा सहयोग | | सालबसाली | ३,५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ध्रुवतारा आ.बि. शौचालय | | सालबसाली | २,००० | |
| ५ | मुर्रे बृहत बहुउपयोगी योजना | | सालबसाली | ६५०० | |
| ६ | मौरे निम्ठा गोलेकुडी बहुउपयोगी योजना | | सालबसाली | ७००० | |
| ७ | सुधारिएको चुल्हो कार्यक्रम | | सालबसाली | ६०० | |
| ८ | लामबगर आ.बि. लामगर भान्साघर तथा चुल्हो व्यवस्थापन | | सालबसाली | १००० | |
| ९ | सामुहिक गैर्ह काष्ठ बन पैदावार खेति (बन लसुन, हल्दी आदि) | | सालबसाली | ९,००० | |
| १० | एक घर एक धारा निर्माण कार्यक्रम | | सालबसाली | १२००० | |
| जम्मा | | | | ५२१०० | |

### ४.३.९ जोखिम तथा अनुगमन

सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारवीच स्वच्छ खानेपानी तथा सरसफाईको क्षेत्रमा सहकार्य र साझेदारी निरन्तर रहेको हुनेछ। जलवायु परिवर्तवाट खानेपानीको स्रोत पर्ने नकारात्मक प्रभाव, आयोजनाको दिगो कार्यान्वयन, अन्तर सरकार सहकार्यमा कमी र सरसफाईमा समुदायस्तरको जागरुकताको कमीले खानेपानी तथा ससरफाई क्षेत्रसँग सम्बन्धित उपलब्धि हासिल गर्न कठिनाइ हुन सक्नेछ।

## ४.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ४.४.१ पृष्ठभूमि

यस गाउँपाकिामा लक्षित समूहका रूपमा आर्थिक रूपमा सीमान्तकृत, जातिगत रूपमा बहिष्कृत तथा भाषिक, जातिगत तथा धार्मिक रूपमा अल्पसंख्यक र उमेर, लिङ्ग तथा शारीरिक क्षमताका आधारमा फरक अवस्थाका मानिसको संरक्षण तथा विकासमा अलग उपाय आवश्यक पर्ने हुँदा त्यस्ता व्यक्ति वा समुदायको हितमा यो पालिकाले फरक ढङ्गका योजनाहरु तयार गर्ने जमर्को गरेको छ। लक्षित समुदायको विकास गर्ने सिलसिलामा यस पालिकाले ध्यान दिनु पर्ने लक्षित समुदायमा गा.पा. बाट प्राप्त जानकारी अनुसार अपाङ्गता भै परिचयपत्र पाउने १४८ जना, तेस्रो लिंगी ३ जना, जेष्ठ नागरिक १३७६,एकल महिला तथा पुरुष र विधुवा तथा बिदुर ५४१,अल्प संख्यक ..... परिवार, विपन्न परिवार ......., सुकुम्वासी परिवार १८ र दलित २३७ परि वार र परिवारका सदस्यहरुलाई लक्षित गर्नु पर्ने हुन आउछ।

### ४.४.२ समस्या तथा चूनौति

छरिएर रहेका, पछाडि परेका वा पारिएका लक्षित समुदाय तथा जेष्ठ नागरिक र फरक क्षमता भएकाहरुलाई उनीहरुको बसाइका कारण फरक फरक आवश्यकता तथा स्वत:स्फुर्त रूपमा अगाडि बढ्ने तत्परताका अभावको कारण विकासको मूल प्रवाहमा समेट्न कठिन पर्ने र यस्तालाई सम्बोधन गर्न सामान्य कार्यहरुबाट सम्भव नहुने हुँदा विशेष प्रकारका योजनाहरु तयार गर्नु जरुरी पर्न गएको छ।

### ४.४.३ सोच

"समतामूलक समाजको आधारः लैङ्गिक समानता तथा समावेशी विकासको प्रयास"

### ४.४.४ उद्देश्य

१. लक्षित वर्ग तथा समुदायको लागि अधिकार सुनिश्चित र आत्मसम्मानका अवसर उपलब्ध गराउनु,
२. लक्षित वर्गले भोग्नु परेका विभेद, हिंसा तथा कुप्रथा अन्त्य गर्नु,
३ समावेशी पालिका निर्माणमा नीतिगत तथा व्यावहारिक प्रयत्न गर्नु ।

### ४.४.५ रणनीति

१. महिला लक्षित तथा सीमान्तकृत समुदायको क्षमता विकास गर्ने ।
२. स्थानीय सरकार सञ्चालनमा लैंगिक उत्तरदायी शासन पद्धती अबलम्वन गर्ने ।
३. सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक, सरक्षणात्मक उपायद्वारा न्यायमा पहुंच अभिवृद्धि गर्ने ।
४. आर्थिक सामाजिक रूपमा पछाडि परेको वर्गलाई विशेष प्राथमिकता दिदै सशक्तीकरण गर्ने ।
५ विद्यालय र समुदाय सहित सबै सरोकारवालाहरूको सहकार्यमा बालमैत्री पालिका घोषणा गर्ने,

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४.१० मा प्रस्तुत गरिएको छ।

*तालिका ४.१०: महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| व्यवसायिक सीपमूलक तालिम लिने लक्षित वर्गको जनसंख्या | संख्या | २५ | ३० | ४० | ४५ | ५० |
| संस्थागत क्षमता विकास तालिम हासिल गरेका महिला | संख्या | १० | १५ | २५ | ४० | ६० |
| लक्षित वर्ग उपर हुने हिंसाका घटना | संख्या | तथ्याङ्क नभएको | २ | ० | ० | ० |
| महिला हिंसाका घटना | संख्या | तथ्याङ्क नभएको | ६ | ० | ० | ० |

### ४.४.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ४.११ मा प्रस्तुत गरिएको छ :

*तालिका ४.११ : महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८२/०८३ | २५०० | २००० | ५०० | ०० | १०० | १५०० | ९०० | |
| २०८३/०८४ | ३००० | २५०० | ५०० | ०० | २०० | १८०० | १००० | |
| २०८४/०८५ | ३३०० | २००० | १३०० | ०० | ३०० | २००० | १००० | |

### ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको महिला बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ४.१२ मा प्रस्तुत गरिएको छ ।

*तालिका ४.१२: महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | महिला तथा बालबालिका लक्षित कार्यक्रम | लक्षित वर्गको सशक्तिकरण तथा मूलप्रबाहिकरण गर्नु | सालबसाली | २५०० | स्थानीय संयन्त्रमा लक्षित वर्गका सहभागितामा वृद्धि भएको हुनेछ । |
| २ | लैङ्गिक हिंसासम्बन्धी जनचेतनामूलक कार्यक्रम | | सालबसाली | १८०० | |
| ३ | लक्षित वर्गहरुलाई आयआर्जन सम्बन्धि तालिम | | सालबसाली | ३००० | |
| ४ | महिला हिंसा न्यूनीकरण कार्यक्रम | | सालबसाली | १५०० | |
| जम्मा | | | | ८८०० | |

### ४.३.९ जोखिम तथा अनुगमन

लक्षित वर्गको कार्यक्रम कार्यान्वयनका लागि प्रयाप्त श्रोतको व्यवस्था भएको हुनेछ। अन्य तहको सरकार र सरोकारवाला निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता रहनेछ। उल्लेखित अवस्था कायम हुन नसकेमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ।

## ४.५ युवा तथा खेलकुद

### ४.५.१ पृष्ठभूमि

खेलकुद क्षेत्रमा युवाहरुलाई समेटी स्वस्थ, प्रतिस्पर्धी जनसक्ति उत्पादन गरि पालिकाको चौतर्फी विकासका साथै, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा समेत खेलाडीलाई प्रतिस्पर्धामा उतारी पालिकाको र देशको नाम संसारभरि परिचित गराउन र खेलकुद तथा पर्यटन विकासमा समेत योगदान दिलाउन स्थानीय स्तरदेखि नै युवालाई खेलकुद क्षेत्रमा आकर्षित गर्न प्रशिक्षण, पूर्वाधार र कार्याक्रमहरुको आयोजना गर्न जरुरी छ। यस गाउँपालिकामा खेल मैदान तथा पिकनिक क्षेत्र तर्फः लटिनाथ खेल मैदान, मडबगड खेल मैदान (तपोवन), खेल मैदानका रुपमा रहेका छन भने पार्क तथा पिकनिक स्थलका रुपमा सल्लेवगड, घाट बगर, नौगाड खोला क्षेत्र, घट्टे गाड खोला क्षेत्र औद्योगिक ग्राम स्थल लगायत परमचुला धाम क्षेत्र पिकनिक स्थल रहेका छन ।

### ४.५.२ समस्या तथा चुनौति

समग्रमा भन्नुपर्दा बालबालीका एवम् युवा जनशक्तिको स्वास्थ्य शारीरिक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठूलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रूपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ।

### ४.५.३ सोच

"युवाको अग्रसरताः आत्मनिर्भरता र व्यावसायिकता"

### ४.५.४ उद्देश्य

१. युवा स्वरोजगारीको वातावरण सिर्जना गर्नु,
२. युवालाई उद्यमशील, सृजनशील र जिम्मेवार नागरिक तयार गर्नु ।
३. खेलकुदलाई स्वस्थ्य, अनुशासित र व्यावसायिक क्षेत्रका रूपमा विकास गर्नु।

### ४.५.५ रणनीति

१. युवा वर्गको क्षमता विकास गरी उनीहरूलाई सामाजिक, आर्थिक र खेलकुदका गतिविधिमा संलग्न गराउने,
२. युवाहरूमा सामाजिक भावना, सिर्जनशीलता, उद्यमशीलता र नेतृत्व क्षमता विकासका लागि नियमित कार्यक्रम सञ्चालन गर्ने ।
३. खेल पूर्वाधार, सामग्री तथा प्रशिक्षणको व्यवस्था गरी प्रतिस्पर्धी खेल क्षमताको विकास गर्ने,
४. विकास प्रक्रियामा युवाको समावेशीकरण र सहभागिता सुनिश्चित गर्ने ।
५. खेल गतिविधिहरूको बार्षिक क्यालेन्डर वनाएर नियमित रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने ।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४.१३ मा प्रस्तुत गरिएको छः

***तालिका ४.१३ : युवा तथा खेलकुद उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| प्रदेश/राष्ट्रिय स्तरीय प्रशुक्षण प्राप्त खेलाडी संख्या | संख्या | तथ्याङ्क नभएको | २ | ४ | ६ | ८ |
| गाउँपालिकामा आयोजना हुने खेल संख्या | संख्या | २ | २ | ३ | ३ | ४ |
| खेल मैदान संख्या | संख्या | २ | २ | ४ | ६ | ८ |
| कभर्ड हल संख्या | संख्या | ० | ० | १ | १ | १ |
| व्यामशाला संख्या | संख्या | ० | ० | १ | १ | १ |

### ४.५.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ४.१४ मा प्रस्तुत गरिएको छ :

*तालिका ४.१४ : युवा तथा खेलकुद उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ४००० | २००० | २००० | ०० | २०० | २८०० | १००० | |
| २०८३/०८४ | ४५०० | १५०० | ३००० | ०० | ३०० | ३२०० | १००० | |
| २०८४/०८५ | ६००० | २००० | ४००० | ०० | ५०० | ४००० | १५०० | |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपल्बधि सहितको महिला बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ४.१५ मा प्रस्तुत गरिएको छ ।

*तालिका ४.१५: युवा तथा खेलकुद उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | मार्मा गाउँपालिका वडा नं. ४ र वडा नं ३ मा खेलकुद मैदान निर्माण | खेलकुद मैदान निर्माण गरि खेलकुद क्षेत्रको विकास गर्नु | | ७५०० | खेलकुद मैदान निर्माण भएको हुनेछ । |
| २. | खेलकुद विकास कार्यक्रम | खेल क्षेत्रको विकास तथा प्रवर्द्धन गर्नु | सालबसाली | ५००० | एक वडा एक खेल मैदान र तथा कवड हल संचालन भएको हुनेछ |
| ३. | गाउँपालिका स्तरीय खेलकुद कार्यक्रम | खेलकुदको विकासभई राष्ट्रिय तथा प्रदेश स्तरका खेलाडी उत्पादन गर्नु | सालबसाली | २००० | प्रदेश स्तरीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीहरुको उत्पादन हुने |
| जम्मा | | | | १४५०० | |

### ४.५.९ जोखिम तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था भएको हुनेछ। खेल विकासका लागि प्रशिक्षण, सामाग्री र खेलाडीलाई प्रोत्साहन भएको हुनेछ।उपरोक्त परिवेश तयार हुन नसकेमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ।

## ४.६ सामाजिक सुरक्षा र पञ्जीकरण

### ४.६.१ पृष्ठभूमि

यस गाउँपाकिामा लक्षित समूहका रूपमा आर्थिक रूपमा सीमान्तकृत, जातिगत रूपमा बहिष्कृत तथा भाषिक, जातिगत तथा धार्मिक रूपमा अल्पसंख्यक र उमेर, लिङ्ग तथा शारीरिक क्षमताका आधारमा फरक अवस्थाका मानिसको संरक्षण तथा विकासमा अलग उपाय आवश्यक पर्ने हुँदा त्यस्ता व्यक्ति वा समुदायको हितमा यो पालिकाले फरक ढङ्गका योजनाहरु तयार गर्ने जमर्को गरेको छ। लक्षित समुदायको विकास गर्ने सिलसिलामा यस पालिकाले ध्यान दिनु पर्ने लक्षित समुदायमा गा.पा. बाट प्राप्त जानकारी अनुसार अपाङ्गता भै परिचयपत्र पाउने १४८ जना, तेस्रो लिंगी ३ जना, जेष्ठ नागरिक १३७६,एकल महिला तथा पुरुष र विधुवा तथा बिदुर ५४१,अल्प संख्यक ..... परिवार, विपन्न परिवार ......., सुकुम्वासी परिवार १८ र दलित २३७ परि वार र परिवारका सदस्यहरुलाई लक्षित गर्नु पर्ने हुन आउछ।

### ४.६.२ समस्या तथा चूनौति

छरिएर रहेका, पछाडि परेका वा पारिएका लक्षित समुदाय तथा जेष्ठ नागरिक र फरक क्षमता भएकाहरुलाई उनीहरुको बसाइका कारण फरक फरक आवश्यकता तथा स्वतःस्फुर्त रूपमा अगाडि बढ्ने तत्परताका अभावको कारण विकासको मूल प्रवाहमा समेट्न कठिन पर्ने र यस्तालाई सम्बोधन गर्न सामान्य कार्यहरुबाट सम्भव नहुने हुँदा विशेष प्रकारका योजनाहरु तयार गर्नु जरुरी पर्न गएको छ ।

### ४.६.३ सोच

"सामाजिक सुरक्षाः पहुँच र प्रतिवद्धता"

### ४.६.४ उद्देश्य

- महिला, बालबालीका तथा किशोर किशोरीहरु र शहिद परिवारको विकास तथा सामाजिक सुरक्षाको सुनिश्चित्तता गरी भेदभाव मुक्त बनाउने
- सामाजिक रूपमा असुरक्षित महसुस भएका नागरिकलाई सुरक्षाको प्रत्याभूति गर्ने।
- समाजमा पछाडि परेका वर्ग समुदायका महिलालाई क्षमता विकासका कार्यक्रममार्फत मूल प्रवाहीकरण गर्ने र विकासको प्रतिफलमा पहुँच भएको प्रत्याभूति दिलाउने।

### ४.६.५ रणनीति

१. सहयोग र संरक्षणका माध्यमबाट आर्थिक सामाजिक वञ्चितीकरणमा परेको समुदायको सामाजिक सुरक्षामा पहुँच बढाउने ।

२. सामाजिक सुरक्षा, सहयोग र संरक्षणमा अन्तर-सरकार समन्वय र सहकार्यलाई प्रभावकारी गराउने,

३. व्यक्तिगत घटनालाई यथासमय मै दर्ताको परिपाटी निर्माण गर्न सचेतना तथा विद्युतीय सूचना प्रविधिको उपयोगलाई प्रभावकारी गराउने।

### ४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ४.१३ मा प्रस्तुत गरिएको छः

*तालिका ४.१६ : समाजिक सुरक्षा तथा पञ्जिकरण उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| समाजिक सुरक्षा कार्यक्रममा समाहित जनसंख्या | संख्या | सामाजिक सुरक्षाका लागि मापदण्ड पुगेका सबै नागरिकहरु | सामाजिक सुरक्षाका लागि मापदण्ड पुगेका सबै नागरिकहरु | निरन्तर रुपमा संचालन गरीनेछ | | |
| घटना दर्ता | प्रतिशत | ९० | ९० | ९२ | ९६ | ९८ |

### ४.६.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा समाजिक सुरक्षा तथा पञ्जिकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ४.१७ मा प्रस्तुत गरिएको छ :

*तालिका ४.१७ : समाजिक सुरक्षा तथा पञ्जिकरण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | २५०० | २००० | ५०० | ०० | ३०० | १८०० | ४०० | |
| २०८३/०८४ | ३००० | २५०० | ५०० | ०० | ३०० | २००० | ७०० | |
| २०८४/०८५ | ३५०० | ३००० | ५०० | ०० | ३०० | २५०० | ७०० | |

### ४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपलबधि सहितको समाजिक सुरक्षा तथा पञ्जिकरण उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ४.१८ मा प्रस्तुत गरिएको छ ।

*तालिका ४.१८: समाजिक सुरक्षा तथा पञ्जिकरण उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | सामाजिक सुरक्षा तथा पञ्जिकरण कार्यक्रम | सबै नागरिकको सामाजिक सुरक्षा पहुँच कायम र पञ्जिकरणलाई प्रभावकारी गराउनु | सालबसाली | ९००० | सामाजिक सुरक्षा कार्यक्रम समाहित जनसंख्या र तोकिएकै समयमा घटना दर्ता गर्ने संख्या १०० % हुनेछ । |

### ४.५.९ जोखिम तथा अनुमान

सामाजिक सुरक्षा तथा पञ्जिकरणको प्रभावकारीताका लागि अन्तर-सरकार सहकार्य सुदृढ र जनस्तरमा सचेतना अभिवृद्धि भएको हुनेछ । उल्लेखित परिवेश कायम हुन नसकेमा अपेक्षित उपलब्धी हासिल नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद ५: पूर्वाधार क्षेत्र

## ५.१ आवास, भवन तथा बस्ती विकास

### ५.१.१ पृष्ठभूमि

यस मार्मा गाउँपालिकामा जम्मा १६ वटा सरकारी कार्यालय रहेका भवनहरु रहेका छन्।१६ वटा मध्ये ६ वटा वडा कार्यालयका मात्रै आफ्नै भवन रहेका छन्। हाल गाउँपालिका कार्यालयको भवन पनि निर्माणाधीन अवस्थमा रहेको हुँदा अहिले भाडाको घरबाट दैनिक सेवा प्रवाह गर्ने कार्य भैरहेको छ। हाल निर्माणाधीन रहेका सरकारी कार्यालयहरु सबै नेपाल सरकारले तोकेको मापदण्डको आधारमा भूकम्प प्रतिरोधी प्रविधि आधारित रही निर्माण कार्य भैरहेको छ।

### ५.१.२ समस्या तथा चूनौति

भवन संहिताको पूर्ण कार्यान्वयनमा कमी रहेको छ। भू-उपयोग क्षेत्र निर्धारण, भवन निर्माण मापदण्ड पालना र व्यवस्थित एवम् सुरक्षित वस्ती चुनौतिका रूपमा रहेका छन्। राजमार्ग तथा बजार क्षेत्रमा अव्यवस्थित वस्ती विस्तार र लापरवाहीपूर्ण संरचना निर्माणले जोखिम बढाएको छ।जग्गाको अनियन्त्रित खण्डीकरणको र अव्यवस्थित भवन निर्माणको अभ्यास निरन्तर रहेको छ। छरिएको र अव्यवस्थित बस्तीका कारण विकास निर्माण तथा सेवा प्रवाह चुनौतिपूर्ण वनेको छ ।

### ५.१.३ सोच

“व्यवस्थित बस्ती, भूकम्प प्रतिरोधी भवन निर्माण, हाम्रो अभियान"

### ५.१.४ उद्देश्य

१. सुरक्षित आवास र व्यवस्थित शहरी पूर्वाधार विकास गर्नु,
२. विपद् प्रतिरोधी, मानव केन्द्रित, सुरक्षित, आर्थिक रूपमा गतिशील र व्यवस्थित गाउँपालिका निर्माण गर्नु,

### ५.१.५ रणनीति

१. भू-उपयोग क्षेत्र निर्धारण गरी राष्ट्रिय भवन सहिताको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
२. स्थानीय सामग्रीमा आधारित भवन निर्माणको प्रवर्द्धन गर्न उपयुक्त सीप तथा प्रविधिको प्रसार गर्ने ।
३. भवन निर्माणमा विपद् जोखिम प्रतिरोधात्मक उपाय अवलम्बन गर्न प्रोत्साहन गर्नु ।
४. सुरक्षित बस्ती विकासमा अन्तर-सरकार तथा समुदायसँग साझेदारी र सहकार्य विस्तार गर्ने ।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५.१ मा प्रस्तुत गरिएको छ ।

*तालिका ५.१: भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको नतिजा सूचक तथा*

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| बाँकी वडा कार्यालय भवन संख्या पूरा गरिनेछ | संख्या | ५ | ६ | ६ | ६ | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सामुदायिक भवन संख्या थप हुनेछ | संख्या | ६ | ७ | ८ | ९ | १० |
| स्वास्थ्य संस्थाका भवन संख्या थप हुनेछ | संख्या | २० | २१ | २१ | २२ | २४ |

### ५.१.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ५.२ मा प्रस्तुत गरिएको छ :

*तालिका ५.२ : भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ३००० | ५०० | २५०० | ०० | २०० | २००० | ८०० | |
| २०८३/०८४ | ४००० | ६०० | ३४०० | ०० | ४०० | २६०० | १००० | |
| २०८४/०८५ | ४००० | ८०० | ३२०० | ०० | ६०० | २८०० | ६०० | |

### ४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरन

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ४.१८ मा प्रस्तुत गरिएको छ ।

*तालिका ४.१८: भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | सामुदायिक भवन निर्माण | | सालबसाली | २००० | |
| २. | वडा कार्यालय भवन निर्माण | | सालबसाली | ४००० | |
| ३. | आधारभूत स्वास्थ्य भवन निर्माण | | सालबसाली | १५०० | |
| ४. | सार्वजनिक शौचालय निर्माण | | सालबसाली | १००० | |
| ५. | विभिन्न ठाउहरुमा प्रतिक्षालय निर्माण | | सालबसाली | १५०० | |
| ६. | होम स्टे निर्माण | | सालबसाली | १००० | |
| जम्मा | | | | ११००० | |

### ५.१.९ जोखिम तथा अनुमान

भवन संहिताको कार्यान्वयन र मापदण्डको पालनाको अभिवृद्धि भएको हुनेछ। भवन, आवास र वस्ती विकासको क्षेत्रमा तीन वटै तहको सरकार तथा स्थानीय समुदाय वीच सुझबुझ, साझेदारी र सहकार्य अभिवृद्धि भएको हुनेछ ।उपरोक्त परिवेशको निर्माण हुन नसकेका लक्ष्य हासिल हुनमा कठिनाइ हुनसक्छ ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

यस मार्मा गाउँपालिका सडक संजाल संग जोडिएको भएतापनि कालोपत्रे सडकले यस गाउँपालिकालाई छोएको छैन। आ.व. २०७७/०७८ सम्मको सडक संजालको अवस्था हेर्दा ग्राबेल धुले सडक ३९ कि.मि. निर्माण भएको छ भने आ.व.२०७८/०७९ मा थप ३ किलोमिटर कच्ची सडक निर्माण सम्पन्न भई कूल ४२ कि.मि. सडक हालसम्म निर्माण भएको छ।हाल गाउँपालिकाको पहलमा केहि वडा सम्म कच्ची सडक निर्माण भइ आवतजावतमा सहजता भएको पाईएता पनि गाउँपालिकाका दुर्गम वडा तथा भौगोलिक रुपमा कठिन अवस्था रहेका स्थानहरुसम्म यातायातको पहुँच पुरयाउन गाहो छ। सवारी साधन चल्ने सडकमार्ग नपुगेका बस्तिसम्म र समुदायसम्म पुग्नका लागि पैदलमार्ग हरुमा काठेपुल तथा झोलुंगे पुलहरु रहेका छन् | यस गाउँपालिकामा १५ वटा झोलुंगे पुल रहेका छन् |

### ५.२.२ समस्या तथा चूनौति

अधिकांश भिरालो पहाडी भू-भाग भएको यस गाउँपालिका क्षेत्रमा सडक तथा पुल निर्माण तथा दिगो रूपमा सञ्चालन गर्न खर्च तथा घरातलीय हिसाबबाट चुनौतीपूर्ण रहेको छ र पहाडी भू-भागका कारण पानीको व्यवस्थापन तथा बाढी पहिरोले गर्दा सडक निर्माण र सञ्चालन अझै चुनौतीपूर्ण देखिन्छ ।

### ५.२.३ सोच

दिगो, भरपर्दो र सुरक्षित यातायात सेवामा सबै बस्तीबासीको पहुँचमा पुर्‍याउने

### ५.२.४ उद्देश्य

- भैरहेका ग्रावेल सडकहरुलाई कालो पत्रे गर्ने ।
- साविकका कच्ची सडकहरुको स्तरोन्नति र ग्रावेल गर्ने ।
- आवश्यक स्थानहरुमा पुल तथा कलभर्टहरुको निर्माण गर्ने ।
- नयाँ सडकहरुको विकास गर्ने ।

### ५.२.५ रणनीति

१. अन्तर-सरकार साझेदारी र सहकार्यमा सडक पूर्वाधार निर्माण तथा स्तरोन्नति गर्ने ।
२. सडक निर्माणलाई वातावरणमैत्री तुल्याउने ।
३. यातायात संचालन र व्यवस्थापन प्रणाली सुद्ध बनाउने ।
४. सडक तथा नाली मर्मतलाई नियमित र व्यवस्थित गराउने ।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५.४ मा प्रस्तुत गरिएको छः

*तालिका ५.४: सडक, पुल तथा यातायात उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| सडक यातायातबाट नजोडिएका बस्तीको संख्या घटेको हुनेछ। | कि.मि. | २५ | २२ | २० | १५ | १० |
| कालो पत्रे सडक कि.मि थप | कि.मि. | ४. | ४ | ६ | ८ | १० |
| ग्रावेल सडक कि.मि. थप | कि.मि. | ४ | ४ | ६ | ८ | १० |
| धुले तथा कच्ची सडक कि.मि. | कि.मि. | ३८ | ४५ | ५५ | ६० | ६५ |
| पक्की तथा ट्रस पुलको संख्या वृद्धि | वटा | ४ | ५ | ६ | ७ | ८ |
| कल्भर्ट निर्माण | वटा | ५ | १० | १५ | २० | २५ |
| झोलुङ्गे पुलको संख्या | वटा | १५ | १६ | १७ | १८ | २० |

### ५.२.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ५.५ मा प्रस्तुत गरिएको छ :

*तालिका ५.५ : सडक, पुल तथा यातायात उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | १०००० | २००० | ८००० | ०० | ५०० | ६००० | ३५०० | |
| २०८३/०८४ | १२००० | १००० | ११००० | ०० | ६०० | ५९०० | ४५०० | |
| २०८४/०८५ | १२००० | १००० | ११००० | ०० | ६०० | ४९०० | ५५०० | |

### ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपल्बधि सहितको सडक, पुल तथा यातायात उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ५.६ मा प्रस्तुत गरिएको छ ।

*तालिका ५.६: सडक, पुल तथा यातायात उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | PCC बाटो निर्माण | | सालबसाली | २५०० | |
| २. | तपोवन मुरै निम्ठा विनायक सडक कालोपत्रे | | सालबसाली | ८००० | |
| ३. | प्रत्येक टोलमा | | सालबसाली | ९००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सडक विस्तार | | | | |
| ४. | मोटरेबल पुल निर्माण | | सालबसाली | ३५०० | |
| ५. | झोलुङ्गे पुल निर्माण | | सालबसाली | ५००० | |
| ६. | शेरी सिरोली पत्थरकाँडा निम्ठा( वडा कार्यालय)जोड्ने सडक | | सालबसाली | ६००० | |
| जम्मा | | | | ३४००० | |

### ५.२.९ जोखिम तथा अनुमान

तीन बटै तहको सरकार बीच गुणस्तरीय सडक निर्माणमा सहकार्य र साझेदारीमा विस्तार भएको हुनेछ। विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, बहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना र कार्यक्रम प्रस्तावित भएअनुसार बजेट विनियोजन भई खरिद प्रक्रियाअनुसार समयमै आयोजना कार्यान्वयन भएको हुनेछ । प्राथमिकता प्राप्त आयोजनामा पर्याप्त लगानी, उपभोक्ता तथा सरोकारवालाको सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्छ ।

## ५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा

### ५.३.१ पृष्ठभूमि

यस मार्मा गाउँपालिकाको नजिकै ३२ मेगावाटको चमेलिया जलविद्युत आयोजना रहेको छ।तर हालसम्म गाउँपालिकाको सबै वडा तथा बस्तिहरुमा विद्युतको राष्ट्रिय प्रसारण लाइन बिस्तार भइसकेको छैन। घरधुरी सर्वेक्षण बाट प्राप्त तथ्यांक अनुसार गाउँपालिकाको कूल घरधुरीहरु मध्ये ७१८ (२५.६%) घरधुरीहरुमा मात्रै राष्ट्रिय प्रसारण लाइनको विद्युत सेवा पुगेको छ भने सबैभन्दा बढी ११२१(४०%) घरधुरीहरुले लघुजलबिद्युत बाट उत्पादित बिजुली प्रयोग गरिरहेका छन्।त्यस्तै ९२८ (३३.१%) घरधुरीहरुले सोलार बत्तिको प्रयोग गर्ने गरेका छन् भने ३६(१.३४%) घरघुरीहरुले उज्यालोको श्रोतको रुपमा टुकीको प्रयोग गर्ने गरेको देखिएको छ।

### ५.३.२ समस्या तथा चूनौति

गाउँपालिका प्रोफाइल २०८०, अनुसार यस पालिकामा अझै पनि २३४५ परिवारमा पूरा रूपमा दाउरा प्रयोग गर्नेबाहेकका अन्य परिवारले ग्याँस र मट्टीतेल प्रयोग गर्ने गरेका छन्।तसर्थ, बत्तीको लागि बिजुलीमा पहुँच पुग्न बाँकी ९६४ परिवारसम्म बिजुली पुर्‍याउन अझै चुनौती छ।त्यस्तै खाना पकाउन दाउरा प्रयोग गर्ने ८३.७ प्रतिशतलाई वैकल्पिक ऊर्जा, ग्याँस वा इन्डक्सनतर्फ मोड्न पनि सहज छैन।

### ५.३.३ सोच

ऊर्जा र सञ्चारको व्यापक विस्तार र सबैको पहुँच सुनिश्चित गर्ने ।

### ५.३.४ उद्देश्य

१. विद्युत तथा स्वच्छ उर्जाको उपयोगलाई सर्वसुलभ गराउनु,

२. जलाधार क्षेत्रको संरक्षणलाई प्रभावकारी गराउनु,

### ५.३.५ रणनीति

१ सिमसार क्षेत्र, जलस्रोतका मुहान, कुवा र परम्परागत धाराको संरक्षण र सम्बर्द्धनमा सरकारी तथा समुदायको अग्रसरतालाई प्रवर्द्धन गर्ने ।

२ स्वच्छ उर्जाको उत्पादन तथा उपयोगलाई वृद्धि गर्न संघ र प्रदेश सरकारका सम्बन्धित निकायहरूसंग सहकार्य गर्ने ।

३ वैकल्पिक उर्जाको उपयोग विस्तार गर्दै आयातित इन्धनमाथिको निर्भरता कम गर्ने ।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५.७ मा प्रस्तुत गरिएको छ:

*तालिका ५.७ : जलस्रोत, विद्युत र स्वच्छ उर्जा उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| बत्तीका लागि बिजुली बाल्ने परिवार प्रतिशतमा | प्रतिशत | ५० | ५० | ६० | ६५ | ७५ |
| बत्तीका लागि वैकल्पिक ऊर्जा प्रयोग गर्ने परिवार प्रतिशत | प्रतिशत | ३० | ३० | २५ | २० | १५ |
| बत्तीका लागि मट्टीतेल प्रयोग गर्ने परिवार प्रतिशत | प्रतिशत | ५ | ५ | ३ | २ | ०० |
| बिजुलीको पहुँच नपुगेका परिवार प्रतिशत | प्रतिशत | ५० | ५० | ४० | ३५ | २५ |
| खाना पकाउन बिजुली प्रयोग गर्ने परिवार प्रतिशत | प्रतिशत | तथ्याङ्क नभेटिएको | तथ्याङ्क नभेटिएको | ३ | ५ | ८ |
| खाना पकाउन एल.पी. ग्याँस प्रयोग गर्ने परिवार प्रतिशत | प्रतिशत | २५ | २५ | २८ | ३० | ३२ |
| खाना पकाउन दाउरा प्रयोग गर्ने परिवार प्रतिशत | प्रतिशत | ७५ | ७५ | ७० | ६५ | ६० |
| खाना पकाउन वैकल्पिक ऊर्जा प्रयोग गर्ने परिवार प्रतिशत | प्रतिशत | नगन्न मात्रामा | नगन्न मात्रामा | १ | २ | ३ |
| खाना पकाउन मट्टीतेल वा गुईठा जस्तो ऊर्जा प्रयोग गर्ने परिवार प्रतिशत | प्रतिशत | नगन्न मात्रामा | नगन्न मात्रामा | १ | ० | ० |

### ५.३.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ५.८ मा प्रस्तुत गरिएको छ :

*तालिका ५.८ : जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ३००० | ३०० | २७०० | ०० | १०० | २५०० | ४०० | |
| २०८३/०८४ | ४००० | ५०० | ३५०० | ०० | २०० | २६०० | ७०० | |
| २०८४/०८५ | ४५०० | ६०० | ३९०० | ०० | ३०० | २८०० | ८०० | |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको सूचना, संचार तथा प्रविधि उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ५.९ मा प्रस्तुत गरिएको छ ।

*तालिका ५.९: जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा ) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | जल सम्पदा संरक्षण र विद्युतीकरण तथा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | जलधार क्षेत्रको संरक्षण र स्वचछ उर्जाको उपयोग | सालबसाली | ८००० | विद्युत पँहुच भएको जनसंख्या ९९ % र सिमसार व्यवस्थापन तयारी भई लागि भएको हुनेछ । |
| २. | दलदल व्यवस्थापन | दलदल जमिनलाई खेति योग्य जमिनमा परिणत गर्नु | सालबसाली | १५०० | खेति योग्य जमिनमा परिणत भएको हुनेछ । |
| ३. | वडा कार्यालयमा इन्भर्टरको व्यवस्था | | सालबसाली | २००० | |
| जम्मा | | | | ११५०० | |

### ६.३.९ जोखिम तथा अनुमान

स्वच्छ उर्जाको उपलब्धता सहज भएको हुनेछ। जलाधार क्षेत्रको संरक्षणमा सरकारी तथा समुदायस्तरको जागरूकता तथा अग्रसरतामा अभिवृद्धि भएको हुनेछ। सो हुन नसकेमा अपेक्षित उपलब्धी हासिल हुनमा जोखिम रहन सक्छ ।

## ५.४ सूचना, सञ्चार तथा प्रविधि

### ५.४.१ पृष्ठभूमि

गाउँपालिका प्रोफाइल अनुसार यस गाउँपालिकाका मानिसहरुले सबैखालका सुचना तथा संचारका माध्यमहरुको प्रयोग गरेको देखिन्छ। सर्वेक्षणको तथ्यांकहरुको विश्लेषण गर्दा कूल सुचना तथा संचारका माध्यम प्रयोगकर्ता संख्या ४२७२ मध्ये सबैभन्दा बढी २६१४ (६१.२%) मोवाइल फोन प्रयोगकर्ता रहेका छन्। यसैगरि १२८८ (३०.१%) रेडीयो प्रयोगकर्ता, ३४२(८%) टेलिभिजन प्रयोगकर्ता, १३ थान टेलिफोन रहेका छन्।

### ५.४.२ समस्या तथा चूनौती

साइबर अपराधसम्बन्धी सचेतनामा कमी रहेको छ। सेवा प्रवाहलाई विद्युतीय सूचना प्रविधिमा आवद्ध गरी सहज सेवा प्रवाह गराउन सकिएको छैन। तारयुक्त प्रविधिलाई निरुत्साहित गर्दै तार रहित प्रविधिलाई बढवा दिनु र सञ्चार माध्यमहरूलाई विश्वसनीय र जवाफदेही बनाउँदै गुणस्तरीय सेवा प्रवाह विकास गर्नुपर्ने चुनौति रहेका छन् ।

### ५.४.३ सोच

"सूचना तथा सञ्चारः नागरिकको मौलिक अधिकार"

### ५.४.४ उद्देश्य

१. आधुनिक सूचना तथा सञ्चार प्रविधिमा सबै गाउँवासीको पहुँच स्थापित गर्नु,
२. सूचना प्रविधिलाई सुरक्षित, उपयोगी र भरपर्दो रूपमा विकास गर्नु,

### ५.४.५ रणनीति

१. सेवा प्रवाह र दैनिक जीवनमा विद्युतीय सूचना प्रविधिको उपयोग गरी थप सहज र प्रभावकारी गराउने ।
२. गाउँ कार्यपालिकासँग सम्बन्धित सार्वजनिक महत्वका सूचना र निर्णयलाई आधुनिक सञ्चार प्रविधि उपयोग मार्फत सबैमा जानकारी हुने गरी सम्प्रेसित गर्ने ।
३. सूचना प्रविधिमा गाउँवासीको पहुँच र उपयोग सुनिश्चित गर्न सेवा प्रदायक संस्थालाई प्रोत्साहित गर्ने ।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५.१० मा प्रस्तुत गरिएको छः

*तालिका ५.१० : सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन तक्ष्य*

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| सञ्चार सुविधा पुगेका बस्ती संख्या | संख्या | ७५ | ७५ | ८० | ८५ | ९० |
| टि.भि मा पहुँच भएका परिवार प्रतिशत | प्रतिशत | ३० प्रतिशत | ३५ | ४० | ४५ | ५० |
| मोबाइलमा पहुँच पुगेको जनसङ्ख्या प्रतिशत | प्रतिशत | ९० प्रतिशत | ९२ | ९४ | ९६ | ९८ |
| इन्टरनेट प्रयोग गर्ने जनसङ्ख्या प्रतिशत | प्रतिशत | ४० प्रतिशत | ४० | ४५ | ४६ | ५० |

### ५.४.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना, संचार तथा प्रविधि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ५.११ मा प्रस्तुत गरिएको छ :

*तालिका ५.११ : सूचन, संचार र प्रविधि उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | २५०० | ५०० | २००० | ०० | ०० | २००० | ५०० | |
| २०८३/०८४ | ४००० | १००० | ३००० | ०० | २०० | २८०० | १००० | |
| २०८४/०८५ | ५५०० | १५०० | ४००० | ०० | ३०० | ३२०० | २००० | |

### ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपल्बधि सहितको सूचना, संचार तथा प्रविधि उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ५.१२ मा प्रस्तुत गरिएको छ ।

*तालिका ५.१२: सूचना, संचार तथा प्रविधि उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | सूचना, संचार र प्रविधि प्रवर्द्धन कार्यक्रम | सूचना प्रविधिमा पहुँच विस्तार र विद्युतीय सुशासन प्रवर्द्धन | सालबसाली | ३००० | इन्टरनेट सुविधा उपलब्ध घरपरिवार क्रमस बृद्धि भएको हुनेछ । |
| २. | टेलिकम टावर निर्माण तथा फाइबर लाइन विस्तार कार्यक्रम | | सालबसाली | ९००० | |
| जम्मा | | | | १२००० | |

### ५.४.९ जोखिम तथा अनुमान

सूचना प्रविधि विस्तारमा निजी क्षेत्रको क्रियाशिलता वृद्धि भएको हुनेछ । सेवा प्रवाह र सुबिधा विस्तारमा आधुनिक विद्युतिय सूचना प्रविधिमा गाउँवासिको पहुँच स्थापना गर्न अन्त-सरकार सहकार्यमा निरन्तरता रहेको हुनेछ । उल्लेखित परिवेश हुन नसकेमा योजनाको लक्ष्य तथा उदेश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## परिच्छेद ६ : वातावरण तथा विपद् व्यवस्थापन

### ६.१ वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

यस मार्मा गाउँपालिकाको कुल भू-भाग २०,७५७.४४ हेक्टर मध्ये वनजंगलले ओगटेको क्षेत्रफल १२,४९३.२६ हेक्टर अर्थात् ६०.१९% रहेको छ। यस गाउँपालिकाका धेरैजसो वनक्षेत्र सामुदायिक वनको रुपमा रहेको छ भने केहि बनक्षेत्र अपिनाम्पा संरक्षण क्षेत्र भित्र पनि रहेको छ। यस गाउँपालिकामा जम्मा २४ वटा सामुदायिक वनहरु रहेका छन्। जसले कूल वनक्षेत्रको १९.४% क्षेत्रफल मात्रै ओगटेको छ भने बाँकी क्षेत्रफल राष्ट्रिय वन र अपिनाम्पा संरक्षण क्षेत्रले ओगटेको छ।यस गाउँपालिकामा रहेका २४ वटै

सामुदायिक बनहरु समुदायले नै संरक्षण र व्यबस्थापन गरिरहेका छन्। यि बनहरु सामुदायिक बनको आफ्नै बिधान अनुसार संचालन भएका छन्। सामुदायिक वनले कूल बनक्षेत्र मध्ये २४२४ हेक्टर क्षेत्रफल ओगटेका छन् भने उक्त सामुदायिक बनमा जम्मा २५८६ घरपरिवारहरु आबद्ध रहेका छन्। जुन गाउँपालिकाको कूल घरधुरीको ९२% हुन आउँछ।

### ६.१.२ समस्या तथा चूनौति

वनसम्बन्धी कानुनको परिपालना, प्राकृतिक स्रोतमा स्थानीय समुदायको न्यायोचित पहुँच तथा वन र वातावरण वीचको अन्तरसम्बन्ध तथा अन्तरपुस्ता समन्वयबारे जनसाधारणमा स्पष्ट ज्ञान र तदनुकूल भूमिका निर्वाह गर्ने कार्यहरु चुनौतीको रूपमा रहेका छन्।हराभरा मार्मा बनाउन वनको हैसियत सुधार र जलवायु परिवर्तन अनुकूलनमा पनि थुप्रै कार्यहरु गर्नु पर्ने छ।जलवायु परिवर्तनका हिसाबले कतिपय बालीनालीहरुको उत्पादनमा असर परेको छ भने पानीका मुहान सुक्ने तथा पानीको सतह घट्ने जस्तो अवस्था आइरहेको छ

### ६.१.३ सोच

"वन जीवनको आधारः भावी सन्ततीको अधिकार"

### ६.१.४ उद्देश्य

१. वन, वातावरण तथा जैविक विविधताको दिगो संरक्षण गर्नु ।

२. बाढी तथा डुवान रोकथाम गर्नु ।

### ६.१.५ रणनीति

१. उच्च मूल्यका विरुवा रोपी वन क्षेत्रलाई उत्पादनशील वनमा रूपान्तरण गर्ने ।

२. वन तथा जैविक विविधताको पहिचान र संरक्षणमा अन्तर-सरकार साझेदारी र सहकार्य गर्ने ।

३. जोखिम क्षेत्रको पहिचान र बाढी तथा डुवानको दिगो नियन्त्रणका विधि अवलम्वन गर्ने ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ६.१ मा प्रस्तुत गरिएको छ।

***तालिका ६.१ :वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| वनले जंङ्गल तथा पहाड हिमाल र बन्जर क्षेत्रले ओगटेको क्षेत्रफल | प्रतिशत | ६०.१९ | ६०.१९ | यथास्थितिमा राख्ने | | |
| जम्मा सामुदायिक वनको संख्या | वटा | २४ | २४ | यथास्थितिमा राख्ने | | |
| सामुदायिक वनका उपभोक्ता घरधुरी प्रतिशत | प्रतिशत | ९२ | ९२ | यथास्थितिमा राख्ने | | |

### ६.२.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ६.२ मा प्रस्तुत गरिएको छ :

*तालिका ६.२ :वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | २००० | १००० | १००० | ०० | १०० | १२०० | ७०० | |
| २०८३/०८४ | ३००० | १६०० | १४०० | ०० | ३०० | १७०० | १००० | |
| २०८४/०८५ | ५००० | २२०० | २८०० | ०० | ५०० | ३३०० | १२०० | |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको सूचना, संचार तथा प्रविधि उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ६.३ मा प्रस्तुत गरिएको छ ।

*तालिका ६.३: वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | वन तथा हरियाली प्रवर्द्धन तथा वृक्षारोपण कार्यक्रम | हरियाली क्षेत्र विस्तार तथा भूक्षय नियन्त्रण गर्नु | सालबसाली | १०००० | वन तथा हरियाली क्षेत्र विनास नियन्त्रण र दिगो विकास गर्ने छ । |

### ६.१.९ जोखिम तथा अनुमान

वन तथा जैविक विविधता संरक्षण समुदायको सचेतना वृद्धि भइ सरकारसँगको सहकार्य प्रभावकारी भएको हुनेछ ।डुबान तथा बाढी नियन्त्रणको अवधारणलाई पूर्वाधार विकासका क्रममा सचेततापूर्वक आत्मसात गरिएको हुनेछ। उल्लिखित परिस्थिति निमार्ण हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन कठिन हुन सक्छ ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

मार्मा गाउँपालिका क्षेत्रमा वातावरणीय स्वच्छता कायम गर्न र फोहोर व्यवस्थापनका लागि संस्थागत एवम् समुदायस्तरबाट पहलहरू भएका छन्। मार्मा गाउँपालिका स्थरीय फोहोरमैला व्यवस्थापनको लागि पालिका स्थरको आधुनिक फोहोरमैला व्यवस्थापनको लागि अन्तर सरकार सँग पहल गरिएको छ । वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गर्दै आएको छ ।

### ६.२.२ समस्या तथा चुनौति

गाउँपालिकाको बजार क्षेत्रमा जनसख्यामा वृद्धि र आवतजावतमा वृद्धिले फोहोरमैलाको उत्पादनमा वृद्धि हुदै गएको छ।कुहिने नकुहिने फोहोर छुट्टाएर व्यवस्थापन गर्ने अभ्यासको कमी रहेको छ।पर्यटकीय क्षेत्रमा

प्लास्टिक तथा सिसा लगायतका फोहोरमा वृद्धि भएको र संकलन तथा व्यवस्थापन कठिन भएको छ। स्रोतमै वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर व्यवस्थापन हुन सकेको छैन ।

### ६.२.३ सोच

"फोहोरमैलाको उचित व्यवस्थापन, सभ्यताको मापन"

### ६.२.४ उद्देश्य

१ घरमै फोहोर व्यवस्थापनमा दिगो अभ्यास र वातावरणीय स्वच्छताको प्रबर्द्धन गर्नु ।

२. फोहोरमैला व्यवस्थापनका लागि व्यवस्थित ल्याड फिल्ड साइटको व्यवस्था गर्नु ।

### ६.२.५ रणनीति

१. फोहोरको स्रोतमै वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोरमैला व्यवस्थापनलाई प्रवर्द्धन गर्ने ।

२. फोहोरमैला प्रशोधन तथा व्यवस्थापनमा आधुनिक प्रविधिको उपयोग गर्ने ।

३. फोहोरमैला प्रशोधन र पुनः प्रयोगबाट आय आर्जनको अभ्यासलाई प्रोत्साहित गर्ने ।

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ६.४ मा प्रस्तुत गरिएकोछ :

***तालिका ६.४: वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| व्यवस्थित ल्यान्डफिल्ड साइट | संख्या | ० | ० | १ | १ | १ |
| फोहोर संकलन सवारी साधन | संख्या | ० | ० | १ | १ | १ |
| स्रोतमा नै फोहर वर्गिकरण तथा व्यवस्थापन गर्ने घरपरिवार | प्रतिशत | तथ्याङ्क नभएको | तथ्याङ्क नभएको | ३ | ५ | १० |

### ६.२.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ६.५ मा प्रस्तुत गरिएको छ :

***तालिका ६.५ : वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान***

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | २५०० | ६०० | १९०० | ०० | १०० | १७०० | ७०० | |
| २०८३/०८४ | ३००० | ८०० | २२०० | ०० | १५० | २००० | ८५० | |
| २०८४/०८५ | ३००० | १५०० | १५०० | ०० | २०० | २४०० | ४०० | |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ६.६ मा प्रस्तुत गरिएको छ ।

*तालिका ६.६: वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | फोहोरमैला व्यवस्थापन कार्यक्रम | फोहोरमैलाको दिगो व्यवस्थापन आधार तयार गर्नु | सालबसाली | ५००० | स्रोतमा नै फोहोर वर्गिकरण तथा व्यवस्थापन गर्ने घरपरिवारको संख्या १० प्रतिशत भएको हुनेछ |
| २. | फोहरमैला व्यवस्थापन तथा सार्वजनिक ठाउँमा फोहरमैला संकलन गर्ने डस्टबीन व्यवस्थापन | | सालबसाली | ३५०० | |
| जम्मा | | | | ८५०० | |

### ६.२.९ जोखिम तथा अनुमान

फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, निजी क्षेत्र र सरकारी क्षेत्रको अग्रसरता तथा सहकार्यमा वृद्धि भएको हुनेछ। व्यवस्थित ल्याण्ड फिल्ड साइटको विकास र उपयोग सुरुवात भएको हुनेछ। उल्लिखित परिस्थिति कायम हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन

### ६.३.१ पृष्ठभूमि

नेपालमा विपद्का घटनाले वर्षेनी जनधनको क्षति हुने गरेको छ। विश्वव्यापी जलवायु परिवर्तनको असरले मौसमी वर्षाको चरित्र फेरिदै गएको छ। अतिवृष्टि, खण्डवृष्टि र अनावृष्टिले बाढी, पहिरो, चट् याङ, खडेरी, आगलागिका घटना वर्षेनी घटित हुन थालेका छन्।पृथ्वीको शरीर तात्दै गएका कारण हिमालहरु पग्लने क्रम बढेको छ।हिमतालको जोखिम बढ्दै गएको छ।भूकम्पको जोखिम पनि उत्तिकै छ।विश्वव्यापी महामारीको रूपमा कोभिड-१९ ले पनि अकल्पनीय विपद् थप्दै हालसम्मको प्रभाव कम भएको छ।

मार्मा गाउँपालिका पहाडी भू-भागबाट बनेको छ।यस पालिकामा पनि प्राकृतिक तथा मानव सिर्जित विपद्का घटना वर्षेनी हुने गरेका छन्।विकासमा वातावरण संरक्षणको पक्षलाई वेवास्ता गर्ने प्रवृत्तिले पनि विपद्को जोखिम बढ्दै गएको छ। विपद् व्यवस्थापनको पूर्व तयारी र विपद् आइपरेमा उद्धार, राहत र पुनर्स्थापनाको

विधिबाट विपद्लाई व्यवस्थापन गर्न सकिने अवस्था छ। अतः विपद्को जोखिम भएको मार्मा गाउँपालिकाले पनि विपद् व्यवस्थापनलाई योजनाको अभिन्न अङ्ग बनाउन आवश्यक छ।

यस मार्मा गाउँपालिकामा बाढी, पहिरो, हावाहुरी, नदि कटान, चटघाङ, आगलागी, कृषिबालीमा रोगकिरा तथा महामारीहरु मूख्य प्रकोपको रुपमा देखिएका छन्। यसका साथै विभिन्न अध्ययन तथा अनुसन्धानहरुले नेपालको सुदुरपश्चिम प्रदेशको बझांग, बैतडी, दार्चुला लगायत कर्णाली प्रदेशमा ठूलो भूकम्पको सम्भावना रहेको भन्ने देखिएको छ। भूकम्प जस्ता प्रकोपहरुको घटना घट्ने समयको यकिन गर्न गाह्रो भएता पनि अन्य प्रकोपहरु आउने समय निधित सिजन वा अवधि हुने भएकोले समयमै सुरक्षाका उपायहरु अवलम्बन गरि सम्भावित मानबिय तथा भौतिक क्षति कम गर्न सकिन्छ। यस गाउँपालिकामा नदिको कटान, बन जंगलमा हुने आगलागी, बर्षातको समयमा आउने भल/बाढी. पहिरो, चटयाङ आदि मूख्य प्रकोपको रुपमा रहेका छन्। पाखो भिरालो भू-बनावट र कम्जोर जमिन भएको कारणले बर्षेनी पहिरोमा परि धनजनको क्षति हुने गरेको देखिन्छ। अघिल्लो आर्थिक बर्षको तथ्यांक हेर्दा यस गाउँपालिकाका २०० घरधुरीहरु प्राकृतिक प्रकोपका विभिन्न घटनाहरुबाट प्रभावित भएको पाइएको छ। प्राकृतिक प्रकोपबाट प्रभावित घरधुरी संख्या हेर्दा यस गाउँपालिकामा सबैभन्दा बढी पहिरोबाट भएको देखिन्छ। यहाँ विभिन्न खालका प्रकोपहरुले मानबिय क्षति धेरै भएको नदेखिए पनि घर, बिद्यालय, पशुचौपाया तथा बालीनाली क्षति भएको छ। मुख्यगरी पहिरो, चटपाङ, हावाहुरी, कृषिबालीमा रोगकिरा, तथा पशुचौपाया र मानिसहरुमा महामारी जस्ता प्रकोपहरुले मानबिय भौतिक क्षति विभिन्न समयमा गरेको छ।

### ६.३.२ समस्या तथा चूनौति

यो पालिकाको अधिकांश भाग पहाडी भू-वनोटमा रहेको तथा केही भाग नदीको तटीय क्षेत्रमा पर्ने, पहाडी भागबाट पनि थुप्रै खहरेहरु आउने भएका हुँदा यो गाउँपालिकाका अधिकांश भाग पहिरो र केही भाग बाढी जस्तो विपत्तिको जोखिममा रहेको अवस्था छ। खास गरी फगाम र फुलिवनमा पहिरोको अवस्था चिन्ताजनक छ। विपद्को पूर्वानुमान गर्ने मानवीय क्षमता र प्राविधिकको उपलब्धता एवं पूर्व तयारीका चुस्तदुरुस्त काम चुनौतीपूर्ण रहेको छ। गरिवी र अव्यवस्थित बस्तीका कारणले पनि विपद्को जोखिम उच्च रहदै आएको अवस्थालाई कम गर्ने काम पनि निकै चुनौती पूर्ण छ। उद्धार, राहत र पुनर्स्थापनका लागि चाहिने जनशक्ति र पुँजीको परिचालन पनि चुनौती कै विषय हो। यस गाउँपालिकामा गएका वर्षहरुमा २०० परिवार विभिन्न प्रकारका प्राकृतिक प्रकोपबाट प्रभावित भएका छन्। निर्माणमा वातावरणमैत्री उपकरहरु प्रयोग नहुनु, विपद् प्रतिकार्यका लागि विपद् व्यवस्थापन कोष ज्यादै न्यून रहनु विपद् व्यवस्थापनका चुनौती हुन् ।

### ६.३.३ सोच

"विपद् व्यवस्थापनः समृद्धिमा योगदान"

### ६.३.४ उद्देश्य

- विपद् व्यवस्थापनका पूर्व सतर्कताहरुवाट जनताको जिउ धनको सुरक्षा प्रत्याभूति गराउनु ।
- विपदहरुको प्रतिकार्यका लागि सकुशल पूर्व व्यवस्था र सतर्कता अपनाउनु ।
- विकास प्रक्रियामा विपद् जोखिमको अनुमान र व्यवस्थापनसम्बन्धी उपायहरु मूलप्रवाहीकरण गर्ने ।

- स्थानीय सरकार तथा समुदाय स्तरमा विपद् व्यवस्थापनका निमित्त चाहिने पूर्व तयारी, उद्धार, राहत र पुनर्स्थापनाको क्षमता वृद्धि गर्दै जाने ।

### ६.३.५ रणनीति

१. विपद् व्यवस्थापनको लागि संस्थागत संरचना विकास तथा विस्तार गर्ने ।

२. विपद् जोखिम न्यूनीकरणलाई बहु-सरोकारको विषयको रूपमा कार्यान्वयन गर्ने।

३. स्थानीय विपद् तथा जलवायु परिवर्तन अनुकूलन योजना तयारीका लागि अन्तर-सरकार तथा स्थानीय सरोकारवालाहरूबीच सहकार्य गर्ने ।

४. विपद् जोखिम न्युनीकरणलाई विकास निर्माणका गतिविधिसँग एकीकृत रूपमा लैजाने ।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ६.७ मा प्रस्तुत गरिएको छ।

*तालिका ६.७ : विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन उप-क्षेत्रको नतिजा सूचक तथा*

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| विगत वर्षहरुमा बाढी, पहिरो र आगलागिबाट धन सम्पत्तिको क्षति भएको परिवार संख्या | संख्या | ५० | ४५ | ४० | ३५ | ३० |
| खर तथा पराल तथा काठले छाएको घर भएका परिवार संख्या | संख्या | १० | १० | ८ | ६ | ४ |
| एम्बुलेन्सको संख्या | संख्या | १ | १ | १ | २ | १ |
| दमकलको संख्या | संख्या | ० | ० | ० | १ | १ |
| विपद् व्यवस्थापन गाउँ समिति बनेको | संख्या | ६ | ६ | ७ | ८ | ९ |
| सुरक्षित स्थान तोकिएको स्थानको संख्या | | ०० | १ | २ | ४ | ६ |
| विपद् व्यवस्थापन पूर्व तयारी योजना बनेको | | छैन | तयार भएको हुनेछ | कार्यान्वयनको प्रक्रियामा हुनेछ | | |

### ६.३.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद व्यवस्थापन तथा जलवायु अनुकूजलन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ६.८ मा प्रस्तुत गरिएको छ :

*तालिका ६.८ : विपद व्यवस्थापन तथा जलवायु अनुकूलन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८२/०८३ | १००० | ५०० | ५०० | ०० | ०० | ६०० | ४०० | |
| २०८३/०८४ | १५०० | १००० | ५०० | ०० | २०० | ७०० | ६०० | |
| २०८४/०८५ | २००० | १२०० | ८०० | ०० | ३०० | १०० | ७०० | |

### ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपल्बधि सहितको विपद व्यवस्थापन तथा जलवायु अनुकूजलन उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ६.८ मा प्रस्तुत गरिएको छ ।

***तालिका ६.८: विपद व्यवस्थापन तथा जलवायु अनुकूलन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलन कार्यक्रम | विपद् जोखिम न्यूनीकरण र उत्थानशिलता अभिवृद्धि गर्नु | सालबसाली | १५०० | विपद् बाट हुने क्षतिमा बार्षिक रुपमा क्रमस कमि भएको हुनेछ । |
| २. | विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा तथा कार्यान्वयन कार्याक्रम | | सालबसाली | २००० | |
| ३. | विपद् जोखिम नक्साङ्कन कार्यक्रम | | सालबसाली | १००० | |
| जम्मा | | | | ४५०० | |

### ६.३.९ जोखिम तथा अनुमान

विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनमा समुदायको सचेतना तथा सग्रसरतामा वृद्धि भएको हुनेछ।विपद् व्यस्थापन योजना तर्जुमा र अन्तर-सरकार सहकार्यमा कार्यान्वयन भएमा अपेक्षित उपलब्धि हासिल हुने पूर्वानुमान गरिएको छ।जलवायु परिवर्तनको असर, महामारी र अन्य विपद् जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन तथा उत्खनन र अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरू रहेका छन् ।

## परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र

### ७.१ नीति, कानून, न्याय तथा सुशासन

#### ७.१.१ पृष्ठभूमि

गाउँपालिकाबाट हालसम्म ७४ वटा ऐन, नियम, विधि तथा कार्यविधि तयारी र प्रमाणीकरण भई स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । साथै, सहभागितामूलक योजना तर्जुमा प्रक्रियामार्फत नागरिक समाज संस्था समेतको सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटीमार्फत सार्वजनिक गर्ने अभ्यास गरिएको छ ।

#### ७.१.२ समस्या तया चूनौति

सुशासन क्षेत्रमा नीतिगत तथा व्यावहारिक जटिलता कायमै रहेका छन्। सेवा प्रवाहलाई सहज तुल्याउन संगठन पुनर्संरचना तथा जनशक्ति व्यवस्थापनको कमी रहेको छ। स्थानीय सरकारका लागि आवश्यक पर्ने नीति, ऐन, नियम, कार्यविधि तयारी तथा स्वीकृत ऐन कानूनको समेत पूर्ण कार्यान्वयनमा कठिनाइ रहेको छ। ऐन, नीति, नियम, कार्यविधिबारे आम गाउँवासी लगायतका सरोकारवाला सुसूचीत गराउने र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिएको छैन ।

#### ७.१.३ सोच

"नतिजामूखी प्रशासनः विकास तथा सुशासन"

#### ७.१.४ उद्देश्य

१. सेवा प्रवाहलाई नतिजामुखी र प्रभावकारी गराउनु,
२. सेवा प्रवाहलाई भरपर्दो, सुलभ, गुणस्तरीय र पहुँचयोग्य बनाउनु,

#### ७.१.५ रणनीति

१. सेवा प्रवाहलाई सेवाग्रहीमैत्री पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने,
२. सुशासन प्रवर्द्धनका लागि अन्तर-सरकार तथा नागरिकको सहकार्यमा वृद्धि गर्ने,
३ न्याय सम्पादनलाई सरलीकृत र स्तरीय तुल्याउने,

#### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, कानून तथा सुशासन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ७.१ मा प्रस्तुत गरिएको छः

***तालिका ७.१ : नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| स्वीकृत ऐन, नीति, कानून, कार्यवीधि र निर्देशिका | संख्या | ७४ | ७४ | आवश्यकता अनुसार तर्जुमा तथा संसोधन गरीनेछ | | |
| क्रियासिल नीतिगत समिति र संयन्त्र | संख्या | ५ | ५ | ५ | ५ | ५ |

### ७.१.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ७.२ मा प्रस्तुत गरिएको छ :

*तालिका ७.२ : नीति,कानून, न्याय तथा सुशासन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ३००० | २००० | १००० | ०० | ०० | २५०० | ५०० | |
| २०८३/०८४ | ३००० | २५०० | ५०० | ०० | ०० | २२०० | ८०० | |
| २०८४/०८५ | ३००० | १८०० | १२०० | ०० | ७०० | १४०० | ९०० | |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपल्बधि सहितको नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ७.३ मा प्रस्तुत गरिएको छ ।

*तालिका ७.३: नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | नीति कानून सुशासन तथा न्याय प्रवर्धन कार्यक्रम | सेवा प्रवाह तथा विकास नीति र कार्य संचालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पार्दर्शी बनाउनु | सालबसाली | ९००० | सेवा प्रवाह नागरिक वडा पत्रमा उल्लेखित समयमा सम्पन्न भएको हुनेछ । |

### ७.१.९ जोखिम तथा अनुमान

संगठन तथा व्यवस्थापन सर्वेक्षणमार्फत तयार भएको संगठनात्मक संरचना कार्यान्वयन भएको हुनेछ। सुशासन तथा सेवा प्रवाहलाई प्रभावकारी गराउन जनप्रतिनिधि, कर्मचारी, संचारकर्मी, गाउँवासी सहितका सरोकारबाला बीच समान बुझाइ र सहकार्य भएको हुनेछ। उपरोक्त व्यवस्था हासिल हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहने छ।

## ७.२ संगठन, मानव संसाधन र क्षमता विकास

### ७.२.१ पृष्ठभूमि

मार्मा गाउँपालिकाको कार्यपालिका कार्यालय आफ्नै भवनमा सञ्चालन भइरहेको छ। गाउँपालिकामा कुल ६ वटा वडा रहेकोमा वडा नं. १, २, ४ र ५ को वडा कार्यालय आफ्नै भवनमा रहेका छन भने वडा नं. ३ को भाडाको घरबाट संचालनमा रहेको छ र वडा नं ६ को वडा भवन निर्माणानिध अवस्थामा रहेको छ र हाल यस वडाको आफ्नै पुरानो जीर्ण भवनबाट कार्यालय सञ्चालन र सेवा प्रवाहलाई व्यवस्थित तथा प्रभावकारी बनाउने प्रयास भइरहेको छ। गाउँपालिकाको कार्यसम्पादनमा सहजताका लागि कम्प्युटर सफ्टवेयर प्रणालीहरू उपयोग गर्ने नीति लिइएको छ। गाउँपालिकाको कार्यलाई व्यवस्थित रूपमा सञ्चालन गर्न संगठन तथा

व्यवस्थापन सर्भेक्षण सम्पन्न भएको छ।हाल यस गाउँपालिकामा कुल १८३ जना कर्मचारी कार्यरत रहेका छन्।

### ७.२.२ समस्या तथा चूनौति

कार्य बोझअनुसारको जनशक्ति व्यवस्था हुन सकेको छैन भने संगठन तथा व्यवस्थापन सर्वेक्षणले औल्याएको संगठन संरचनाको कार्यान्वयन व्यावहारिक हनु सकेको छैन।गाउँ कार्यपालिका कार्यालयमा रहेका जनशक्तिलाई क्षमता विकासका अवसरमा कमी रहेको छ। विद्यमान संरचना र जनशक्तिबाट कार्य सम्पादन नतिजामुखी जनमूखी गराउनु चुनौतिका रूपमा रहेको छ।

### ७.२.३ सोच

"सुदृढ संरचना र जनशक्तिः उत्कृष्ट कार्य सम्पादन र समृद्धि"

### ७.२.४ उद्देश्य

१. सेवा प्रवाहलाई जनमुखी र विकास प्रकृयालाई नतिजामूखी गराउनु,

### ७.२.५ रणनीति

१. कार्यबोझका आधारमा जनशत्ति व्यवस्था गरी आवश्यकताका आधारमा क्षमता विकासका अवसर उपलव्ध गराउने ।

२. कार्य सम्पादन करारमार्फत सेवा प्रवाह र कार्य सम्पादनलाई जनमुखी र सेवाग्राहीमैत्री बनाउने,

३. कार्यपालिका र वडा कार्यालयको संगठन क्षमता सुद्धीकरण गरी कार्यसम्पादन छरितो र सहज गराउने।

४. कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गर्ने ।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार संगठन, मानव संसाधन र सेवा प्रवाह उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ७.४ मा प्रस्तुत गरिएको छः

***तालिका ७.४: संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| गाउँपालिकामा कार्यरत मानव संसाधन | संख्या | १८५ | १८५ | आवश्यकता अनुसार मानव संसाधनको पदपुर्ति गरीनेछ । | | |
| कार्यरत प्रविधिक जनशक्ति | संख्या | ८० | ८० | आवश्यकता अनुसार मानव संसाधनको पदपुर्ति गरीनेछ । | | |
| क्षमतमुलक तालिम हासिल गरेका जनशक्ति | संख्या | तथ्याङ्क नभएको | तथ्याङ्क नभएको | ५ | १० | १५ |
| कर्मचारी क्षमता विकासको लागि विनियोजन बजेट | हजारमा | ३०० | ५०० | ५०० | ५०० | ५०० |

### ७.२.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ७.५ मा प्रस्तुत गरिएको छ :

*तालिका ७.५ : संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | २०० | २०० | ०० | ०० | २०० | ०० | ०० | |
| २०८३/०८४ | २०० | १०० | १०० | ०० | २०० | ०० | ०० | |
| २०८४/०८५ | १०० | १०० | ० | ०० | १०० | ०० | ०० | |

### ७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ७.६ मा प्रस्तुत गरिएको छ ।

*तालिका ७.६: संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | संगठन, मान संसाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | स्थानीय सेवा, संगठन, मानव संसाधन र कार्य सम्पादनमा अभिवृद्धि गर्नु | सालबसाली | ५०० | सेवा प्रवाहको स्तरमा ३० प्रतिशतले सुधार हुनेछ । |

### ७.२.९ जोखिम तथा अनुमान

संगठन तथा व्यवस्थापन सर्वेक्षणमार्फत उपयुक्त संगठनात्मक संरचना तयार भएको हुनेछ। सुशासन तथा सेवा प्रबाहलाई प्रभावकारी गराउन अन्तर-सरकार, जनप्रतिनिधि, कर्मचारी, संचारकर्मी, गाउँवासी सहितका सरोकारवालाबीच समान बुझाइ र सहकार्य भएको हुनेछ। उपरोक्त बमोजिम हुन नसकेमा अपेक्षित नतिजा हासित हुन नसक्ने जोखिम रहेको छ।

## ७.३ राजस्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

मार्मा गाउँपालिकामा राजस्व सुधार कार्ययोजना तर्जु गर्न आवश्यक पहल गरिएको छ। राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैर-करको दर निर्धारण गरी आन्तरिक आय संकलन अभ्यास व्यावहारिक र सतर्कताका साथ अगाडि बढेको छ। गाउँपालिकाको वित्तीय स्रोतका साथै नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग बढ्दै गएको छ। स्थानीय करको दायरा विस्तार हुदै गएको छ भने आन्तरिक राजस्व वृद्धिका आधारहरू सुदृढ बन्दै गएका छन् ।

### ७.३.२ समस्या तथा चूनौति

राजस्वको दायरा फराकिलो रहेको यस क्षेत्रमा आन्तरिक राजस्व वृद्धिको सम्भावना प्रचुर रहे तापनि नागरिकमा करदाता शिक्षाको न्यूनता एवं आवश्यक सूचना तथा जानकारीको कमीको कारण राजस्व संकलनमा कठिनाइ भएको छ। घरबहाल र सबै प्रकारका व्यवसायलाई पूर्णरुपमा करको दायरामा ल्याउन सकिएको छैन। रोजगारमूलक, उत्पादनमूलक तथा आयमूलक क्षेत्रमा श्रोतको परिचालन लाई केन्द्रित गर्न सकिएको छैन ।

### ७.३.३ सोच

"सुद्ध राजस्व र व्यवस्थित स्रोत परिचालनः समृद्ध गाउँपालिका निर्माण"

### ७.३.४ उद्देश्य

१. राजस्व प्रणाली सुदृढ र श्रोत परिचालनलाई योजनावद्ध र व्यवस्थित बनाउनु,

### ७.३.५ रणनीति

१. राजस्व सुधार कार्ययोजना तयार गरी राजस्वको दर तथा दायरा विस्तार गर्ने ।

२. राजस्व प्रशासनलाई सूचना प्रविधिमा आधारित र व्यवस्थित गरी आन्तरिक आय तथा बाह्य स्रोतको प्रभावकारी परिचालनमा जोड दिने,

३. स्रोत विस्तार तथा परिचालनका लागि निजी क्षेत्र, समुदाय, विकास साझेदार, प्रदेश र संघीय सरकारका निकायहरूसँग समन्वय, सहकार्य र साझेदारीको विकास गर्ने ।

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ७.७ मा प्रस्तुत गरिएको छ।

***तालिका ७.७ : राजस्व तथा स्रोत परिचालन उप-क्षेत्रको नतिजा सूचक तथा***

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| बार्षिक आन्तरिक आय रकम | हजारमा | ५१८८ | ५२०० | ५४६० | ५७३३ | ६०१९ |
| कुल वार्षिक बजेट | हजारमा | ३९०२०० | ५४२६२१ | ५६९७५२ | ५९८२४० | ६५९५५९ |
| कुल बेरुजु फछौंट | प्रतिशत | | | | | |

### ७.३.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा राजस्व तथा स्रोत परिचालन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ७.८ मा प्रस्तुत गरिएको छ :

***तालिका ७.८ : राजस्व तथा स्रोत परिचालन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान***

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय | आन्तरिक | नेपाल | प्रदेश | ऋण तथा |

| | | | | व्यवस्था | स्रोत | सरकार | सरकार | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| २०८२/०८३ | १००० | ७०० | ३०० | ०० | १०० | ६०० | २०० | |
| २०८३/०८४ | १००० | ८०० | २०० | ०० | १५० | ५५० | ३०० | |
| २०८४/०८५ | १००० | ६०० | ४०० | ०० | २०० | ६०० | २०० | |

### ७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपल्बधि सहितको राजस्व तथा स्रतो परिचालन उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ७.९ मा प्रस्तुत गरिएको छ ।

***तालिका ७.९: राजस्व तथा स्रोत परिचालन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | राजस्व सुदृढीकरण तथा परिचालन कार्यक्रम | राजस्व विस्तार र स्रोत परिचालनलाई सुदृढ गर्नु | सालबसाली | १०५० | आन्तरिक आय र राजस्वमा बार्षिक रुपमा १० % ले बृद्धि भएको हुनेछ |
| २. | राजस्व सुधार कार्ययोजना तर्जुमा तथा कार्यान्वयन | | सालबसाली | १००० | |
| ३. | राजस्व तथा कर शिक्षा सम्बन्धि जनचेतनामुलक कार्यक्रम | | सालबसाली | ५०० | |
| जम्मा | | | | ३००० | |

### ७.३.९ जोखिम तथा अनुमान

राजस्व सुधार कार्ययोजना तर्जुमा भइ राजस्वको दर तथा दायरा विस्तार भएको हुनेछ । स्रोत परिचालनमा अन्तर-सरकार साझेदारी र स्थानीय स्तरमा जनसहभागितामा वृद्धि भएको हुनेछ। उपरोक्त व्यवस्था नहुँदा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ।

## ७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

मार्मा गाउँपालिकामा तथ्याङ्क वस्तुगत विवरण (प्रोफाइल) २०८० तयार भएको छ भने हामी अद्यावधीकरणका क्रममा रहेको छ। गाउँपालिकाले आवधिक विकास योजना तर्जुमा भईरहेको छ। सडकको गुरु योजना तर्जुमा गर्न बाकी रहेको छ। गाउँ सभा र कार्यपालिकाबाट नीतिगत तथा कानूनी व्यवस्था अनुरूप समितिहरू गठन भई तत् विषयमा क्रियासिल रहेका छन्। ठूला आयोजनाको डिपिआर तयार भइ कार्यान्वयनको अभ्यास अगाडि बढेका छन्। बस्ती तहबाट सहभागितामूलक योजना तर्जुमाको अभ्यास रहेको छ। गाउँसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत् सार्वजनिक गर्ने अभ्यास भइरहेको छ।

### ७.४.२ समस्या तथा चूनौति

योजना अनुसारको पूर्ण परिपालनामा व्यावहारिक कठिनाइ रहेको छ। स्थानीय तहको योजनावद्ध विकाससंग सम्बन्धित आवधिक योजना र विषय क्षेत्रगत रणनीतिक योजनाका आधारमा, विस्तृत आयोजना प्रतिवेदन तयारी, आयोजना बैंक निर्माण र मध्यमकालीन खर्च संरचना तयारी गरी सोही आधारमा वार्षिक बजेट तथा योजना तर्जुमाको अभ्यासमा कमी रहेको छ। कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण र सोहीबमोजिम वार्षिक बजेट तथा कार्यक्रममार्फत कार्यान्वयनको अभ्यासमा कमी रहेको छ। गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक विकास योजना र गाउँपालिकाको विकासको अग्रणी क्षेत्रहरूको गुरुयोजना तर्जुमा हुन सकेको छैन ।

### ७.४.३ सोच

"योजना अनुशासनः विकास र समृद्धिको संवाहन"

### ७.४.४ उद्देश्य

१. सूचनामा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याइनको अभ्यासलाई सस्थागत गर्नु,

२. योजना कार्यान्वयनलाई सहभागितामूलक तथा नतिजामूलक बनाउनु,

### ७.४.५ रणनीति

१. वस्तुस्थिति विवरण तयारी र अद्यावधीकरणलाई व्यवस्थित गर्न स्थानीय सूचना व्यवस्थापन प्रणाली निर्माण गरी खण्डीकृत सूचना उपलब्ध गराउने ।

२. दीर्घकालीन सोच उन्मुख हुने गरी आवधिक विषय क्षेत्रगत अथवा रणनीतिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमावीच परिपुरकताको सम्बन्ध रहने गरी योजना तर्जुमाको अभ्यास गर्ने ।

३. सहभागीतामूलक र प्राथमिकीकरणका आधारमा आयोजना छनौट गरी स्रोतको सुनिश्चितता गर्ने ।

४. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने ।

५. विकास प्रक्रियामा अन्य तहको सरकार, निजी क्षेत्र, समुदायसँग समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने ।

### ७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ७.१० मा प्रस्तुत गरिएको छ।

***तालिका ७.१० : तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको नतिजा सूचक तथा***

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| तर्जुमा भएका दिर्घकालीन, मध्यमकालीन रणनीतिक तथा गुरुयोजनाहरू | संख्या | ४ | ५ | आवश्यकता अनुसार तर्जुमा गरीने छ । | | |
| गाउँपालिकामा क्रियासिल र साझेदार गैसस सहयोगी र नागरिक समाज संस्थान | संख्या | ३ | ३ | ३ | ४ | ५ |

### ७.४.७ बिषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं. ७.११ मा प्रस्तुत गरिएको छ :

*तालिका ७.११ : तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोत अनुमान*

| आर्थिक बर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ८०० | ६०० | २०० | ०० | १५० | ५०० | १५० | |
| २०८३/०८४ | १२०० | ८०० | ४०० | ०० | २०० | ८०० | २०० | |
| २०८४/०८५ | १५०० | १००० | ५०० | ०० | २५० | १००० | २५० | |

### ७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उदेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको संक्षिप्त विवरण तालिका नं. ७.१२ मा प्रस्तुत गरिएको छ ।

*तालिका ७.१२: तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उदेश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत (रू.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | तथ्याङ्क संकलन कार्यक्रम | गाउँपालिका भरिका सम्पूर्ण तथ्याङ्क एकीकृथ संकलन गर्नु | सालबारी | २५०० | गाउँपालिकाका योजना, नीति तथा र रणनीति तर्जुमा गर्दा सिघ्र तथ्याङ्क उपलब्ध हुनेछन । |
| २. | उपभोक्ता समितलाई अभिमुखीकरण | आयोजना कार्यान्वय सम्बन्धी उपभोक्ता समितिलाफ जानकारी दिनु | सालबारी | १००० | आयोजनमा गुणस्तर तथा बेरूजु घटेको हुनेछ । |
| जम्मा | | | | ३५०० | |

### ७.४.९ जोखिम तथा अनुमान

वस्तुस्थिति विवरण तयारी तथा योजना तर्जुमा कार्य समयमै सम्पन्न भएको हुनेछ । तीन वटै तहका सरकार, गैर सरकारी संस्था, समुदाय, सहकारी र निजी क्षेत्र बीचको समन्वय तथा सहकार्यमा विस्तार भएको हुनेछ । उपरोक्त व्यवस्था कायम हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहन्छ ।

## अनुसूची १: मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमासम्बन्धी मार्गदर्शन

**पृष्ठभूमि**

नेपालमा संघीय शासन व्यवस्थाको अभ्याससंगै स्थानीय सरकार संचालनका लागि संरचनागत एवम व्यवस्थापकीय क्षेत्रमा उपलब्धिमूलक कार्यहरू भएका छन्। जसबाट स्थानीय शासन सञ्चालन, सेवा प्रवाह र विकास उपलब्धी हासिल गर्ने गति तिव्र बनाउँदै जनअपेक्षालाई सम्बोधनका लागि अनुकूल वातावरण बन्दै

गएको छ। स्थानीय सरकारहरूले अन्तर सरकार, नीजि क्षेत्र, सहकारी र समुदाय तथा नागरिक बीचको समन्वय, साझेदारी र सहकार्यलाई प्रभावकारी बनाउँदै लगेका छन् ।

जनताको सबैभन्दा नजिकको सरकारका रूपमा स्थानीय सरकारले दिगो विकास लक्ष्य प्राप्तिलाई मध्यनजर गर्दै नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन वस्तुपरक ढंगले विकासको मार्गचित्र तयार गर्नु जरूरी देखिन्छ। संघीय संरचनामा आधारित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्थाअनुसार स्थानीय सरकारहरूले स्थानीय धरातलिय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहाना प्रतिविम्वित हुने गरी आफ्न प्रयासहरू अगाडी बढाउनु आवश्यक छ। यसका लागि स्थानीय सरकारले हालको राजनीतिक, सामाजिक, सांस्कृतिक तथा प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरूको पूर्ण सदुपयोग हुने गरी योजना तथा बजेट तर्जुमालाई योजनाबद्ध, व्यवस्थित र नतिजामूलक बनाउन आवश्यक छ। स्थानीय सरकारले विकास प्रक्रियालाई निदृष्ट गन्तव्यतर्फ उन्मुख गराइ अपेक्षित उपलब्धि हासिल गर्न सरोकारवाला पक्षसमेतको सहभागितामा सहभागितामूनक तथा समावेशी विकासको अवधारणा बमोजिम योजना तथा बजेट तर्जुमा प्रक्रिया अबलम्बन गर्न आवश्यक छ। दीर्घकालीन, आवधिक तथा विषयगत रणनीतिक गुरुयोजनाले दिशानिर्देश गरे बमोजिमको सोच, तथ्य, उद्देश्य र प्राथमिकताको आधारमा बार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्थानीय समस्याको सम्बोधन गर्ने, जनताको मनोभावना बुझ्ने र चाहाना सम्वोधन गर्ने गर्नुपर्दछ। योजनाले उपलब्ध हुन सक्ने सम्भाव्य श्रोत साधन परिचालन गरी अनुमानित र विनियोजन बजेटको विचमा रहने खाडलको पूर्तिलाई सुनिश्चित गर्न सक्नु पर्दछ ।

कानूनी रूपमा हेदां अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा ३ बमोजिम गाउँ कार्यपालिकाले प्रत्येक बर्षको असार १० गतेभित्र आगामी आर्थिक बर्षको राजस्व र व्ययको पूर्वानुमान सम्बन्धित स्थानीय सभामा पेश गर्नु पर्ने व्यवस्था गरेको छ। यसै गरी उपदफा (५) ले राजस्व र व्यवको पूर्वानुमान नेपाल सरकारले तोकेको मापदण्डअनुसार हुनुपर्ने व्यवस्था गरेको छ। तसर्थ नेपाल सरकारबाट स्वीकृत आय र व्ययका शिर्षकहरूको वर्गीकरण र एकीकृत आर्थिक सङ्केत तथा बर्गीकरण र व्याख्या, २०७४ अनुसार बजेट तर्जुमा गर्न अधिकतम प्रयास गर्ने समेत यस मार्गदर्शनको उद्देश्य रहेको छ । दिगो विकास लक्ष्य प्राप्तिलाई केन्द्र विन्दुमा राखी व्यवस्थित, प्रभावकारी र नतिजामूलक रूपमा मध्यमकातीत खर्च संरचना समेत आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा स्थानीय विषयगत समिति पदाधिकारी, विषयगत शाखा, वडा समिति र स्थानीय सरोकारवालाई उपलब्ध गराउन यो मार्गदर्शन तयार गरिएको छ । कार्यपालिकाबाट प्राप्त बजेट सीमा तथा प्राथमिकता निर्धारणको आधार तथा प्रक्रियाबमोजिम यस मार्गदर्शनअनुसार आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचना प्रस्ताव तयार गर्नुपर्नेछ ।

**कार्यक्रम तया उपलब्धिको संक्षिप्त समीक्षा**

मार्मा गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति, बजेट तथा कार्यक्रममा देखापरेको अस्वाभाविक मूल्यवृद्धिका वावजुद प्रदेश तथा सङ्घीय सरकार र विकास साझेदार निकायसँग समन्वय, साझेदारी र सहकार्य गरी लक्ष्यअनुसार कार्यान्वयन तर्फ उन्मुख रहेको छ।स्वीकृत भएका केही आयोजना तथा कार्यक्रमहरू सम्पन्न भएका छन् भने बाँकी सम्पन्न हुने अवस्थामा रहेका छन्।बजेट तथा कार्यक्रम

कार्यान्वयनको समय तालिका पालना, प्रक्रिया तया नतिक अनुगमन गरी कार्यतालिका र निर्धारित मापदण्ड र अपेक्षित नतिजा अनुसार कार्यान्वयनलाई व्यवस्थित गर्न कार्यनुभव, सीप तथा क्षमता र कार्यविधिको कमि महशुस गरिएको छ। आगामी बर्षको बजेट तथा कार्यक्रम अनुगमन योजना बनाई यसलाई व्यवस्थित गर्नु पर्ने तर्जुमा देखी नै कार्यान्वयन कार्ययोजना, खरिद योजना र सिकाई समेत भएको छ। चालु आर्थिक वर्षको प्रमुख आयोजना तथा कार्यक्रमको कार्यान्वयनको अवस्था र हालसम्मको उपलब्धी समेतलाई मध्यनजर गरी आगामी तीन आर्थिक वर्षका लागि यथासम्भव आयोजना र कार्यक्रमगत रूपमा नभएमा उप-क्षेत्रगत रूपमा मध्यमकालीन वर्ष संरचना तर्जुमा गर्नुपर्नेछ ।

**योजना तथा बजेट तर्जुमाका आधारहरू**

नेपालको संविधानले तिनै तहका सरकारले सरकारी कोषवाट वार्षिक बजेट अनुरूप बजेटको उपयोग गर्ने व्यवस्था गरेको छ। स्थानीय सरकारको सन्दर्भमा बजेट राजनीतिक, कानूनी र प्राविधिक विषय पनि हो । संडीय शासन व्यवस्था संचालन र उपरोक्त सन्दर्भमा बजेट तर्जुमाको अभ्यास अत्यन्त गहन र महत्वपूर्ण विषय हो। तसर्थ बजेट तर्जुमाको अभ्यासमा संलग्न गाउँपालिका निर्वाचित पदाधिकारी, बजेट तथा कार्यक्रम तर्जुमासँग सम्बन्धित समिति तथा विषयगत निकाय/ शाखाका कर्मचारी, संलग्न सरोकार पक्ष र व्यक्तिहरू बजेट तर्जुमाको नीतिगत र कानूनी व्यवस्थाको बारेमा जानकार हुन जरूरी छ। मध्यमकालीन खर्च संरचनामा समेत आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहायअनुसारका सान्दर्भिक नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिइनेछ

१. नेपालको संविधानका सान्दर्भिक धाराहरू (भाग ३ मौलिक हक र कर्तव्य, भाग ४ राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व, भाग ५: राज्यको संरचना र राज्यशक्तिको बांडफांड, भाग १७ धारा २१४ देखी २३०)

२. गाउँपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावली

३. प्राकृक्तिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद ४ प्राकृतिक श्रोतको परिचालन, राजस्व बाँडफाँट र अनुदान)

४. स्थानीय सरकार संचालन ऐन, २०७४ को सान्दर्भिक दफाहरू (परिच्छेद ६ दफा २४ र २५, परिच्छेद ९ दफा ५४ देखी ६८ र परिच्छेद १०: दफा ६९ देखी ८०)

५. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद २ राजस्वको अधिकार, परिच्छेद ३ राजस्वको बाँडफाँड, परिच्छेद ४: अनुदानको अवस्था, परिच्छे ५: वैदेशिक सहायता र आन्तरिक ऋण, परिच्छेद ६ सार्वजनिक खर्च व्यवस्था, परिच्छेद ७ राजस्व र व्ययको अनुमान, परिच्छेद ८ वित्तिय अनुशासन)

६. आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ का सान्दर्भिक दफा तथा नियमहरू (बजेट निर्माण, निकासा, खर्च, रकमान्तर र नियन्त्रण, बजेट र कार्यक्रम तर्जुमा, कार्यक्रम स्वीकृती र संशोधन, प्रगति समीक्षा)

७. सावर्जनक खरिद ऐन, २०६३ र नियमावलीका सान्दर्भिक दफाहरू (ऐनको परिच्छेद २ खरिद कार्यको जिम्मेवारी र खरिद विधीसम्बन्धी व्यवस्था, नियमको परिच्छेद २. खरिद कारवाहीको तयारी, खरिद योजना र लागत अनुमान।

८. दिगो विकास लक्ष्य (लक्ष्य १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १५, १६ तथा १७)

९. दीर्घकालीन सोच तथा सोह्रौं योजनाको सान्दर्भिक बुँदाहरू
१०. समपुरक तथा विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७६

## अनुसुची २ विषय क्षेत्रगत बजेट सीमा

बजेट वर्ष आ.व. २०८१/०८२ समेत आगामी ३ आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि आयोजना तथा उप-क्षेत्रगत रूपमा बजेट सीमा निर्धारण गरिएको छ। बजेट सीमा आयोजना तथा कार्यक्रम एवम् उप- क्षेत्रको कुन खर्च, चालु खर्च, पुँजीगत खर्च र वित्तिय व्यवस्था तथा सोको स्रोत समेत समावेश गरिएको गरिएको छ, जुन देहायअनुसार रहेको छ।

| क्र.सं. | शीर्षक | दिगो विकास | आ.व | विनियोजन | स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | | |
| १ | कृषि तथा खाद्य सुरक्षा | | पहिलो आ.व. | ६००० | ८०० | ३२०० | २००० | ० | ० |
| | | | दोस्रो आ.व. | ६६०० | १००० | ४००० | १६०० | ० | ० |
| | | | तेस्रो आ.व. | ७२०० | १२०० | ५००० | १००० | ० | ० |
| २ | सिचाँई | | पहिलो आ.व. | २७०० | २०० | १५०० | १००० | ० | ० |
| | | | दोस्रो आ.व. | ४३०० | ५०० | २००० | १८०० | ० | ० |
| | | | तेस्रो आ.व. | ५००० | ८०० | २२०० | २००० | ० | ० |
| ३ | पशु विकास | | पहिलो आ.व. | २००० | २०० | १२०० | ६०० | ० | ० |
| | | | दोस्रो आ.व. | २००० | २५० | १२५० | ५०० | ० | ० |
| | | | तेस्रो आ.व. | २१०० | ३०० | १३०० | ६०० | ० | ० |
| ४ | उद्योग तथा व्यापार | | पहिलो आ.व. | २५०० | २५० | १००० | ७०० | ० | ० |
| | | | दोस्रो आ.व. | २८०० | ३०० | १५०० | १००० | ० | ० |
| | | | तेस्रो आ.व. | २७५० | ४०० | १३०० | १०५० | ० | ० |
| ५ | पर्यटन संस्कृति | | पहिलो आ.व. | ४५०० | ३५० | २२५० | १९०० | ० | ० |
| | | | दोस्रो आ.व. | ६००० | ४५० | ३५०० | २१५० | ० | ० |
| | | | तेस्रो आ.व. | ९००० | ६०० | ६००० | २४०० | ० | ० |
| ६ | भुमी व्यवस्था ,सहकारी | | पहिलोआ.व. | १५०० | ०० | १००० | ५०० | ० | ० |

| क्र.सं. | शीर्षक | दिगो विकास | आ.व | विनियोजन | स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | ऋण | जनसहभागिता |
| | तथा वित्तीय व्यवस्था | | दोस्रो आ.व. | १८०० | ३०० | ९०० | ६०० | ० | ० |
| | | | तेस्रो आ.व. | १२०० | ४०० | ५०० | ३०० | ० | ० |
| ७ | श्रम तथा रोजगारी | | पहिलो आ.व. | ५००० | ३०० | २८०० | १९०० | ० | ० |
| | | | दोस्रो आ.व. | ६००० | ५०० | ३००० | २५०० | ० | ० |
| | | | तेस्रो आ.व. | ७००० | ६०० | ३४०० | ३००० | ० | ० |
| ८ | गरीबी निवारण | | पहिलो आ.व. | १००० | १०० | ६०० | ३०० | ० | ० |
| | | | दोस्रो आ.व. | १२०० | २५० | ६५० | ३०० | ० | ० |
| | | | तेस्रो आ.व. | २३०० | ४०० | १००० | ९०० | ० | ० |
| ९ | शिक्षा विज्ञान तथा प्रविधि | | पहिलो आ.व. | ८५०० | ५०० | ५००० | ३०० | ० | ० |
| | | | दोस्रो आ.व. | ९५०० | ८०० | ४९०० | ३८०० | ० | ० |
| | | | तेस्रो आ.व. | ८८०० | ५०० | ५२०० | ३१०० | ० | ० |
| १० | स्वास्थ्य तथा पोषण | | पहिलो आ.व. | ५००० | ३०० | २७०० | २००० | ० | ० |
| | | | दोस्रो आ.व. | ५५०० | ५०० | ३५०० | १५०० | ० | ० |
| | | | तेस्रो आ.व. | ६५०० | ६०० | ३००० | २९०० | ० | ० |
| ११ | खानेपानी सरसफाई | | पहिलो आ.व. | १४१०० | १००० | ९००० | ४१०० | ० | ० |
| | | | दोस्रो आ.व. | १८००० | १२०० | १२००० | ४८०० | ० | ० |
| | | | तेस्रो आ.व. | २२००० | १५०० | १६००० | ४५०० | ० | ० |
| १२ | महिला बालबालिका तथा लक्षित वर्ग | | पहिलो आ.व. | २५०० | १०० | १५०० | ९०० | ० | ० |
| | | | दोस्रो आ.व. | ३००० | २०० | १८०० | १००० | ० | ० |
| | | | तेस्रो आ.व. | ३३०० | ३०० | २००० | १००० | ० | ० |
| १३ | युवा तथा खेलकुद | | पहिलो आ.व. | ४००० | २०० | २८०० | १००० | ० | ० |
| | | | दोस्रो आ.व. | ४५०० | ३०० | ३२०० | १००० | ० | ० |

| क्र.सं. | शीर्षक | दिगो विकास | आ.व | विनियोजन | स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | ऋण | जनसहभागिता |
| | | | तेस्रो आ.व. | ६००० | ५०० | ४००० | १५०० | ० | ० |
| १४ | भवन आवास तथा वस्ती विकास | | पहिलो आ.व. | ३००० | २०० | २००० | ८०० | ० | ० |
| | | | दोस्रो आ.व. | ४००० | ४०० | २६०० | १००० | ० | ० |
| | | | तेस्रो आ.व. | ४००० | ६०० | २८०० | ६०० | ० | ० |
| १५ | सामाजिक सुरक्षा तथा पञ्जिकरण | | पहिलो आ.व. | २५०० | ३०० | १८०० | ४०० | ० | ० |
| | | | दोस्रो आ.व. | ३००० | ३०० | २००० | ७०० | ० | ० |
| | | | तेस्रो आ.व. | ३५०० | ३०० | २५०० | ७०० | ० | ० |
| १६ | सडक पुल तथा यातायात | | पहिलो आ.व. | १०००० | ५०० | ६००० | ३५०० | ० | ० |
| | | | दोस्रो आ.व. | १२००० | ६०० | ५९०० | ४५०० | ० | ० |
| | | | तेस्रो आ.व. | १२००० | ६०० | ४९०० | ५५०० | ० | ० |
| १७ | जलस्रोत विद्युत्त र स्वच्छ उर्जा | | पहिलो आ.व. | ३००० | १०० | २५०० | ४०० | ० | ० |
| | | | दोस्रो आ.व. | ४००० | २०० | २६०० | ७०० | ० | ० |
| | | | तेस्रो आ.व. | ४५०० | ३०० | २८०० | ८०० | ० | ० |
| १८ | सुचना संचार र प्रविधि | | पहिलो आ.व. | २५०० | ०० | २००० | ५०० | ० | ० |
| | | | दोस्रो आ.व. | ४००० | २०० | २८०० | १००० | ० | ० |
| | | | तेस्रो आ.व. | ५५०० | ३०० | ३२०० | २००० | ० | ० |
| १९ | वन हरियालि भुसंरक्षण तथा जैविक विवधता | | पहिलो आ.व. | २००० | १०० | १२०० | ७०० | ० | ० |
| | | | दोस्रो आ.व. | ३००० | ३०० | १७०० | १००० | ० | ० |
| | | | तेस्रो आ.व. | ५००० | ५०० | ३३०० | १२०० | ० | ० |
| २० | वातावरण तथा फोहरमैला व्यवस्थापन | | पहिलो आ.व. | २५०० | १०० | १७०० | ७०० | ० | ० |
| | | | दोस्रो आ.व. | ३००० | १५० | २००० | ८५० | ० | ० |
| | | | तेस्रो आ.व. | ३००० | २०० | २४०० | ४०० | ० | ० |

| क्र.सं. | शीर्षक | दिगो विकास | आ.व | विनियोजन | स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | ऋण | जनसहभागिता |
| २१ | तथ्यांक प्रणाली | | पहिलो आ.व. | ८०० | १५० | ५०० | १५० | ० | ० |
| | | | दोस्रो आ.व. | १२०० | २०० | ८०० | २०० | ० | ० |
| | | | तेस्रो आ.व. | १५०० | २५० | १००० | २५० | ० | ० |
| २२ | राजस्व तथा स्रोत परिचालन | | पहिलो आ.व. | १००० | १०० | ६०० | २०० | ० | ० |
| | | | दोस्रो आ.व. | १००० | १५० | ५५० | ३०० | ० | ० |
| | | | तेस्रो आ.व. | १००० | २०० | ६०० | २०० | ० | ० |
| २३ | मानव संसाधन तथा क्षमता विकास | | पहिलो आ.व. | २०० | २०० | ०० | ०० | | ० |
| | | | दोस्रो आ.व. | २०० | २०० | ०० | ०० | | ० |
| | | | तेस्रो आ.व. | १०० | १०० | ०० | ०० | ० | ० |
| २४ | नीति कानुन तथा सुशासन | | पहिलो आ.व. | ३००० | ०० | २५०० | ५०० | ० | ० |
| | | | दोस्रो आ.व. | ३००० | ०० | २२०० | ८०० | ० | ० |
| | | | तेस्रो आ.व. | ३००० | ७०० | १४०० | ९०० | ० | ० |
| २५ | विपद् व्यवस्थापन | | पहिलो आ.व. | १००० | ०० | ६०० | ४०० | ० | ० |
| | | | दोस्रो आ.व. | १५०० | २०० | ७०० | ६०० | ० | ० |
| | | | तेस्रो आ.व. | २००० | ३०० | १०० | ७०० | ० | ० |
| **कुल जम्मा** | | | | | | | | ० | ० |